# १ पहिलो परिच्छेद

## १. शोध परिचय

### १.१. शोध शीर्षक:-

प्रस्तुत शोधकार्यको शीर्षक 'इलाम जिल्लामा प्रचलित लिम्बु लोकनाच धाननाच (यालाङ) को परिचय र विश्लेषण' रहेको छ ।

### १.२. शोधकार्यको प्रयोजन:-

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको एम.ए. दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३. विषय परिचय:-

हाम्रो देश नेपाल बहुराष्ट्रियताले भरिपूर्ण धर्मनिरपेक्ष देश हो । नेपाल बहुभाषीक, बहुजातीय तथा बहुसाँस्कृतीक देश हो । पूर्व मेचि देखि पश्चिम महाकालिसम्म विभिन्न जातिहरुको बसोबास रहेको छ । यसरी यी जातीहरु बिचमा पनि फरक फरक संस्कृतिहरु प्रचलित छन् । संस्कृतिकै रुपमा जातिअनुसारका विभिन्न लोकनाचहरु पनि प्रचलित छन् । विभिन्न लोकनाचहरु मध्ये पूर्वि नेपालको पहाडी क्षेत्र जहाँ लिम्बू जातिको बसोबास रहेको छ, त्यहाँ लिम्बू समूदायमा प्रचलित नाचहरुमा धाननाच (यालाङ) पनि पर्दछ । विभिन्न संस्कार, पर्व, उत्सव तथा अवसरहरुमा नाचिने धाननाच (यालाङ) मा गीतका रुपमा मुन्धुम जोडेर सृष्टिकथा देखि अहिले सम्मको कथाहरु लयात्म रुपमा स्वर तानेर गाउँदै नाचिन्छ । धाननाचमा साइनो सम्बन्ध नलाग्ने युगलजोडी पालाम साथमा लयात्मक सुरमा गाउँदै नाच्छन् भने यो नाचको लागि वाद्यवादकको आवश्यकता पर्दैन दोहोरीका रुपमा गाउँदै नाचिने धाननाचमा सृष्टि कथाका बावजुद मायाप्रीतीका जवाफहरु पनि पालामको रुपमा अभिव्यक्त गरिन्छ । यसरी इलाम जिल्लामा प्रचलनमा रहेको धाननाचको अध्ययन नै प्रस्तुत शोधको विषय हो ।

## १.४. शोध समस्याः-

१ नेपाल लोकसाहित्यमा धनी मानिन्छ । यहाँ प्रत्येक जातिका आ-आफ्नै संस्कृतिहरु छन् । जुन लोकसाहित्यको विभिन्न विधा बनेर बाँचिरहेका छन् । यस्तै एउटा बाचिरहेको विधा ‘लोकनाच’ पनि हो । यसरी इलाम जिल्ला पनि लोकसाहित्यमा धनी जिल्ला भएको र विभिन्न लोकनाचहरु प्रचलनमा रहेकोले यहाँ इलामजिल्ला प्रचलनमा रहेको लिम्बु लोकनाच धाननाच (यालाङ) को बारेमा अध्ययन तथा विश्लेषण गर्नुपर्ने भएकाले यस विषयमा आउने निम्न समस्याहरु प्रस्तुत शोधकार्यको समस्याको रुपमा रहेको छ ।

१. इलाम जिल्लामा प्रचलित लोकनाच धाननाचको परिचय भएको छैन ।

२. इलाम जिल्लामा के कति प्रकारका धाननाच नाचिन्छ ?

३. इलाम जिल्लामा प्रचलित धाननाचको संकलन गरी जिज्ञासुहरुका निम्ति पुस्तककार रुपमा प्रकाशित नभएको ।

४. इलाम जिल्लामा धाननाच लोपोन्मुख अवस्थामा पुग्नु ।

## १.५. शोधकार्यको उद्देश्यः-

इलाममा प्रचलित धाननाच (यालाङ) को अध्ययनको केन्द्रमा रही निम्न उद्देश्यहरु यस शोधमा रहेको छ ।

१. लोकनाच धाननाचको परिचय दिनु ।

२. इलाम जिल्लामा प्रचलित धाननाचका प्रकारहरु प्रस्तुत गर्नु ।

३. इलाम जिल्लामा प्रचलित धाननाचको संकलन गरी पुस्तकको रुपमा प्रकाशित गर्नु ।

४. लोपोन्मुख अवस्थामा पुगेको धाननाचको संरक्षणमा सघाऊ पुऱ्याउनु ।

## १.६. पूर्वकार्यको विवरण र समीक्षाः-

इलाम जिल्लामा प्रचलित लोकनाच धाननाच (यालाङ) र को बारेमा छुट्टै अध्ययन अनुसन्धान अहिलेसम्म नभएको मात्र होइन बरु थोरै विद्वान अनुसन्धाताबाहेक अन्य कोहीले पनि धाननाचलाई लोकसाहित्यको कुनै विधाअन्तर्गत राखेर हेरेको पाइँदैन । तापनि नेपाली

भाषा तथा लोकसाहित्यका अन्य क्षेत्रमा भएका कार्यहरुको लेखेर समेत उल्लेख गरी निम्नानुसार प्रस्तुत गरिन्छ ।

१. लोक साहित्यका बारेमा विशेष दखखल राख्ने विद्वान प्रा. डा. चुडामणि बन्धुले आफ्नो पुस्तक (नेपाली लोकसाहित्य प्र. संस्करण २०५८) मा लोकसाहित्य अन्तर्गतका विधाहरुको विशेष चर्चा गरेपनि धानाचको चर्चा त के नाम समेत उल्लेख गरेका छैनन् ।

२. (लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निवन्ध संस्करण २०५०) मा इश्वरीप्रसाद गैरेले लोकसाहित्य र यसका विधाहरु अन्तर्गत विभिन्न लोकगीत, लोकगाथा, लोकनाटकहरुको चर्चा गरे तापनि लोकनाचका बारेमा मौन नै रहेकाछन् । अझ धाननाचको बारेमा कुनै अध्ययन विश्लेषण गरिएको छैन ।

३. 'नेपाली लोकसाहित्य पूर्व आधुनिक साहित्य तथा आधुनिक नेपाली निवन्ध' मा कृष्णविलास पौड्यालले लोकसाहित्यको कुनैपनि विधामा धाननाचको उल्लेख गरेका छैनन् । इलाम जिल्लाभित्र प्रचलित धाननाच त झन अछुतो नै रहेको छ ।

यसरी हेर्दा लोकसाहित्यको विधाको रुपमा लोकनाचलाई कहीँ पनि उल्लेख नगरीएको कारण वा अनुसन्धान नभएको कारण सर्वप्रथम लोकसाहित्यमा लोकनाचको अवस्थितिलाई स्थापित गरी लोकनाच धाननाचको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७. शोधकार्यको औचित्य र महत्वः-

इलाम जिल्लामा प्रचलित लिम्बू लोकनाच धाननाचको विस्तृत रुपमा अध्ययन र अनुसन्धान नभएकोले प्रस्तुत सोधकार्यले लोपोन्मुख अवस्थामा पुगेको धाननाचको अध्ययन र अनुसन्धान गरेको छ । यस्तै धाननाच प्रति इच्छुक पाठकहरुको निम्ति पुस्तकाकार रुपमा धाननाच सम्बन्धि शोधपत्र उपलब्ध भएको र लोपोन्मुख अवस्थामा पुगेको लोकनाच धाननाचको संरक्षणमा सघाऊ पुऱ्उने कार्यमा यस अध्ययनको विशेष महत्व छ

## १.८. प्राक्कल्पनाः-

धाननाच (यालाङ) लिम्बु समुदायको एक अभिन्न साँस्कृतिक अङ्ग हो । जसमा लिम्बू लोक जीवनका सुख दुःख हर्ष-विष्मात, आँशु-हाँसोको अभिव्यक्ति हुन्छ र यो लोकसाहित्यको

एक अङ्गका रुपमा रहेको गीतिप्रधान लोक नाच हो ।

## १. ९. शोधकार्यको सिमाङ्कन:-

### क) भौगोलिक सीमा:-

### क) भौगोलिक सीमा:-

प्राकृतिक रुपमा जति सुन्दर छ इलाम लोकसाहित्यका दृष्टिमा पनि उत्तिकै धनी जिल्लाका रुपमा रहेको छ इलाम । यस जिल्लाको भौगोलिक अवस्थितिलाई हेर्दा पूर्वमा भारतको पश्चिम वंलाग अन्तर्गतको दार्जिलिङ्ग, पश्चिम र उत्तर तर्फ पाँचथर जिल्ला तथा दक्षिण तर्फ झापा जिल्लासँग सिमाना पोडिएको पाइन्छ । लिम्बु लोकसंस्कृतिको अभिन्न अंगका रुपमा रहेको धाननाच (यालाङ) को अध्ययन इलाम जिल्लाको यही राजनैतिक मानचित्रको भौगोलिक सिमाभित्र रहेर गरिएको छ ।

### ख) विषयगत सीमा:-

जसरी इलाम जिल्ला लोकसाहित्य र लोकसंस्कृतिका रुपमा धनी मानिन्छ, त्यसैगरी इलाम जिल्लामा बसोबास गर्ने लिम्बु जातिहरु पनि लोकसाहित्यर लोकसंस्कृतिमा धनी जातिका रुपमा चिनिन्छन् । यसरी इलाम जिल्लामा प्रचलित लिम्ब लोकनाच धाननाच ( यालाङ)को परिचय र विश्लेषण गर्नु नै प्रस्तुत शोध कार्यको विषयगत सीमा रहेको छ ।

## १.१०. सामग्री संकलन विधि:-

प्रस्तुत शोत्रपत्र तयार पार्दा निम्नानुसार शोधविधि उपयोग गरिनेछ ।

- पुस्तकालयको प्रयोग
- जानकारसँगको भेटघाट र छलफल
- प्रश्नावली
- पुस्तक तथा पत्रपत्रिकाहरुको अध्ययन
- क्षेत्रीय अनुसन्धन
- इन्टरनेट प्रविधि

## १.११. शोधपत्रको रुपरेखा:-

**१. पहिलो परिच्छेदः** शोधको परिचय

**२. दोस्रो परिच्छेदः** लोकसाहित्यको परिचय

**३. तेस्रो परिच्छेदः** लिम्बु जातिको परिचय, इतिहास र संस्कृतिको संक्षिप्त चिनारी

**४. चौथो परिच्छेदः** इलाम जिल्लामा प्रचलित लिम्बु लोकनाच धाननाच (यालाङ) को परिचय र विश्लेषण

**५.पाँचौं परिच्छेदः** उपसंहार एवं निष्कर्ष

# दोस्रो परिच्छेद

## लोक साहित्यको परिचयः-

आदिमकाल देखि लोक मानसले भन्दै र सुन्दै आएको सरल, सरस साहित्यिक अभिव्यक्ति नै लोकसाहित्य हो । लोकसाहित्यमा लोक जीवनका उकाली-ओराली, आरोह-अवरोह, हर्ष- विस्मात्, आशा-निराशा तथा सुःख-दुःखहरु साहित्यिक मधुरताका साथ अभिव्यक्त हुन्छन् ।

लोकसाहित्य दुई शब्द 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ हो लोकको साहित्य । यहाँ दुई शब्द छन् । 'लोक' र 'साहित्य' । लालित्य युक्त तथा भावपूर्ण भाषिक कलाको रुपमा साहित्यलाई परिभाषित गरिएको छ । संस्कृत वाग्मयमा खास गरी लोकसाहित्यको प्रयोग दुई अर्थमा भएको पाइन्छ ।

१. स्थानका रुपमा २. सामान्य जनताका रुपमा

स्थानवाचक शब्दका रुपमा स्वर्गलोक र मर्त्यलोक जस्ता शब्द प्रचलित छन् । भने सामान्य जनताका रुपमा 'जन' शब्दको पनि केही नेपाली र भारतीय विद्वानहरुले उल्लेख गरेका छन् । [१] तर 'जन' शब्दको प्रयोग संस्कृत भाषामा सर्वसाधारण जनताका लागि भएपनि अचेल औद्योगिक समाजको श्रमिक वर्गका रुपमा बढी मात्रामा प्रयोग भएकाले जनसाहित्यले जनवादी साहित्य भन्ने अर्थ दिएको पाइन्छ । यसै कारण 'जन' भन्दा 'लोक' शब्द नै लोकसाहित्यका लागि उपयुक्त छ र लोक शब्द कै प्रयोग बढी मात्रामा भएको पाइन्छ ।[२]

नेपाली शब्दमा भनिएको 'लोकसाहित्य' को अंग्रेजी समनार्थी शब्द Folklore ( फोकलोर) हो । एङ्लो सेक्सन भाषाको फोक (Folk) बाट उत्पत्ति भएको फोक (Folk) ले पनि सामान्य अशिक्षित तथा ग्रामीण जनतालाई बुझाउँछ । त्यसकारण संस्कृत भाषाको

---

१. चुडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं.२०५८, पृ.सं.१३

२. चुडामणी बन्धु, ऐजन, ऐजन, ऐजन

'लोक' र अंग्रेजी भाषाको 'फोक' ले एउटै अर्थ दिए पनि अंग्रेजी भाषाको लोर (Lore) ले भने ज्ञान भन्ने अर्थ दिन्छ । त्यसकारण अंग्रेजी भाषाको (Folk lore) फोकलोर शब्दले अशिक्षित जातिको ज्ञान भन्ने अर्थ लाग्छ । लोकसाहित्य शब्द अंग्रेजी भाषाको Folk lore का लागि प्रचलित शब्द हो । तर 'फोकलोर' ले 'लोकसाहित्य' लाई मात्र समेट्दैन यसले त लोकगीत, लोककथा, लोकनाटक, लोककाव्य, उखान तुक्काका साथै लोकव्यवहार, लोकरीति, लोकधर्म, लोककला आदि विषयहरुलाई समेत समेट्छ । [१] त्यसकारण 'फोकलोर' शब्दको समानार्थी नेपाली शब्द 'लोकवाता' हो भने नेपाली भाषाको 'लोकसाहित्य' शब्दको समानार्थी शब्द 'फोकलिटेरेचर' (Folk literature) हो ।[२] यस विचारमा हामी सहमत हुन सक्छौं । किनकी नेपाली लोकसाहित्यमा हामी लोकव्यवहार, लोकरीति आदिको अध्ययन नगरी केवल लोकसाहित्यका विधा भनिएका लोकगीत, लोककथा, लोकनाटक, लोककाव्य तथा उखान तुक्का आदिको मात्र अध्ययन-अध्यापन गरिरहेका छौं । तर लोक साहित्यलाई लोकवार्ता भनिदिंदा पनि केही फरक पर्दैन । किनकी मानव जीवनमा परापूर्व कालदेखि परम्परित रहिआएका संस्कार संस्कृतिहरु नै लोकप्रियता हासिल गरी लोकसाहित्यको विभिन्न विधाहरुमा समाहित भएका हुन् भन्न सकिन्छ ।

यसरी लोकसाहित्यको नामाकरण सम्बन्भि विभिन्न निर्क्यौलहरु भएपनि लोकसाहित्य मौखिक रुपमा एक पुस्ताबाट अर्को पुस्तासम्म सहज रुपमा सर्दै जाने साहित्य हो । जुन अभिजाव्य संस्कार, शास्त्रीयता र पाण्डित्यका चेतनाले रहित भई परम्पराको प्रवाहमा जीवित रहन्छ । [३] समग्रमा भन्दा मानव सभ्यताको इतिहासमा लेख्य परम्परा र वैज्ञानिक समाजको प्रारम्भ हुनुपूर्व र आजको जस्तो मनोरञ्जनका यान्त्रिक साधनहरुको विकास पहिले मानिसहरु विच मौखिक रुपमा भन्ने र सुन्ने परम्परामा बसिवियालोका निम्ति गीत, गाथा,

---

१. चुडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं.२०५८, पृ.सं.१३

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. १३

३. चुडामणी बन्धु, ऐजन, ऐजन, ऐजन

कथा, कविता आदि सुन्ने सुनाउने प्रचलन रहिआएको देखिन्छ । यही मौखिक परम्परामा भन्ने र सुन्ने गरेका गीत, गाथा, कथा, कविता आदिको समष्टि रुपलाई नै लोकसाहित्य भनिन्छ ।

लोकसाहित्यको आफ्नै चिनारी वा पहिचान भएपनि लोकसाहित्य के हो? भन्ने प्रति केह विद्वानहरुले आफ्नो विचार पोखेका छन् । यसैबाट लोकसाहित यको बारेमा आफ्नो मत प्रकट गर्दै लोक साहित्यलाई चिनाएका पनि छन् । यसरी आफ्नो मत प्रकट गर्ने केही विद्वानहरुको विचार उल्लेख गर्नु सान्दर्भिक ठहर्छ ।

कृष्णदेव उपाध्याय लोकसाहित्यलाई चिनाउने क्रममा यस्तो विचार प्रकट गर्छन् "सभ्यताको प्रभावबाट टाढा रहने, आफ्ना सहजावस्थामा वर्तमान जो निरक्षर जनता हो, उसका आशा- निराशा, हर्ष-विस्मात्, जीवन-मरण, लाभ-फ्ना सहजावस्थामा वर्तमान जो निरक्षर जनता हो, उसका आशा- निराशा, हर्ष-विस्मात्, जीवन-मरण, लाभ-हानी र सुःख-दुःखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ । त्यसैलाई लोकसाहित्य भनिन्छ ।[१] त्यस्तै अर्का विद्वान घनश्याम नेपाल लोकसाहित्यलाई चिनाउन यस्तो विचार राख्छन् "लोकमानसबाट एउटा युगदेखि अर्को युग, एउटा पिँढीदेखि अर्को पिढी, एक पुस्तादेखि अर्को पुस्ता हुँदै आउने वाङ्मयको एउटा रुप लोकसाहित्य हो ।" यसै क्रममा अर्का विद्वान योगी नरहरिनाथ लोकसाहित्य के हो भन्ने सम्बन्धमा लेख्छन् "लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ ।" लोकसाहित्यका अर्का विद्वान तुलसी दिवस आफ्नो विचार यसरी पोख्छन् "सही अर्थमा लोकसाहित्य लोकजीवन तथा संस्कृतिको प्रतिबिम्ब मात्र नभएर संवाहक पनि हो ।"

यसरी हेर्दा विद्वानहरुका मत-अभिमतहरुलाई हेर्दा पनि लोकसाहित्य आदिम लोकका जीवनका अनुभव -अनुभूतिहरुको अभिव्यक्ति हो । जुन एक पुस्ताबाट अर्को पुस्ता मौखिक र श्रवणिक रुपमा हस्तान्तरित हुँदै जान्छ र लोक साहित्य लोकको मनोरञ्जन र बसिविँयालोको साधन पनि हो भन्दा अत्युक्ति नहोला ।

---

१. चुडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. १३

## २.१. लोकसाहित्य र ललितसाहित्य बिचको सम्बन्धः-

साहित्यकै रुपमा हेरिएको लोकसाहित्य र नवनिर्मित ललित साहित्यका बीच समानता भनिएकै कारणले यी दुवैका बीचको साम्य देखाउन सकिन्छ ।[१] भने थपिएका विशेषणको आधारमा यी दुवैका बीच वैषम्य पनि देखाउन सकिन्छ । यसरी यी दुवैका बीचको साम्य र वैषम्यका बीचमा नै यिनीहरुको सम्बन्ध स्थापित भएकोले यसै विषयमा लाग्नु पनि उचित हुन्छ । लोकसाहित्य भनिएकाले दुवैमा केही समानता रहन्छ । तर लोकसाहित्य र ललितसाहित्य बीचमा धेरै भिन्नताहरु पनि रहेको पाउन सकिन्छ । लोकसाहित्य मौखिक रुपमा नै व्यक्र हुने र तत्कालै सुनेर ज्ञान र अनुभव गरिने हुँदा यसमा ललित साहित्यको तुलनामा सरलताको मात्रा बढी हुन्छ । लोकसाहित्यमा पनि शब्द प्रयोग र आलङ्कारीक अभिव्यक्ति पाइन्छ । तापनि ललात साहित्य (लिखित साहित्य) जस्तो हरुह र दुर्वोध्यताको मात्रा लोकसाहित्यमा पाँइदैन । लोकसाहित्य लोकजीवनमा प्रचलित पद, पदावली तथा वाक्यहरुको सरल र स्वाभाविक अभिव्यञ्जना हो । लोकसाहित्य सबै स्थितिमा परम्परागत साहित्यका रुपमा देखिन्छ । किनकी परम्परामा व्यवहृत भएका कतियप संस्कार संस्कृतिहरुले मौखिक रुपमा संवाहित भई लोकसाहित्यको रुप लिइन्छ । तर ललित साहित्यलाई परम्परागत साहित्य भनिदैन यो नयाँ रचिएको र नवनिर्मित हुन्छ । र यसमा व्यक्तिले चाहे अनुसारका नवनिर्माण हुन्छ । तर लोक साहित्यमा परम्पराको निर्वाह नै बढी हुन्छ । लोकसाहित्य मौखिक परम्परामा अनुजीवित रहने भएका कारण लोकसाहित्यको कुनै पनि पाठको अन्तिम रुप हुँदैन । प्रत्येक अभिव्यक्ति वा सम्पादनमा यो भिन्न देखिन सक्छ वा परिवर्तनशील हुन सक्छ । तर लिखित साहित्य एकपटक लेखेर प्रकाशित भएपछि त्यसमा परिवर्तन हुँदैन । जस्ताको त्यस्तै रहन्छ ।

कुनैपनि रचनाको रचयिता अवश्य हुन्छ । वा भनौं कुनै पनि निर्माणको निर्माता हुन्छ । तर ललित साहित्य कुनैखास स्रष्टाद्धारा सिर्जिएको हुन्छ र स्रष्टाको नाम समेत ज्ञात हुन्छ । लोकसाहित्य कसैले सिर्जेको हो, यो मान्न सकिन्छ तर लोकसाहित्यको श्रव्य को हो भन्ने

---

१. चुडामणी बन्धु, नेपाली लोकसाहित्य प्र.सं. २०५८, पृ.सं. १३

कुरा थाहा हुँदैन । लोकसाहित्यको रचयिता अज्ञात रहन्छ । लोकसाहित्यमा लोक देखिन्छ , समुदाय देखिन्छ तर व्यक्ति ललित साहित्यमा व्यक्ति प्रकट हुन्छ वा रचनाकारको व्यक्तित्व मुख्य रहन्छ । वैयक्तिक अचेतन प्रकटित हुन्छ । साहित्यले समाजको चित्र प्रस्तुत गर्छ । लोकसाहित्यले जातीय जीवन, समष्टि भावना र सामुहिकता प्रस्तुत गर्छ भने ललित साहित्यले व्यक्तिका निजी भावना, विचार र व्यक्तिगतताको प्रस्तुत गर्छ । त्यस्तै लोकसाहित्यले सामान्य धरातल वा परिवेशलाई अभिव्यक्त गर्छ भने ललित साहित्य (लिखित साहित्य) ले विशिष्छ परिवेशलाई देखाउँछ । लोकसाहित्य अपठित वा अल्पपठितहरुले पनि बुझ्न र जानन सक्ने साहित्य भएकाले यो गाइन्छ र कथिन्छ । तर ललित साहित्य वा लिखित साहित्य पठितहरुको साहित्य हो र यो पढिन्छ ।

यस क्रममा हेर्दा लोकसाहित्यलाई जति लेख्य रुपमा लगेरअध्ययन गरेपनि यो लेख्य परम्परामा जान सक्दैन । यो सामान्य जनजिब्रोमा भनिदै र सुनिदै आएको एउटा छुट्टै मौखिक र श्रुतिमूलक साहित्य भएकोले यसको आफ्नै परम्परा र प्रकृति छ ।

## २.२. लोकसाहित्यको विशेषता

कुनैपनि वस्तुको आफ्नो छुट्टै विशेषताहरु हुन्छन् । जसको अन्य सँगको तुलनामा आफ्नो बेग्लै अस्तित्व कायम गरेको हुन्छ । लोक साहित्यको पनि आफ्नो अलग्गै विशेषताहरु छन् , जसले लोकसाहित्यलाई साहित्य भईकन पनि अन्य साहित्यहरु भन्दा अलग पहिचान दिएको छ । लोकसाहित्य लोकको साहित्य हो । यो व्यक्ति होइन । यो समुदायमा रचिन्छ र समुदायमा जीवित रहन्छ । त्यसकारण यसमा सामुदायिकता रहन्छ । जुन लोक साहित्यको महत्वपूर्ण विशेषता नै हो । त्यस्तै लोकसाहित्य छोटोसमयको प्रवाह होइन । यो एक युगदेखि अर्को युगसम्म फैलिएको या भनौं पुस्तैं पुस्ता प्रवाहित भई आएको हुन्छ । यसकारण पारम्परिकता पनि लोकसाहित्यको एक विशेषता बनेर आएको छ । किनकी यो समुदायमा शताब्दीऔं देखि चलिआएको साहित्य हो । र यसले आफ्नै परम्पराको निर्माण गरेको हुन्छ । लोकसाहित्य एउटा कानबाट अर्को कानमा र एक मुखदेखि अर्को मुख हुँदै प्रवाहित हुने हुँदा लोकसाहित्य मुख परम्परामा मौलाएको हुन्छ । एकले भन्ने र अर्कोले सुन्ने परम्पराकै कारण मौखिकता पनि यसको विशेषता भएर आएको छ । मौखिक परम्परामा जीवित रहने साहित्य

भएका कारण  र लिखित रुपमा उल्लेख नहुने भएका कारण साथै मानिसले सहज रुपमा श्रवण गरेर ज्ञात गर्ने भएका कारण लोकसाहित्यले सरलता र सहजता जस्ता विशेषताहरु पनि बोकेर आएको हुन्छ । लोक साहित्य सदिऔं देखि समुदायमा प्रचलित हुने भएका कारण सामुदायिकता यसको विशेषता हुँदै हो । यसका साथै लोकसाहित्यको रचना कसले गऱ्यो भन्ने पनि थाहा हुन्न । कुनै व्यक्ति विशेषले रचना गरे तापनि सामुहिकताका कारण लोकसाहित्यको रचनाकार अज्ञात नै हुन्छ । रचनाकार अज्ञात हुनु लोकसाहित्यको एक विशिष्ट विशेषता हो । लोकसाहित्य अलिखित रुपमा मानिसका जन-जिव्रोमा टाँसिएर श्रवणिक रुपमा निरन्तर प्रवाहित भइरहने कारणले यसमा अघिल्लो रुप पछिको अवस्थामा जस्ताको त्यस्तै नरहन  सक्छ । त्यसकारण यसले परिवर्तनशीलतालाई अंगाल्दछ । र सधैं गतिशील रुपमा लोकमानसका मानस्पटलमा गुञ्जिरहन्छ । यसकारण गतिशील हुनु लोकसाहित्यको अर्को विशेषता हो । लोकसाहित्यमा जन-जीवनका हाँस-खेल ठट्टा मजाक आदि पनि रहने साथै यो बसिवियालोका रुपमा पनि प्रचलित हुने कारणले विभिन्न पर्वहरुमा यसले लोकहरुलाई मनोरञ्जन पनि प्रदान गर्ने हुनाले मनोरञ्जनात्मकता पनि लोक साहित्यको एउटा विशिष्ट पहिचान हो । यस्तै लोकसाहित्य अलिखित साहित्य भएकै कारण मौखिक परम्परालाई अंगालेको छ । त्यसकारण  मौखिक परम्परामा भन्ने र सुन्ने दुवैको महत्वपूर्ण हात भएका कारण लोकसाहित्य जीवित रहेको हो । यसैले श्रुतिपरम्परा पनि लोकसाहित्यको विशेषता भएर आएको छ ।

लोकसाहित्यका यस्ता विभिन्न विशेषताहरुका साथै अलिखितता र विविधता आदि पनि प्रमुख विशेषताहरुमा पर्दछन् ।

## २.३. लोक साहित्यको विधाः-

ललित साहित्य (लिखित साहित्य) का विभिन्न विधाहरु भए जस्तै लोकसाहित्यको पनि विभिन्न विधाहरु प्रचलनमा छन् । लोकसाहित्य लोकको आफ्नै साहित्य भएकोले यस्को विभाजन वा वर्गीकरण गर्ने लोकको आफ्नै दृष्टि पनि रहन्छ । जसमा आर्दश दृष्टि, सिद्धान्तकार, विश्लेषणकर्ता वा अनुसन्धाताको हुन्छ, भने यर्थाथ् दृष्टि लोकसाहित्यका प्रयुक्ता

वा संवाहकको हुन्छ ।[1] लोकसाहित्य परिवर्तनशील साहित्य भएका कारण यसका विधाहरुमा समयको अन्तरालहरुमा परिवर्तन भईरहन्छन् । यस्ता लोकसाहित्यको विधाहरु समाजमा भएका परिवर्तनले गर्दा केही विधाहरु लोप भएर जान्छन्, केही विधाहरुले रुप फेर्छन भे केही नयाँ विधाहरुले जन्म लिन्छन् ।[2] कतिपय स्थितिमा लोकसाहित्यका कुनै पनि एक विधा भनी चिनिएका विधा विभिन्न विधाहरु मार्फत परिचयीकरण भई रहेको हुन्छ । जस्तो लोकजीवनमा प्रचलित कविताका विविध रुपलाई कतिले लोककविता भनेका छन् । यी नै कविताहरुलाई लयपूर्ण रुपमा गायन गर्दा लोकगीत बन्दछन् । र ती कविताहरु लोकगीतका रुपमा चिनिएका हुन्छन् । त्यस्तै सोरठी, घाटु, बालुनलाई कतै गीत कतै नाच त कतै लोकनाटकका रुपमा विधागत वर्गीकरण गरिएको देखिन्छ ।[3] भने कतिपय लोकसाहित्यको छुट्टै विधा विशेषको निर्माण गर्न सक्ने लोकनाचहरुको लोकसाहित्यका रुपमा न विधा निर्धारण गरिएको न त नामाकरण नै? यसमा विभिन्न मत मतान्तरण पनि हुन सक्छन् ।

यसै क्रममा नेपाली लोकसाहित्यको विधाहरु बारे पनि लोकको आफ्नो दृष्टिकोण छ । (नेपाली लोकसाहित्यको अध्ययन गर्दा प्रचलित विधाहरुमा लोकगीत, लोककविता, लोककाव्य, लोकनाटक, लोककथा, उखान र टुक्का पर्दछन् । जसलाई संक्षिप्तमा तल उल्लेख गरिन्छ :-

## २.३.१. लोकगीतः-

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतस्फूर्त लयात्मक अभिव्यक्ति हो ।[4] यसमा लोकजीवनका दुख सुख, आशा, निराशाका साथै लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरुको चित्रण हुन्छ । लोकको सम्पूर्ण संस्कृति यसैमा अभिव्यक्त हुन्छ । लोकगीग रागात्मक हुन्छ ।

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. २८

२. ऐजन, ऐजन, ऐजन, ऐजन

३. ऐजन, ऐजन, ऐजन, ऐजन

४. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ११५

लोकजीवनका प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा आदिको रागात्मक अभिव्यक्ति लोकगीतमा हुन्छ । रागात्मकता र संक्षिप्तात्मकताका कारण लोकगीत लोक साहित्यका अन्य विधाहरु सबै भन्दा प्रिय विधाका रुपमा स्थापित भएको छ । लोकगीतको प्रमुख विशेषता भनेको जस्तैकठोर हृदय भएकालाई पनि सहृदायी बनाउनु हो । लोकगीतमा यस्तो शक्ति हुन्छ की व्यक्ति लोकगीतको प्रभावले आफ्ना दु:ख कष्टलाई विर्सन्छ, भोक र रोगलाई भुल्छ र गीतकै रागात्कतामा हराउँछ । लोकगीत सरल र सहज हुन्छ । यो कुनै चिन्तन मननका परिणाम होइन बरु स्वतः स्फूर्त अभिव्यक्ति हुन् । लोकमानसका त्यही स्वतस्फुर्त अभिव्यक्ति नै लयात्मक रुप लिई भाषामा प्रक्ट हुँदा लोकगीतको रुप धारण गर्दछन् । लोकगीतलाई लोकसाहित्यका अन्य विधाहरुबाट छुट्याउन प्रमुख आधार नै यसको लय हो । लयकै आधारमा यो लोककविता भन्दा पनि फरक हुन्छ । लय यसको आत्मा हो ।[१]

यसरी लोकगीत लोकजीवनका स्वतस्फूर्त लयात्मक अभिव्यक्ति हो । लोकगीत हुनका निम्ति पनि यसमा तत्वहरु हुनुपर्छ । जुन यसको संरचना हो । लोकगीतको संरचनामा निम्नलिखित कुराहरु पाइन्छन् ।

क) तथ्य ख) भाषा ग) चरन वा पद घ) स्थायी र अन्तरा

ङ) रहनी र वथन च) लय र भाका

## २.३.२. लोककविता:-

लोकजीवनका सरल तथा सहज अनुभूतिहरु पद्यात्मक रुपमा अभिव्यक्त भएका कवितालाई लोककविता भनिन्छ । लोककविता पद्यात्मक नै भएपनि शास्त्रियता भन्दा टाढा हुन्छ र यो जनमानसका जनजिव्रोमा सहज रुपमा बसेको हुन्छ । लोकव्यवहारका वा लोकजीवनका विम्व, प्रतिक तथा अलंकारहरु लोककवितामा प्रयुक्त हुन्छन् । लोककविता लोकसाहित्यक विधा लोकगीत र लोककवितामा त्यही अन्तर छ । जुन अन्तर गीत र

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ११५

कवितामा छ । गीतमा संगित हुन्छ र त्यसको विश्लेषण संगित शास्त्रले गर्छ । कविताको विश्लेषण काव्यले गर्छ । यहि कुरा लोकगीत र लोककवितामा पनि लागु हुन्छ ।[१] मूलभूत अन्तर के छ त भने कविताका पाउँहरु हुन्छन् र ती एक अर्कासँग सम्वद्ध हुन्छन् । लोकगीतमा स्थायी र अन्तरा हुन्छन् । लोककवितामा हुदैनन् । त्यस्तै लोकगीतमा संगितको प्राधान्यता हुन्छ भने कवितामा कथ्यकै प्राधान्यता रहन्छ ।[२]

लोक कविताको मुख्य तत्वका रुपमा भने छन्द नै रहेको छ । त्यो शास्त्रीय छन्द नभै सरल, सहज, सरस लोक छन्द हो । लोककविता मुखमुखै परम्परित हुँदै जुगौं जुग लोककण्ठमा बाँचेको हुन्छ । लोकबद्ध बनी लोकप्रिय र शास्वत सिर्जनशील हुनु नै नेपाली लोककविताको विशिष्टता हो ।

### २.३.३. लोकगाथाः-

लोकगाथा भनेको लोकजीवनमा प्रसिद्धि कमाएका वीर पुरुष व्यक्ति आदिको गिती कथा हो । लोकगाथामा गीत र कथा दुवैको संयोजन गरिएको हुन्छ । यसमा विरताको कथा र जातियताको चित्र प्रस्तुत भएको हुन्छ । नेपाली समाजमा परम्परादेखि मौखिक रुपमा हस्तान्तरित हुँदै आएका लामालामा वणनात्मक गीत र कविताहरु पनि छन् । यस्ता गीतलाई केही लोकसाहित्यका अनुसन्धाताहरु लोकगाथा भन्छन् । केही लोककाव्य भन्छन् ।[३] लोककाव्य वा लोकगाथामा गीत र गीतमा आख्यान पनि हुने हुँदा गाथा भनिएको हो । जसलाई आख्यान गीत वा कथानक गीत पनि भनिन्छ । लोकगाथाका लोककाव्य, तीतिकाव्य, गितीकथा, आख्यान काव्य, आख्यान गीत, प्रवन्धकाव्य तथा प्रवन्धगीत जस्ता नाम पनि छन् तर यी सबै शब्दभन्दा लोगाथा शब्द नै बढी उपयुक्त छः किनभने गाथा शब्द एकातिर अत्यन्त प्राचिन छ भने अर्कातिर लोकजीवनमा पनि उत्तिकै प्रचलित छ ।

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं.१८३

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. १८३

३. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं.२०५८, पृ.सं. १९५

यसरी हेर्दा गाथा भन्नाले कथात्मक गीत भन्ने कुराको बोध हुन्छ र अन्य शब्द यसको अर्थ दिन असमर्थ छ । विशेषण भन्दा कथालाई गीतमा प्रस्तुत गर्नु नै लोकगाथाको विशेषता हो । लोकगाथाहरु गीतबद्ध नै हुन्छन् । यद्यपि गीतका छन्द, लय र भाका पनि फरक- फरक हुन सक्छन् । [१]

ल्याटिन भाषाको बेलारे (ballare) अर्थात्  नाच्नु धातुबाट आएको अंग्रेजी क्यालेण्डर (ballad) शब्दको प्रयोग लोकगाथाका निम्ति हुन्छ ।[२] नेपालका विभिन्न क्षेत्रहरुमा यस्ता गाथा र काव्यहरुलाई धमारी, चाँचरी, चैत, सवाई आदिको नामले जनाइन्छ ।

## २.३.४. लोक नाटकः-

लोकजीवनको आस्था र व्यवहारको सरल प्रदर्शनमूलक अभिव्यक्ति नै लोक नाटक हो ।[३] लोक नाटकमा शास्त्रीय नियमहरुको पालना  गर्नुपनेए आवश्यकता हुँदैन । लोकनाटकमा लोकभावनाको अभिव्यक्ति हुने भएकाले यसमा लोकपरम्परा र रुढीको अभिव्यक्ति हुन्छ । लोकजीवनले उत्सव पर्व था मनोरञ्जनका क्रममा जीवनका आशा उमङ्ग तथा बह-विलौना उच्छवास-विश्वास आदि भोगाईलाई गाउँघरका  ठाँडी , पौवा, चौतारी, चोक आदि क्षेत्रमा अभिनयात्मक कौशलताले प्रदर्शित गर्छन । वास्तवमा यसैलाई लोकनाटक भनिन्छ । यसरी प्रदर्शित हुने लोकनाटकको पनि एउटा गरुपरम्परा स्थापित भएको हुन्छ । यसले गर्दा लोकनाटक पुरानो पुस्ताबाट नयाँ पुस्ताले सिक्नु पर्छ । यसका निम्ति गुरुको चेलो बनेर अभ्यास पनि गर्नुपर्छ । कतिपय समाजमा यो बनबुबाट छोरामा पनि जान सक्छ । लोकनाटक प्रदर्शनका निम्ति  पनि यसको निश्चित विधि विधान हुन्छन् । लोकनाटकले कुनै कथावस्तुलाई अँगालेका हुन्छन् । यसका कथावस्तुहरु लोकपरम्परामा प्राचिन काल देखि

---

१. चुडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.स. २०५८, पृ.सं. १९६

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. १९६

३. ऐजन, ऐजन, ऐजन, पृ.सं. १९६

व्याप्त हुँदैआएको पौराणिक वा ऐतिहासिक घटनामा आधारित हुन्छन् । लोकनाटक प्रदर्शनका निम्ति शास्त्रिय ढङ्ग र ढाँचाका रंगमञ्च नभएर गाउँघरका चौरा ड बली, चौतारा आँगनहरु नै यसका मञ्चहरु हुन् । लोकनाटकको पात्रले गुरुपरम्परा अनुसार गुरुबाबाको निर्देशन र परम्रागत  प्रचलनअनुसार विभिन्न किसिमले भावामिनय गर्छन् । लोकनाटकमा गीत, नृत्य पनि हुन सक्छन् । तर वाद्यवादन लोकनाटकको लागि अत्यावस्यक साधन हो । किनभने लोकवाद्यले लोकनाटकको चिनारी गराउँछन् । यसमा प्रयोग हुने वाद्यवादनहरुमा मादल, खैंजडी, मुजुरा आदि हुन् । नेपाली लोकसंस्कृतिमा मादल सबैभन्दा बढी प्रयोग हुने वाद्यवादन हो ।

### २.३.५. लोककथाः-

लोकसाहित्यको विधाहरुमा लोकगीत पछिको सबैभन्दा प्रिय विधा हो । लोककथा । लोकजिवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरु नै लोककथा हुन् ।[१] लोककथा एउटाले भन्ने र अरुले सुन्ने प्रचलन रहेकाले यसलाई भन्ने कथा पनि भनिन्छ । लोकमानसको अभिव्यक्तिका रुपमा लोकजीवनको मूल्य, मान्यता र परिस्थितिको वर्णन लोगाथाहरुमा गरिएको हुन्छ । लोककथाहरुमा सरल र स्वाभाविक तथा वोधगम्य भाषाको प्रयोग हुने भएकाले लोककथा एकपटक मुनेपछि सहज रुपमा बुझ्न र सम्झन सकिने किसिमको हुन्छन् ।

नेपाली भाषाको ‘लोककथा’ शब्द अंग्रजीको ‘फोकटेल्स’ (Flok tales) को समानार्थी हो ।[२] आधुनिक कथाहरुको विकास पनि लोककथाहरुबाटै भएको भएपनि आज आएर यी दुईकथाहरु बिच वैषम्यताका धेरै रेखाहरु खिच्न सकिन्छ । लोककथा र आधुनिक कथामा तत्वगत समानता रहेका छन् । तर आधुनिक कथा बढी यर्थाथवादी र लिखित हुन्छन्

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. २८४

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. २८४

भने लोककथाहरु अतिरञ्जनात्मक र अलिखित हुन्छन् । तरपनि लोककथाहरु अतिरञ्जनात्मकता तिलस्मी र स्वैरकल्पनात्मकता नै भएपनि यो सत्यका रुपमा भनिने र सुनिने गरिन्छ । र लोककथामा लोकजीवनका अनुभव, अनुभूतिहरु कथात्मक रुपमा भने पोखिएकै हुन्छन् ।

## २.३.६. पहेलीः-

'पहेली' शब्द यहाँ अंग्रेजी भाषाको रिडल्स (Riddles) का निम्ति प्रयोग गरिएको हो ।[१] नेपाली लोक जीवनमा 'पहेली' शब्द त्यती प्रचलित नभए पनि यसका निम्ति नेपालीमा 'गाउँखाने कथा' शब्दको प्रयोग भएको बुझिन्छ । कतै- कतै यसलाई 'जान्ने कथा' पनि भनिन्छ । पूर्वि नेपाल र पूर्वोत्तर भारतका नेपाली भाषा-भाषीहरु यसलाई अड्को भन्दछन् । कर्णाली अञ्चलमा यसलाई 'साइतर' भनिन्छ । पश्चिम नेपालीमा यसलाई 'झ्याँगा' 'झिट्टा' र 'घाउटा' पनि भन्ने गरिन्छ ।[२] पहेलीका लागि नेपालीमा गाउँखाने कथा, अड्को र साइतर, झ्याँगा, झिट्टा आदि जस्ता शब्द प्रचलित भए पनि नेपाली लोकसाहित्यमा 'गाउँखाने कथा' कै रुपमा यसले विधाको रुप प्राप्त गरिसकेको छ । यसलाई कथा भनिएपनि यो एक किसिमको प्रश्न हो । जसको उत्तर श्रोताले जान्नु पर्छ । गाउँखाने कथाका प्रश्न तथा यसका निम्ति प्रयुक्त हुने उत्तर जन जीवनमा नै व्यवहृत वस्तु तथा व्यवहारहरुको प्रतिविम्व हुन् । गाउँखाने कथामा प्रायः दुई समूहहरु हुन्छन् । जसमा एउटा समूहले राखेको प्रश्न अर्को समूहले नजानेको खण्डमा कुनै गाउँ दिनुपर्ने हुन्छ । गाउँखाने कथा भन्दा भन्नेले आफ्नो ज्ञान र क्षमता अनुसार कुनै पनि पहेली भन्न सक्छ । अनुप्रासियता लयात्मकता र प्रश्नात्मकता गाउँखाने कथाको खास विशेषता हुन् । लय र पद लालित्यको लोभमा अर्थहिन पदावलिको प्रयोग समेत गाउँखाने कथाहरुमा पाइन्छ । यस्तै पहेली बुद्धिविनोदका साधन पनि हुन् ।

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ३०८

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ३०८

पहेलीहरु मूल रुपमा प्रश्न हुन् । सबै पकारका पहेलीहरुमा केही न केही सोधिएको नै हुन्छ र उपमान र उपमेयको द्योतन नै पहेलीहरुको शैली हो ।

### २.३.७. उखानः-

लोकजीवनले अनेकौं पटक देखेका, भोगेका र अनुभव गरेका ज्ञानको अभिव्यक्तिका रुपमा उखानहरु रहेका हुन्छन् । उखानहरु अनुभवसिद्ध ज्ञानका सार हुन् । उखानलाई लामा अनुभवबाट निस्किएका छोटा वाक्य पनि भनिन्छ । लोकजीवनले जीउने क्रममा प्राप्त गरेका अनुभवसिद्ध ज्ञानका छोटा वाक्य नै उखानका रुपमा अभिव्यक्त भएका हुन्छन् ।

नेपाली भाषामा उखान शब्दको प्रयोग अंग्रेजी भाषाको प्रोभर्व (Proverb) का लागि गरिएको पाइन्छ । नेपालीको केन्द्रिय भाषीकामा यसलाई साइतर (शास्त्र) भनिन्छ । राजस्थानी भाषामा 'ओखाणो', गुजरातीमा ' उखाणु' र हिन्दीमा 'उपखान' जस्त शब्द पनि यसका लागि प्रचलित छन् ।[१]

उखानलाई स्पष्ट रुपमा भन्ने हो भने संक्षिप्त सारगर्भित तथा प्रभावशाली उक्ति हो । जसमा सूत्रात्मकता रहन्छ । यसमा जातिय जीवनको अभिव्यक्ति हुन्छ । उखानमा लोकजीवनका महत्ता, लघुता, उच्चता र निचता सबैको चित्रण हुन्छ । जब खास भाषाका वक्ताका रुपमा खास जाती वा जातीहरु नै हुन्छन् । त्यस स्थितिमा उखानले जातिय विशेषता एवं संस्कृति झल्काउँछ । उखानहरु जहिल्यै पनि उहि र उस्तै हुन्छन् । त्यसकारण उखानहरु सार्वभौम र सार्वकालिक अभिव्यक्ति हुन् ।

यसले भाषालाई जीवन्तता प्रदान गर्दछ र उखान लोकप्रियतामा रमेको हुन्छ । यसरी उखान भनेको जातीय जीवनको सत्य तथा अनुभवसिद्ध ज्ञानका रुपमा तथा सार्वभौम एवं सार्वकालिक अभिव्यक्तिका रुपमा संक्षिप्त तथा सरल ढंगले प्रकट हुने जीवन्त र लोकप्रिय अभिव्यक्ति हो ।[२]

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ३३३

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ३३४

### २.३.८. टुक्काः-

आ-आफ्ना वाच्यार्थ भन्दा बेग्लै लक्ष्यार्थका निम्ति प्रयुक्त हुने दुई वा दुई भन्दा बढी पदहरुको समूहलाई टुक्का भनिन्छ ।[१] यसलाई तुक्का पनि भनिन्छ । कतिपय विद्वानहरुले उखान-टुक्का भनि दुबैलाई एकै विधामा समाबेश गरी उल्लेख गरेका पनि छन् । तर उखान र टुक्कामा धेरै भिन्नताहरु रहेका छन् । उखान वाक्य समान हुन्छन् भने टुक्का चाहिं वाक्यांश जस्तै मात्र हुन्छन् । उखानहरु आफै प्रयोग हुन सक्छन् तर टुक्का आफै प्रयोग हुन सक्दैनन् । यी विभिन्न भिन्ताहरु सँगै यिनीहरु लोकसाहित्यका फरक-फरक विधाहरु हुन् ।

नेपालीमा प्रयुक्त हुने 'टुक्का' शब्दलाई अंग्रेजीमा इडियम्स (Idioms) भनिन्छ । केही लेखकले मुहावरा शब्द चलाएका छन् । अरबी भाषाबाट आएको मुहावरा शब्द भारतका कतिपय भाषामा चलेको छ भनी वाक्पद्धति, वाक्धारा तथा सिद्धप्रयोग जस्ता शब्द पनि व्यवहारमा आएका छन् । [२]

टुक्का एकपटकको प्रयोगले निस्केको वाक्यांश होइन बरु यो लोकजीवनमा भाषाभाषीहरुको रुढ प्रयोगको परिणाम हो । त्यसकारण टुक्कामा आएका लक्ष्यार्थ लोकलाई वा भाषाभाषीहरुलाई नै बढी थाहा हुन्छ । टुक्का लोकप्रचलित अर्थपूर्ण पदहरुको मेलबाट टुक्काहरुको निर्माण हुन्छ र यसमा क्रियाहरुको विशेष भूमिका रहन्छ ।

यसरी हेर्दा टुक्काले लोकमानसको अभिव्यक्ति गर्नुका साथै लोकका सामाजिक-साँस्कृतिक, पौराणिक पक्षको पनि उजागर गर्छ ।

## @=$= nf]s;flxTosf] cWoog k4lt

लोकसाहित्य आदिम मानवजीवनको लामो समयको सँस्कृति, संस्कार र व्यवहारबाट सिर्जना भएको हुनाले यसको परम्परा पनि आदिम नै रहेको छ । परम्परित भएकै कारण लोकसाहित्यले इतिहासको आफ्नो छुट्टै गोरेटो तयार गरेको छ । यसरी विभिन्न गोरेटोहरु

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ३५०

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ३५०

मार्फत लामो समय हिड्ने क्रममा लोकसाहित्य के कसरी सिर्जना भयो? र यसलाई बुझ्न के कस्को अनि कस्तो कुराहरुको अध्ययन जरुरी छ त भन्ने कुरा लोकसाहित्यको लामो परम्पराले सिर्जना गरेको प्रश्न हो यही प्रश्नहरुको समग्रतालाई समेट्ने पद्धति नै लोकसाहित्यको अध्ययन पद्धति हो ।

पाश्चात्य जगतमा बिकसित लोकसाहित्यको अध्ययन पद्धतिहरुलाई संक्षेपमा तल वर्णन गरिन्छ ।

### २.४.१. वर्णनात्मक तथा ऐतिहासिक अध्ययन पद्धति :-

लोकसाहित्यको अध्ययनका क्रममा अपनाइने सर्वप्रथम पद्धति भनेको वर्णनात्मक र ऐतिहासिक अध्ययन पद्धति नै हुन् । वर्णनात्मक पद्धतिले कुनै खास समय र स्थानका लोकसाहित्यको यथास्थितिको पूर्ण विवरण दिन्छ र त्यो जे जस्तो रुपमा छ त्यही रुपमा प्रस्तुत गर्छ यसलाई समकालिक पद्धति पनि भनिन्छ । अध्ययनको बिषयलाई दुई समय सीमामा राखी त्यसका विकासक्रमलाई हेर्नु नै ऐतिहासिक अध्ययन पद्धति हो । यसलाई कालक्रमिक अध्ययन पद्धति पनि भनिन्छ । [१] यस पद्धतिबाट पनि लोकसाहित्यको अध्ययन हुन सक्छ ।

### २.४.२. तुलनात्मक अध्ययन पद्धति :-

कुनै पनि दुई वा दुई भन्दा बढी विषयको तुलना गरी अध्ययन गरिने पद्धतिलाई तुलनात्मक अध्ययन पद्धति भनिन्छ । यसमा एउटै जातिका लोकसाहित्यका वा वार्ताका बिभिन्न जाति वा भाषाका लोकवार्ताका विषयहरुको पनि तुलना गर्न सकिन्छ । [२]

### २.४.३. पूराकथामूलक सिद्धान्त :-

ज्याकोब ग्रीम र विलहेल्म ग्रीम दुई जर्मनी दाजुभाइहरुद्वारा यो सिद्धान्त प्रतिपादन गरिएको हो । यिनीहरुको विचारमा लोकसाहित्य वा लोककथाहरु पौराणिक कथाका अवशेष

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ५८

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ५९

हुन् । यी कथा वा साहित्यहरुलाई बुझ्न पैराणिक कथाहरुको अध्ययन गर्नु आवश्यक छ । [१] यसरी पूरा कथाहरुको अध्ययनबाट मात्र लोककथा, लोकसाहित्यहरुको अध्ययन गर्न सकिन्छ भन्ने सिद्धान्त नै पूरा कथाहरुको सिद्धान्त हो ।

### २.४.४. सौर्य सिद्धान्तः-

लोकसाहित्यको क्षेत्रमा सौर्य सिद्धान्तका प्रवर्तक जर्मन विद्धान म्याक्स मुलर हुन् । उनका विचारमा प्रारम्भिक युगको मानवले प्रकृतिको व्यवहारलाई नजिकैबाट देख्यो । सूर्यको असाधारण शक्तिबाट प्रभावित भएर मानवले प्रकृतिको व्यवहारलाई नजिकैबाट देख्यो । सूर्यको असाधारण शक्तिबाट प्रभावित भएर मान्छेले कल्पना गर्‍यो र पौराणिक कथाहरु बनायो, देवता मानेर पूजा गर्न थाल्यो ।[२] यसैको आधारमा यिनको सिद्धान्तलाई सौर्य सिद्धान्त भनिन्छ । किनकी लोकसाहित्यको सिर्जना यिनका अनुसार सूर्यको असाधारण शक्ति नै हो ।

### २.४.५. प्रसार सिद्धान्तः-

प्रसार सिद्धान्तका प्रवर्तक जर्मनी विद्धान थियोडोर बेन्फे हुन् । यिनका अनुसार लोकसाहित्य वा यसका कथाहरु कुनै एक ठाउँबाट सबैतिर प्रसार भएको हो । यसरी एकठाउँबाट लोकसाहित्य अरु ठाउँहरुमा प्रसार भएको हो भन्ने सिद्धान्त नै प्रसार सिद्धान्त हो ।

### २.४.६. मानवशास्त्रीय अध्ययन पद्धतिः-

मानव जसरी जंगली अवस्था देखि सु-संस्कृत अवस्थामा आइपुग्यो त्यसरी नै मानवको विकास क्रमसँग हस्तान्तरित हुदै लोकसाहित्य पनि आएका हुन् भन्ने कुरा मानवशास्त्रीय अध्ययन पद्धतिले गर्दछ । त्यसकारण मानव विकासका चरणहरुको अध्ययनबाट

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ६०

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ६०

मात्र लोकसाहत्यिको अध्ययन गर्न सकिन्छ भन्ने कुरामा यस पद्धतिले जोड दिन्छ । मानवशास्त्रीय अध्ययन पद्धतिमा पनि विभिन्न अध्ययन पद्धतिहरु विकसित भएर आएका छन् । जसलाई तल उल्लेख गरिन्छ ।

१. पर्दाथात्मवादः- पर्दाथात्मवादले पशुपन्छी तथा रुखमा समेत आत्मा र जीवनशक्तिको अस्तित्व स्विकार्छ । त्यसकारण लोकसाहित्यमा यिनै कुराहरु सुरक्षित छन् कि छैनन् भनी हेर्नु पर्दछ भन्ने मान्यता पर्दाथात्मवादले राख्दछ । यसका प्रवर्तक टेलर हुन् । यसले पनि मानवलाई एउटा पदार्थ र लोकसाहित्यलाई त्यही पदार्थको निष्पति मान्दछ ।

२. अवशेषवादः- अवशेषवादका प्रवर्तक हर्टल्याण्ड हुन् । हर्टल्याण्डले लोकसाहित्यको अध्ययनलाई परम्पराको अध्ययनका रुपमा लिए ।[१] यस अध्ययन पद्धतिले आजका सभ्य समाजमा देखिएका लोकसाहित्यहरु मानव जिवनका प्राथमिक अवस्थाका अवशेषहरु हुन् भन्ने मान्दछ ।

३. टुनावादः- टुनावादका प्रवर्तक सरजेम्स जर्ज फ्रेजर हुन् । यिनी स्कटल्याण्डका प्रसिद्ध मानव शास्त्री हुन् । यिनले पनि टेलरका पदार्थात्मवादलाई मनेका छन् । मानिसमा सबैभन्दा पहिले जादुभाव रहन्छ । फ्रेजरको यसै धारणालाई टुनावाद भनिएको छ । [२] यसरी मानिसमा रहेको जादु टुना भावले विभिन्न संस्कृतिहरु जन्माउछ र त्यही संस्कृति कालान्तरमा लोकसाहित्य बन्दछ भन्ने कुरा टुनावादमा रहन्छ ।

४. प्रकार्यवादः- मेलिनोभस्कीको प्रकार्यवादले लोकसाहित्यको विधागत प्रकार्यको अध्ययनमा जोड दिन्छ । समाजमा पूराकथाहरुले मान्छेका विश्वासलाई वल दिन्छन्, उखानहरुले निर्णय प्रकृयामा भूमिका खेल्छन्, लोककथाहरुले समयमापनका साथै मनोरञ्जन दिन्छन् र पहेलीहरुले बुद्धिपरीक्षा गर्न सहयोग गर्छन । [३] यसरी प्रकार्यवादले लोकसाहित्यको अध्ययनका निम्ति यसका विधाहरुको कार्यको अध्ययनमा जोड दिन्छ ।

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ६२

२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ६४

३. ऐजन, ऐजन, ऐजन, पृ.सं. ६४

## २.४.७. ऐतिहासिक/भौगोलिक अध्ययन पद्धतिः-

यो पद्धतिको स्थापना र विकास फिनल्याण्डमा भएको हो । यस पद्धतिको मुल्य मन्यता के हो भने लोकवार्ता वा लोकसाहित्यका भौगोलिक रुपहरुको अध्ययन गरेर तिनका आधारमा ऐतिहासिक विकास प्रकृयाको अध्ययन गर्न सकिन्छ ।[१] यस अन्तर्गत पनि तुलनात्मक पद्धति, अधिप्राय पद्धति आदि प्रकारका अध्ययन पद्धतिहरु रहेका छन् ।

## २.४.८. मनोवैज्ञानिक अध्ययन पद्धतिः-

मनोवैज्ञानिक अध्ययन पद्धतिले मानिसका सम्पूर्ण क्रियाकलाप मनद्धारा सञ्चालित हुन्छन् भन्ने मान्दछ । मान्छेका श्रृजना, साहित्य, कला, धर्म, संस्कृति आदि सबै मानवका अन्तर्मनका परिणाम हुन् भन्ने कुरा मनोवैज्ञानिक पद्धतिले ठान्दछ । मनोविज्ञान क्षेत्रमा क्रान्ति ल्याउने फ्रायडले चेतन, अचेतन र अवचेतन, इद, अहम्, पराअहम् , कामभावना आदि मनोवैज्ञानिक ग्रन्थीका कारण कलासाहित्यहरु प्रभावित हुन्छन् भन्ने सिद्धान्त प्रतिपादित गरेका छन् । कार्ल गुस्ताव युङ्गले सामुहिक तथा व्यक्तिगत अवचेतनभाव साहित्यमा पोखिने विचार व्यक्त गरेका छन् । यिनीहरुले साहित्यमा चाहे ती लोकसाहित्य होस् वा लिखित साहित्य होस् मनोग्रन्थीले नै प्रभाव पार्छ र तिनीहरुको अध्ययनबाट मात्र साहित्य वा लोकसाहित्यको अध्ययन सहि ढंगबाट गर्न सकिन्छ भन्ने मान्यता प्रतिपादन गरे । जसलाई लोकसाहित्यको मनोवैज्ञानिक अध्ययन पद्धतिको रुपमा चिनिन्छ ।

## २.४.९. संरचनावादी संप्रदायः-

लोकसाहित्यको अध्ययनको क्षेत्रमा नयाँ सिद्धान्त र पद्धतिका रुपमा संरचनावादी सम्प्रदाय वा पद्धति देखा परेको हो । यसका जन्मदाताहरुमा भ्लादिमीर प्रोप र लेभि स्त्रास हुन् । यिनीहरुका अनुसार लोकसाहित्यलाई पहिचान गर्नको निम्ति लोकसाहित्यका विधाहरुका संरचनागत स्वरुपलाई हेर्नु पर्दछ । यस प्रकारको पद्धतिबाट मात्र लोकसाहित्यको सही विश्लेषण हुन सक्दछ । यस पद्धतिलाई रुपवादी/संरचनावादी पद्धति पनि भनिन्छ ।

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ६५

कुनै एकाइलाई पूरा अर्थमा बुझ्नका निम्ति त्यका घटकहरुको ज्ञान आवश्यक छ भन्ने धारणा संरचनावादीहरुको रहेको हुनाले लोकसाहित्यलाई पूरा अर्थमा ठम्याउन लोकसाहित्य सिंगो रुपमा निर्माण हुन आवश्यक घटक वा विधाहरुको ज्ञान आवश्यक हुन्छ । यसैलाई लोक साहित्यमा संरचनावादी सम्प्रदाय वा पद्धति भनिन्छ ।

### २.४.१०. मार्क्सवादी अध्ययन पद्धतिः-

यस चिन्तन वा अध्ययन पद्धतिको जन्म मार्क्स र एङ्गेलसका विचारहरुबाट हुन्छ । द्वन्द्वात्मक भौतिकवाद तथा राजनैतिक अर्थ व्यवस्था यस चिन्तनका प्रमुख आधार बनेका हुन्छन् । [१] साधारण जनताका साहित्य भएकोले लोकसाहित्य त्यसै पनि जनपक्षिय साहित्य हो । नेपालीका केही विद्धानहरुले त लोकसाहित्यलाई जनसाहित्य पनि भनेका छन् । लोकसाहित्यलाई उत्पादक वर्गको जीवनसँग सम्बद्ध मान्ने र जनसंस्कृतिलाई जनवादी संस्कृतिको निर्माणक निम्ति सशक्त हतियार मान्ने ऐतिहासिक भौतिकवादी आधारले मार्क्सवादी धारालाई गति दिएको छ । [२] मार्क्सवादी अध्ययन पद्धतिले लोकसाहित्यको अध्ययन पनि द्वन्द्धात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, राजनैतिक अर्थ व्यवस्था र सर्वहारा (साधारण जनता) वर्गको दृष्टिकोणबाट गर्दछ ।

### २.४.११. साहित्यिक अध्ययन पद्धतिः-

लोकसाहित्यलाई लिखित साहित्यकै सन्दर्भमा अध्ययन गर्नेहरुको जमात ठूलो छ । लिखित साहित्यका लेखक र विश्लेषकहरुले पनि लोकसाहित्यलाई आफ्नै परम्पराको मौलिक साहित्यका रुपमा लिए । लिखित साहित्यले अलिखित साहित्यका रुपमा रहेको लोकसाहित्यबाट ठूलो सहयोग पाएको छ । लोकसाहित्यका विधाहरुलाई पनि सिर्जनात्मक लिखित साहित्यकै अध्ययनका आधारमा आधारित गरी हेर्ने प्रयासलाई लाकसाहित्यको साहित्यिक अध्ययन पद्धतिका रुपमा लिन सकिन्छ । या भनौं लोकसाहित्यको अध्ययन, विवेचना तथा विश्लेषण साहित्यकै रुपमा गर्ने पद्धति नै साहित्यिक अध्ययन पद्धति हो ।[३]

---

१. चूडामणी बन्धु, नेपाली लोकसाहित्य, प्र.सं. २०५८, पृ.सं. ७६
२. ऐजन, ऐजन, ऐजन, पृ.सं. ७८
३. ऐजन, ऐजन, ऐजन, पृ.सं. ७८

### २.४.१२. सन्दर्भवादी अध्ययन पद्धतिः-

लोकसाहित्यलाई सामाजिक सन्दर्भहरुबाट छुट्याएर अध्ययन गर्ने चलन ज्यादै पूरानो हो । सन् १९७० का दशकमा सन्दर्भवादी पद्धतिको सुरुवात भएको हो । लोकसाहित्यलाई पाठका रुपमा नभई सन्दर्भका रुपमा हेर्नु पर्दछ भन्ने लोकसाहित्यिक अध्ययन पद्धति नै सन्दर्भवादी अध्ययन पद्धति हो । यसमा लोकसाहित्यको अध्ययन गर्दा सन्दर्भलाई महत्व दिइन्छ । यस पद्धतिका धाराहरुमा जे.एल.अष्टिनको सम्पादन मुलक क्रिया, वाक्‌क्रिया, ग्राइस्को सहकार्यात्मक सिद्धान्त तथा डेलहाइम्सको कथनको जातितत्व सिद्धान्त आदि छन् ।

यसरी लोकसाहित्यलाई बुझ्नका निम्ति वा यसलाई अध्ययन विश्लेषणका निम्ति यी विभिन्न प्रकारका अध्ययन पद्धतिहरु विकसित भएका छन् ।

## @=%= nf]s ;flxTosf] ljwfx? aLr nf]sgfrsf] cjl:yltM–

लोकसाहित्य लोकका परम्परित व्यवहारहरुका साहित्यिक अभिव्यक्तिहरु हुन् । जुन अहिले हामी लोकसाहित्य भनेर अध्ययन, अनुसन्धान वा अध्यापन गरिरहेका छौं । हामीले वर्तमान समयमा अध्ययन गरिरहेको लोकसाहित्य सदिऔं देखि लोकका मनमस्तिष्कमा सहज रुपमा बस्न सफल परम्परा वा संस्कृतिहरु नै हुन् । किन भने ती परम्परा वा संस्कृतिहरुमा पनि सहज रुपमा जीवनका आरोह-अवरोह, हर्ष-विस्मात, आँशु-हाँसो तथा सु:ख-दु:खहरु प्रकट भएका हुन्छन् । साथै कुनै पनि देशका जातिहरु बिचमा प्रचलित संस्कृतिहरु लोकसाहित्यमा आउन सक्षम छन् भने ती संस्कृतिहरु पनि सो देशको कुनै पनि विधागत विशेषमा पर्ने लोकसाहित्य नै हो । ती संस्कृतीहरु कुनै पनि राष्ट्रको राष्ट्रभाषामा प्रचलित हुँदा मात्र लोकसाहित्यको अंग हुने होइनन् की । विभिन्न राष्ट्रिय भाषा तथा भाषीहरु बीचमा प्रचलित हुँदा पनि ती संस्कृतिहरु लोकसाहित्यको अंग हुन्छन् वा बनाइनु पर्दछ । जसले कुनैपनि देशको सांस्कृतिक एकता कायम राख्नका साथै लोकसाहित्यको क्षेत्रलाई पनि व्यापकता र विस्तृततामा समेट्दछ । यस्तै हरेक राष्ट्रहरुमा आ-आफ्नै लोकसाहित्यका फाँटहरु रहेका हुन्छन् । यसरी नेपाली लोकसाहित्यका सवालमा लोकसाहित्यका विधा निर्धारण गर्ने आफ्नै दृष्टिकोणहरु भएतापनि अहिलेसम्म लोकगीत, लोककविता, लोककाव्य,

लोकनाटक, लोककथा, गाउँ खानेकथा (पहेंली), उखान र टुक्का गरी जम्मा आठ सर्वमान्य भनिएका वा अनुसन्धाता, सिद्धान्तकारहरुले आर्दश भनिएका विधाहरु नै लोकसाहित्यका विधाहरुको रुपमा उल्लेख गरिएको छ । यसरी यी आर्दश भनिएका विधाहरु भएता पनि यी विधाहरुले समेट्न नसकेका र लोकसाहित्यको छुट्टै विधामा राख्न सकिने लोकसाहित्यिक मूल्यका लोकसंस्कृतिहरु पनि नेपालका प्राय: जाति र क्षेत्रहरुमा भेट्न सकिन्छ भने अर्को तर्फ लोकसाहित्यको विधा सनिर्धारणमा लोकजीवनमा प्रचलित यर्थाथ् विधा तिर पनि दृष्टि दिनु उचित नै हुन्छ ।

यसरी हेर्दा कतिपय नेपालका यी विभिनन जाति तथा क्षेत्रहरुमा प्रचलित लोकसाहित्यिक मुल्यका संस्कृतिहरु लोकसाहित्यका कुनै पनि विधाहरुमा परेको देखिन्दैनन् । त्यसमध्ये लोकसाहित्यिक मुल्यका र लोकसाहित्यका विधा निर्धारण हुन सक्षम लोकनाच पनि एक हो । जसमा गायन, वाद्यवादन आदि हुनुका बावजुद पनि नाचकै प्रधानता रहन्छ । तर कतिपय लोकनाचहरु लोकनाटमकका रुपमा पनि नामाकरण गरिएका छन् । अद्यापी धेरै लोकनाचहरु विभिन्न जाति विशेषमा र क्षेत्रहरुमा बाँचिरहेका छन् । धेरै कालसम्म जीवित रहेर पनि आफ्नो अस्तित्व बचाइँरहेका लोकनाचहरु आफ्नो छुट्टै विशेषताहरुका साथ लोकसाहित्यको विधा निर्धारणको निम्ति प्रतिक्षारत देखिन्छन् । यिनीहरुलाई पनि लोकसाहित्यको एउटा छुट्टै विधा निर्धारण गरि त्यही विधामा समेट्न पर्ने आवश्यकता देखिन्छ । र त्यो विधा भनेको ‘लोकनाच’ नै हो ।

लोकसाहित्यको अभिन्न अंग भएर पनि लोकसाहित्यको अंग वा विधाको रुपमा उल्लेख गर्न मिल्ने र लोकसाहित्यको विधा हुन सक्षम भएर पनि लोकनाचलाई लोकसाहित्यको विधा भनेर उल्लेख गरिएको छैन । कतै - कतै नगन्य चर्चा मात्र भएको पाउँछौं । लोकनाच पनि लोकसाहित्यको अन्य विधा सरह स्वतन्त्र अस्तित्व भएको लोकसाहित्यको एक विधा मान्न सकिन्छ । अर्को तर्फ नेपालमा प्रशस्त मात्रामा परापूर्व कालदेखि लोकजीवनमा सहज रुपमा लोकनाचहरु परम्परित रुपमा आइ रहेका छन् । नेपालमा प्रचलित केही लोकनाचहरुमा ब्राह्मण, क्षेत्री समुदायमा प्रचलित ‘संगीनी’, ‘बालुन’, मगर जातिमा प्रचलित लोकनाच ‘हुर्रा’, ‘कैरा’, गुरुङ्ग जातिमा प्रचलित लोकनाच ‘सोरठी’, किराँती राई जातिको ‘चण्डीनाच’ (

साकेला), तामाङ्ग जातिमा प्रचलित लोकनाच 'सेलो', 'डम्फूनाच', नेवार जातिमा प्रचलित 'लाखेनाच', सुनुवार जातिमा प्रचलित 'दुम्सीनाच' तथा किराँती लिम्बू जातिमा प्रचलित लोकनाचहरु 'धाननाच (यालाङ)', 'च्याब्रुङनाच (केलाङ)', 'माङलाङ (देवतानाच)', 'साम्बालाङ', 'येवा-येमालाङ' आदि लोकनाचहरु प्रचलनमा रहेका छन् । शास्त्रीय नाचहरुमा भिन्न लोकनाचहरुमा पनि जनजीवनका प्रस्तुती झाँकीहरु अभिव्यक्त भएका हुन्छन् । यी नाचहरु पनि सहज रुपमा मानसपटलमा बस्न सक्षम साँस्कृतिक लोकनाचहरु हुन् । यीनीहरुले पनि लोक साहित्यका अन्य विधाहरु सरह लोकजीवनका सहज अनुभूतिहरुदलाई अंगाल्दै आएको छ । यो छोटो समयको परिणाम नभएर लामो तथा परम्परित स्थितिकै परिणाम हुन् । त्यसकारण लोकनाचहरुले पनि आफ्नै परम्परा कायम गरेको छ । त्यसकारण यसमा पारम्परिकता पनि रहन्छ । यी लोकनाचहरुमा रचनाकारहरु अज्ञात रहन्छन् । र मौखिक रुपमै एकपुस्ताबाट अर्को पुस्तामा श्रवणिक रुपमै सरेर जाने भएकाले यसको पनि मौखिक वा श्रुतीपरम्परा कायम रहेकौ पाउँछौं । लोकनाचहरुमा पनि सामुदायिकताको विशेषता कायम रहेको पाउँछौ । यी र यस्ता सम्पूर्ण विशेषताहरुलाई केलाउँदा पनि लोकनाचलाई लोकसाहित्यको एकविधाको रुपमा निर्धारण गर्नुपर्ने हुन्छ । शास्त्रीय नाचहरुबाट भिन्न लोकनाचहरुमा पनि केही नाचहरुमा बाजाहरुको प्रयोग र केही लोकनाचहरुमा बाजा र नृत्यहरु दुवैको प्रयोग गरी नाच्ने प्रचलन रहेको बुझिन्छ । यति धेरै जातिहरुबीच र क्षेत्रहरुमा प्रचलित रहेको नाचहरुलाई लोकसाहित्यको एउटा छुट्टै विधा 'लोकनाच' निर्धारण गरी समेट्नु लोकनाचप्रति न्यायोचित्त नै देखिन्छ ।

यरी लिम्बू संस्कृतिको एक महत्वपूर्ण पाटोको रुपमा रहेको र लिम्बू समूदायभित्र मात्र नभइ अन्य जातिका समुदाय बिचमा पनि लोकप्रिय हुन पुगेको लिम्बू लोकनाच धाननाच (यालाङ) लाई पनि लोकसाहित्यको अभिन्न विधा लोकनाच अन्तर्गत समावेश गरेर अध्ययन र विश्लेषण गर्नु सान्दर्भिक नै देखिन्छ ।

# तेस्रो परिच्छेद

## ३.१. लिम्बू जातिको परिचयः-

नेपाल एक बहुजाति, बहुभाषि, बहुधार्मिक तथा बहुसाँस्कृतिक देशको रुपमा रहिआएको सुन्दर देश हो । नेपालका विभिन्न जातिहरु मध्ये लिम्बू पनि एक जाति हो । लिम्बू जाति विशेषत लिम्बूवान क्षेत्रमा बसोबास गरेपनि हाल आएर स्वदेश तथा विदेशका विभिन्न भू-भागहरुमा पनि लिम्बू जाति प्रसस्त मात्रामा बसोबास गरेको भेट्न सक्छौं । नेपालको सुदुर पूर्वका पहाडी भू-भागहरुमा सदियौँदेखि बसोबास गर्दै रहेका 'लिम्बू' जातिको नामाकरण सम्बन्धि विभिन्न मतहरु रहेतापनि लिम्बू भाषामा लिः- धनु, आवुः- हान्ने त्यसैले लि+म्बू = लिम्बू । अर्थात् धनु हान्ने वा धमुर्धारी जाति 'लिम्बू' जाति हो भन्ने लिम्बू भाषामा उल्लेख भएकोमा लिम्बू सम्प्रदायका अग्रजहरु एकमत रहेको पाइन्छ । यी जातिले धनु हानेर उक्त प्रदेशलाई तित्ती आफ्नो प्रभुत्व जमाएकाले गर्दा अर्थात धनुवाणको प्रयोगले उक्त क्षेत्र प्राप्त गर्न सफल भएकाले लिम्बूवान नामाकरण गरिएको हो ।[(१)] भन्ने स्व. इमानसिंह चेम्जोङको भनाई रहेको पाइन्छ । त्यसमा पनि इलाम जिल्लाको सन्दर्भबाट लिम्बू जातिको परिचय गराउनु सान्दर्भिक हुन्छ ।

इलाम नेपालको सुदुरपूर्विमा अवस्थित मेचि अञ्चलको सदरमुकाम हो । यो पूर्वाअञ्चल विकास क्षेत्रमा पर्ने एक मध्य पहाडी जिल्ला हो । यो महाभारत श्रृखलाको दक्षिण भागमा पर्दछ । इलाम विभिन्न अग्ला होचा, डाँडा काँडा, साना ठूला वनजंगल र खोला नाला तथा झरना तलाउहरुले भरिपूर्ण एक सुन्दर जिल्ला हो । इलाम जिल्ला विभिन्न जातजातिहरुको बसोबास रहेको जिल्ला हो । यस जिल्लामा लिम्बू, राई, बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ, सुनुवार, याक्खा, कागते, लेप्चा, भुजेल, थामी, कामी, दमाई, सार्की आदीको बसोबास रहेको छ ।[(२)] तर इलाम जिल्लाका आदिवासीका रुपमा लिम्बू र लेप्चा जातिलाई नै चिनिन्छ । यस

---

१. इमानसिंह चेम्जोङ, किराँत इतिहास, लेखन वि.सं. १९८२, पृ.सं. ३३

२. रनबहादुर कार्की, इलामलाई पछाडी फर्केर हेर्दा, इलाम रबिन प्रिन्टिङ प्रेस, २०४५, पृ.सं. १२

जिल्लामा लिम्बू जाति अरु जातिहरु सरह विभिन्न गा.वि.स.हरुमा छरिएर बसेका छन् । नेपालमा रहेका विभिन्न जनजाति मध्ये लिम्बू जाति पनि एक हो । नेपालको सुदुर पूर्वमा पर्ने पहाडी क्षेत्र जसलाई पल्लो किराँत वा लिम्बूवानको नामले इतिहासमा ठाँउ लिएको छ । सो क्षेत्रहरुमा इलाम, पाँचथर, ताप्लेजुङ्ग, धनकुटा, तेह्रथुम, झापा, संखुवासभा, मोरङ्ग र सुनसरी पर्दछन् । [१] सोही क्षेत्रका तमाम

लिम्बूहरुका संस्कार, संस्कृति, भाषा, लिपी र मौलिक धर्म न्युन भेद वाहेक सबै एकै प्रकारका रहेका छन् । यसरी लिम्बू संस्कृतिले पल्लो किराँतमा ठूलो प्रभव पारेको देखिन्छ । लिम्बूहरुको मुन्धुममा लिम्बूहरुलाई याक्थुम्बा भनेर उल्लेख गरेको पाइन्छ । याक्थुम्बालाई नेपाली भाषामा उत्पत्ति देखाउदा यक् = गढ, थुम्बा = वीर वा गढ वा किल्लामा बस्ने वीर भन्ने बुझाउँछ । यी जातिहरु गढ वा किल्लामा साहसिलो ढंगले बस्ने जाति भएकाले सायद आफ्नो साहसीलो कार्यको उपाधिबाट जाति निर्धारण हुँदै आएको हुन सक्दछ भन्न सक्छौं ।

यसरी नेपालमा १०१ जात जातिहरु ९२ भाषिहरु र हिन्दु, बौद्ध, किराँत, मुस्लिम, जैन र प्राकृत धर्म अवलम्बन गर्ने जाति तथा समुदायहरु पाइन्छन् । नेपालमा हाल ५९ जातिहरु आदिवासी जनजातिहरु छन् जस मध्ये लिम्बू जाति पनि एक हो । लिम्बूहरुको जनसंख्या ३ लाख ५९ हजार ३ सय ७९ (१.५८%), लिम्बू भाषिहरुको संख्या ३ लाख ३३ हजार ६ सय ३३ (१.४७%) र लिम्बूहरुले आफूले मानिआएको किराँत धर्मको संख्या ८ लाख १८ हजार १ सय ६ रहेको छ । लिम्बूहरुको आफ्नै मौलिक भाषा, लिपी, धर्म तथा संस्कृति छ ।

***उपरोक्त किसिमले लिम्बू जातिको परिचयलाई तलका बुँदाहरुमा स्पष्ट पारिन्छ ।***

### ३.१.१. शारीरिक बनावटः-

लिम्बू जातिलाई झलक्कै हेर्दा बाहिरी शारीरिक बनावटबाट पनि ठम्याउन सक्छौं । लिम्बू जातिका मानिसहरु प्रायः मझौला कदका हुन्छन् । गोलो अनुहार चिम्सो आँखा थेप्चो नाक लिम्बू जातिको खास शारीरिक चिनारी हो । सुडौल पिडौँला र बलिष्ट शरीरको धनी लिम्बू जातिको शारीरिक बनावटले पनि आफ्नो छुट्टै परिचय दिन सक्छ ।

---

१. कुमार लिङ्देन (मिराक), तान्छोप्पा मासिक, वर्ष १५, अंक ५, २०६७

### ३.१.२. गुण/स्वाभावः-

मुन्धुममा लिम्बू (याक्थुम्बा) जातिलाई वीर जातिको रुपमा उल्लेख गरिएको छ । लिम्बू जाति मिलनसार र आत्मिय स्वाभाव भएको जाति हो । सोझा र इमान्दार प्रकृतिका लिम्बू जाति जोसिला, साहसिला तथा आँटिला भएकै कारण विदेशि सेनाहरुमा भर्ति भएको उदाहरण हाम्रा आँखा अगाडी स्पष्ट छदै छ । यस कारण गुण र स्वाभाव पनि लिम्बू जातिको एक परिचयात्मक विशेषता हो ।

### ३.१.३. जन्म र न्वारन

लिम्बू सम्प्रदायमा शिशु जन्मेको समयमा छोरी भएमा तीन दिन र छोरा भएमा चार दिनसम्म सुतक बार्ने चलन छ । यो सुतक बारेको अवधिमा आठ पौराणीक राजाहरु आएर उक्त नवशिशुको भावी लेखिदिन्छ भन्ने कुरामा विश्वास गर्दछन् । शिवकुमार प्रधानका अनुसारः- त्यसै बेला आठ पौराणीक राजाहरुको आत्मा त्यस बच्चाको भाग्य रेखा बनाउन आउँछन् भन्ने विश्वास गरिन्छ । लिम्बू समुदायमा अद्यावधि यहि परम्परागत मान्यतामा विश्वास गर्दै आएका छन् । यसरी सुतक बारीएको अन्तिम दिनलाई न्वारन भनिन्छ । यो अन्तिम दिनमा फेदाङ्माले शिशुको नाम राखिदिने प्रचलन रहेको छ । त्यसपछि उक्त अवसरमा छिमेकीहरुलाई समेत निम्तो दिई भोज खुवाउने चलन छ ।

### ३.१.४. लिम्बू समाजः-

लिम्बू समाजलाई गहिरो अध्ययन गर्दा के पाउँछौं भने लिम्बू समाज सहिष्णु र भेदभाव रहित, एकताबद्ध समाज हो । उनीहरुको समाज एकरुपताको व्यवहारमा आधारित छ । लिम्बू समाजको एउटा खास विशेषता भनेको समाज वा परिवारमा बुढापाकाहरुको अतिसम्माननिय स्थान नै हो । कुनै पनि झै-झगडा देखि लिएर आपत विपत्तमा पनि बुढापाकाको खोजि हुन्छ । लिम्बू समाजमा बुढापाकाको कुरोलाई बीचमा काटेर बोल्नु हुँदैन भन्ने विश्वास सबैमा रहेको देखिन्छ । यति सम्म की हिड्दा समेत लिम्बू समाजमा आफूभन्दा अग्रजहरुलाई अगाडी र आफ्नो स्थान अनुसार क्रमबद्ध रुपमा हिड्ने प्रचलन रहेको छ । लिम्बू समाजमा कुनै पनि समस्याको समाधान खोज्न बुढापाकाको राय सल्लाह मागिन्छ

र उनीहरुको कुरो प्रायः काटिदैन । सभा, चुम्लुङ्ग आदिमा सबै उपस्थित भई बुढापाकाहरुलाई मर्यादित स्थानमा राख्ने चलन छ । संक्षेपमा भन्दा लिम्बू समाज सहिष्णु, एकताबद्ध, भेदभाव रहित तथा सम्मानित किसिमको रहेको छ ।

### ३.१.५. लिम्बू खाना/खुवाई पियाईः-

लिम्बू खानाको रुपमा दाल भात र तरकारी पाक्दछ भने फिलिङ्गेको अचार लिम्बू मौलिक खाना हो । अतिथिहरुलाई तोङ्बा आदिसँग फिलिङ्गेको अचार तोक्राउने चलन छ । यसका अलावा मासुका रुपमा प्रायः जसो सुँगुरको मासु र पेय पदार्थका रुपमा जाँड र रक्सी चलाइन्छ । लिम्बू समाजमा खुवाई पियाईमा आफ्नैपन छ । कुनै पनि अवसरमा बुढापाकालाई सर्वोपरी स्थान छ । यस्तै खाना खुवाउने क्रममा बुढापाकाहरुलाई सर्वप्रथम खुवाउने चलन छ । त्यसपछि मात्र दर्जा अनुसारका अन्य सदस्यहरुलाई खाना खुवाइन्छ । स्व. इमानसिंह चेम्जोङ्गका अनुसारः- 'खानेपिउने विषयमा पनि पहिले बुढापाकालाई खुवाइसकेपछि मात्र अरुहरु खान्छन् । एकै पंत्तिमा वस्नु पऱ्यो भने बुढा पाकाहरुलाई दाहिनेतिर पारेर राख्छन् । खाने कुरा पस्किसके पछि दाहिने पट्टिबाट टक्रयाउने चलन छ ।' [१]

### ३.१.६. अतिथि सत्कारः-

अतिथि सत्कार नेपालीको संस्कृतिको मूल आधार भने जस्तै लिम्बू जातिको पनि चिनारीको एक प्रमुख आधार रहि आएको छ । स्व. इमानसिंह चेम्जोङ्गका अनुसारः- *'यदि पाहुना भएमा अतिथि सत्कार गर्ने प्रमुखले दुई हात जोडेर खाने कुरा पस्केर टक्रयाई सकेपछि सम्बोधन गर्छन" आदाङ्बासे चामाथुङमा थेहोपसाङ् मेन्जो चामुक थिमुक च्यैम्मोओ । कुजा नुगर् सिऽरा थाङ्साङ् चामा कुजा फेगर् नुम्मीलै चेम्ओ ।,"* अर्थात् हजुर खानेपिउने चिज केही पनि छैन तापनि यो साधारण खाने कुरो टक्रयाएको छु स्वीकार होस् । स्वादिष्ट भए आनन्द साथ खानु होला स्वादिष्ट नभए लाजले पनि खानु होला । [२]

लिम्बू समाजमा घरमा आउने अतिथिलाई अति सत्कार गरिन्छ । आफ्नौ घरमा आउने

---

१. इमानसिंह चेम्जोङ, किराँत इतिहास, लेखन वि.सं. १९८२, पृ.सं. ३५

२. इमानसिंह चेम्जोङ, किराँत इतिहास, लेखन वि.सं. १९८२, पृ.सं. ३६

पाहुनालाई दुई तरिकाले सत्कार गर्ने चलन छ । दिनमा आउने पाहुनालाई राडी वा असनी ओच्छ्याएर बसाल्ने र एक पेला चिया वा जाँड दिने चलन छ भने रातमा आउने पाहुनालाई भगवानको प्रतिक मान्छन् । यसरी रातमा आउने पाहुनालाई साइनो सम्बन्ध के पर्ने सोध पुछ गर्छन् । त्यसपछि साइनो सम्बन्ध पर्ने पाहुनालाई तोङ्बा दिने चलन छ । त्यसपछि पाहुनालाई घरमा जे छ त्यसलाई मिठो बनाएर खुवाउने प्रचलन छ ।

### ३.१.७. भाषा, लिपी, धर्मः-

नेपालका अन्य विभिन्न जात जातिहरु जस्तै लिम्बू पनि आफ्नो छुट्टै भाषा, लिपी तथा धर्म भएको एक जाति हो । लिम्बू जातिको आफ्नै मौलिक भाषा छ । जसलाई हामी लिम्बू भाषा भन्दछौं ।  लिम्बू जाति बसोबास गरेको ठाउँहरुमा लिम्बू भाषा एकै शैली तरिकाले बोलिएतापनि कुनै कुनै ठाँउमा लिम्बू भाषाको भाषिकागत  भेदहरु पनि देखिएको छ । जस्तोः- ताप्लेजुङ्गमा बोलिने लिम्बू भाषा र पाचथर र इलाममा बोलिने लिम्बू भाषामा भाषिकागत भेदहरु रहेको अनुभव गर्न सक्छौं । तर समग्रत लिम्बूभाषा एकरुप तरिकाले बोलिन्छ । लिम्बू भाषामा जम्मा १२ ओटा स्वर वर्ण र १६ ओटा व्यजन वर्ण र ९ वटा सम्वर्ण हुन्छन् ।[१] इ.स. ९ औं शताब्दीतिर प्रथम श्रीजङ्घाका अवतार मानिने दोस्रा तेअङ्सी श्रीजङ्घाले आफ्नो जातिय किराँत लिपीको अनुसन्धान गरेका थिए । त्यसैले आज लिम्बूहरुले लिम्बू भाषामा प्रयोग गर्ने लिपीलाई ‘श्रीजङ्घा लिपी’  भनिन्छ । र यहि श्रीजङ्घा  लिपी नै लिम्बू भाषामा प्रयोग हुने लिपी हो ।

लिम्बू किराँत सम्प्रदायमा पर्ने एक जाति भएकोले लिम्बूहरुको मौलिक धर्म किराँत धर्म हो । आर्यहरुको प्रमुख वेद गिता, इस्लाम धर्मावलम्वीहरुको प्रमुख वेद कुरान तथा वौद्ध धर्मावलम्बीहरुको प्रमुख वेद त्रिपिटक भए जस्तै लिम्बूहरुको प्रमुख वेद मुन्धुम हो । मुन्धुम भनेको किराँत जीवन दर्शन, पृथ्वी, अन्तरीक्ष, हावा, पानी, पशुपन्छी, झार-जंगल तथा मानव सृष्टिका तर्कसंगत अवधारणाहरु उल्लेख गरिएको किराँती धर्म ग्रन्थ हो ।[२]  मुन्धुमलाई

---

१. प्राज्ञ वैरागी काँइला र डा. माधव पोखेल, तान्छोप्पा मासिक, वर्ष १२, अंक ९, २०६४

२. मञ्जुल याक्थुम्वा, मौलिक किराँत धर्म संस्कार, प्र.सं. २०६२, पृ.सं. ११

धार्मिक ग्रन्थको रुपमा स्वीकार गर्ने प्रकृति पूजक आदिवासी नै किराँत धर्मावलम्बी हुन् । यस अर्थमा पनि लिम्बूहरुको धर्म किराँत हो । वि.सं. २०५८ सालको जनगणना अनुसार किराँतीहरुको कूल जनसंख्याको ३.७ प्रतिशतले आफ्नो मौलिक धर्म किराँत लेखाएका छन् । यस्तै इलाम जिल्लाको कूल जनसंख्याको ४७.२८ प्रतिशतले आफ्नो मौलिक धर्म किराँत मान्दछन् । [१]

लिम्बूहरु ओम, माङ्, तागेरा निङ्वाफुमाङलाई हरेक पूजा पाठमा उच्चारण गर्दछन् । लिम्बू जातिको धर्मको मौलिक विशेषता भनेको उनीहरु प्रकृति पूजक हुन्छन् । ढुङ्गा, खोला, नदी नाला, ठूला-ठूला रुखहरुको पूजाआजा गर्ने गर्छन् लिम्बूहरु । यसका साथै लिम्बू जातिले कूल देवताको रुपमा युमा साम्माङ र थेवासाम्माङलाई मान्छन् भने यो संसारको सृष्टिकर्ताको रुपमा तागेरा निङ्वाफूमाङ्लाई मान्दछन् । उनीहरु ओकवामा नाहेन, ताम्बुङमा र माङ्गेना आदि देवताहरुको पूजा कुनै वार्षिक रुपमा त कुनै मासिक रुपमा भाकल राखेर, बली चढाएर वा नचढाई पनि गर्ने गर्छन् । लिम्बू जातिमा चिताएको कुरो पूगोस्, हिड्दा डुल्दा चोट पटक दुर्घटना नहोस् भनेर पूजा गर्ने तथा भाकल राख्ने गर्दछन् । यसरी किराँत धर्म मान्ने लिम्बूहरुको प्रसिद्ध धार्मिक स्थलहरुमा बुढासुब्बा (सुनसरी), लारुम्बा (माङसेवुङ इलाम), सिलैटी (पाँचथर) आदि छन् भने कंचनजंघा, कुम्भकर्ण (फक्ताङ्लुङ) आदि हिमालको पनि श्रद्धा पूर्वक पूजाआजा गर्छन् ।

### ३.१.८. लिम्बू गहना तथा पोशाकः-

लिम्बू सम्प्रदायमा नारीहरु अरु सम्प्रदाय भन्दा स्वतन्त्र रहेका देखिन्छन् । यस सम्प्रदायका नारीहरु बढीसे बढी गर-गहना लगाउनमा प्रतिस्पर्धात्मक रहेका देखिन्छन् । उनीहरुका शीर देखि पाउसम्म आफ्नै मौलिक गर-गहनाले झकी झकाऊ देखिन्छन् । लिम्बू समूदायमा स्त्रीले लगाउने गहनाहरुमा साम्याङफूङ (शीरफूल), नेलोती ( ), नेस्से (चेप्टेसुन), तीनलाइङ ( ), इच्छी ( ), लाङबाङ्गी (कल्ली), र मुन्द्री (बुलाकी) आदि गहनाहरु रहेका छन्

१. सन्त थलङ, किराँत धर्म, किराँत धर्ममा धर्मगुरुको अवतार र वास्तविकताको खोजी, तान्छोप्पा मासिक वर्ष १४, अंक १०, २०६६

। यी गहनाहरु सुन तथा चाँदीले बनाइएका हुन्छन् । पोशाकमा कैंचीमार साडी, चौबन्दी चोलो, ढाका, कुर्ता आदि लाउँछन् । पुरुषले लगाउने पोशाकहरुमा सेतो दैरासुरुवाल, इष्टकोट र उज्यालो रंगिनद्धार मखलर र घरेलु टोपी लगाउने गरेको पाइन्छ भने पुरुषले विहेको अवसरमा अर्कौ पोशाक लगाउने गर्छन् । विहेको अवसरमा पुरुष वेहुलाको पोशाकमा सेतो दैरा सुरुवाल माथि पटुका लगाई सिरुपाते खुकुरी कम्मरमा लगाई शीरमा श्रृपेच आकारको फेटा लगाउँछन् ।

### ३.१.९. पेशाः-

लिम्बू जाति कृषिमा बढी निर्भर रहेका देखिन्छन् । उनीहरुको प्रमख पेशा नै कृषि हो । कुनै समय इतिहासमा किपटीयाका रुपमा रहेका लिम्बूहरु परिस्थितिवश जमिनको न्युनता र कृषिमा उत्पादनह्रासका कारण विदेशमा सेवा गरी आर्थिक आर्जन गर्ने सहायक पेशाको रुपमा गोर्खा भर्तीलाई पनि अपनाई आएका छन् । विदेश स्थित देशहरु हङ्कङ, ब्रुनाई, बेलायत तथा सिंगापूर आदि देशमा सेनामा भर्ती भएर प्रशस्त आर्थिक आर्जन गर्दै आएका पाइन्छन्  भने कतिपय यूवायुवतीहरु मजदुरको रुपमा विदेशमा गई आर्थिक आर्जन गर्दछन् । यसका अलावा घरेलु सिल्पमा पनि सिपालु देखिन्छन् । घरेलु सिल्पमा राडी बुन्ने, सल बुन्ने, ढाका बुन्ने, टोपी आदिको तान लगाएर घरमा बुनी त्यसको बेच विखन गरेर पनि आफ्नो जीवन निर्वाह गरीरहेका छन् । यी माथिका पेशाहरु बाहेक आंशिक रुपमा सरकारी नोकरी, व्यापार तथा पशुपालन आदि पेशा पनि अपनाइ आएका छन् ।

## ३.२. लिम्बू जातिको इतिहास

इतिहास संसारमा अस्तित्वरत  सबै सजिव र निर्जिव वस्तुहरुको हुन्छ । तरपनि मान्छेको इतिहास अनि  जातिगत इतिहासले मानव जीवनमा अहम् महत्व राख्दछ । 'इतिहास' शब्दको शाब्दिक अर्थलाई हेर्दा 'इति' + 'अ'+ 'हास' यी तीन शब्दहरुको समास प्रक्रिया वा संयोजन प्रक्रियाबाट 'इतिहास' पूरै शब्दको निर्माण भएको पाउँछौं । जसको अर्थ 'यस्तो अवस्य भएको थियो' भन्ने हुन्छ ।   नेपालका विभिन्न जातिहरुको इतिहास भए जस्तै लिम्बू जातिको पनि एउटा छुट्टै इतिहास कोरीएको छ । इतिहासका विभिन्न मोड प्रति मोडहरु लिम्बू जातिको इतिहासमा पाइन्छ । जसलाई संक्षिप्तमा उल्लेख गर्ने प्रयास गरिन्छ ।

जाति भन्नाले जन्मगत एकै नश्ल, प्रकृति, स्वभाव र गर्भाधान आदिमा समानता रहेको एक खास समूह-उपसमूहलाई जनाउँछ ।[१] लिम्बू जाति किराँत समूह अन्तर्गतको एक जाति भएकोले किराँत इतिहास उल्लेख गर्नु नै वास्तवमा किराँत समूह्मा पर्ने 'लिम्बू' जातिको इतिहास उल्लेख गर्नु हो । त्यसकारण 'लिम्बू' जातिको इतिहास उल्लेख गर्दा किराँत इतिहास तिर पनि ध्यान दिनु पर्ने हुन्छ । यसैले लिम्बू जातिको इतिहास पनि 'किराँत' इतिहाससँगै जोडिएर आउँछ ।

किराँत जातिको इतिहास प्राचिन छ । यस जातिको विषयमा प्राचिन संस्कृत ग्रन्थहरु, वेद, उपनिषद, स्मृतिग्रन्थ, महाभारत, रामायण, पुराण तथा भारविको 'किराँतार्जुनियम्'मा मात्र होइन स्वेताम्बर सम्प्रदाय जैन धर्म ग्रन्थहरुमा मात्र पनि होइनन् । बौद्ध धर्म ग्रन्थहरु ललित विस्तार मूलसर्वास्तिवादविनय सग्रह, त्रिपिटक, अश्वघोषको बुद्ध चरित्त आदिका साथै इस्लाम धर्म ग्रन्थ जिन्दआवेस्ता, अरबी राफनामा, आइने अकबरी समेतमा उल्लेख भएको छ । यसका साथै क्रिस्तानीहरुको धर्म ग्रन्थ 'दि बुक अफ सामुयल' 'न्यू विर्वलिकल अटलस' देखि लिएर चिनिया भाषाका सुङताङ तथा हान बंशका इतिहासका साथै तिब्बतका स्रोङचङगम्पोको इतिहास तथा तिब्बतकै कांग्यूर तथा तांङ्यूर बौद्ध धर्मका ग्रन्थहरु समेतमा उल्लेख भएको पाइन्छ । [२]

यसरी किराँत जातिको विषयमा उल्लेख गर्ने विभिन्न ग्रन्थहरु मध्ये पनि 'ऋग्वेद' सबैभन्दा जेठो मानिन्छ । यस प्राचिनतम् ग्रन्थमा किराँतहरुलाई दास, दस्यू, दैत्य आदिका रुपमा उल्लेख गरिएको छ । त्यसैगरी यजुर्वेद र अर्थवेद समेतमा 'किराँत' शब्दको उल्लेख भएको छ ।[३]

एवम् रुपले पूर्विय तथा पाश्चात्य विभिन्न ग्रन्थादिमा उल्लेख भएको 'किराँत' शब्दको शाब्दिक उत्पत्ति र अर्थलाई नियाल्दा विद्वाहरु बीचमा विभिन्न मत-मतान्तरहरु

---

१. दुर्गाहाङ याक्खाराई, किराँतः हिजो र आज, प्र.सं. २०५५, पृ.सं. १

२. ऐजन, ऐन, ऐजन, पृ.सं. २

३. ऐजन, ऐजन, ऐजन, पृ.सं. २

हेको पाइन्छ। यसैक्रममा किराँत मुन्धुमी भाषामा ‘काई’+‘लाशो’ को अर्थ हुन्छ= नाता सम्बन्ध + पवित्र आसन। पहिले मानिहरुले हिमाललाई सर्वोच्च आत्मा परमात्मा बस्ने पवित्र स्थान भनी ‘काइलाशो’ वा ‘कैलाश’ भन्दथे। यहि काइलाशो शब्द अपभ्रंश भई ‘किराँत’ भएको हो र यहि पवित्र ठाउँमा जन्मे हुर्केका फैलिएका मानव जातिलाई ‘किराँत’ भनियो।[१] डा.स्वामी प्रपन्नाचार्य ‘किराँत’ शब्द संस्कृतबाट अर्थसहित उत्पत्ति भएको मान्छन्। उनले ‘किराँत’ शब्दको दुई विभाग गरेको देखिन्छ। जस्तो ‘किर’ शब्दको अर्थ ‘समुन्द्र पर्यन्त भु-भाग’ हो भने ‘अत’ शब्दको अर्थ ‘निरन्तर गमन् गर्नु’ हो। त्यसो हुँदा ‘किरंम = समुन्द्रपर्यन्त भूभागम्- अतन्ति सात्ततेन = गच्छन्ति ये ते ‘किरातम’ अर्थात नेपालदेखि लिएर समुन्द्रसम्मको भू-भागमा गएर जस्ले पराक्रमले जितेर शासन गर्छन् ति किराँत हुन्। आफ्नो बल, बुद्धि, पौरुषले समुन्द्रसम्मको भूमिलाई जितेर शासन गर्ने भएका हुनाले नै ‘किराँत’ नाम रहेको हो।[२] यसरी डा. स्वामी प्रपन्नाचार्यले संस्कृत शब्दबाट किराँत शब्दको उत्पत्ति देखाएका छन्।

किराँत शब्दको उत्पत्ति र अर्थमा विभिन्न विद्वानहरुबीचमा विवाद रहेको छ। सो को पुष्टि इतिहासले गर्ने नै छ। यस्तै किराँत नामाकरणमा मत भिन्नताहरु रहे जस्तै किराँतहरुको नेपालमा आगमनको विषयमा पनि विद्वानहरु बीचमा विभिन्न मत मतान्तरहरु रहेको पाउन सकिन्छ। किराँतहरुको प्राचिन बासस्थानको रुपमा धेरै विद्वानहरुले मिश्र, वेबिलोन, मोहनजोदारो, हडप्पा आदि स्थानहरु औल्याएका छन्। स्व. इमानसिंह चेम्जोङ्गबको धारण अनुसारः- मिश्र, बेबिलोनबाट पूर्व दिशा आउने एउटा ठूलो दल छुटेर आइ चिन राज्य स्थापित गरे। इ.पू. १३०० तिर अर्को नाम्दिवेर शाखा, सुखीकाँगी मौदान आइ बसे। यो वंशले त्यहाँ १२ पुस्ता राज्य गरी बस्दा फेरी अर्को शाखाले सुखी काँगी मैदानबाट आइ नेपाल तराइको वनजंगल आवाद गरी सिमांगढ निर्माण गरेका थिए।[३] यस्तै विचार

१. सम्पादक मण्डल, नेपालका जनजातिको धर्म-संस्कार, प्रकाशन २०४८, पृ.सं. १९-२०

२. डा. स्वामी प्रपन्नाचार्य, प्राचिन किराँत इतिहास, प्र.प्रं. २०५१, पृ.सं. १०

३. इमानसिंह चेम्जोङ, किराँत इतिहास, लेखन १९८२, पृ.सं. ५

राख्नेमा भिम विक्रम सेन चोवेगू पनि छन् । उनका अनुसारः- इ.पू. ११०० मा क्यासपियन वरिपरीबाट हिन्दु कुश पर्वत नाघि पूर्व दक्षिण आउने हिन्दुहरुले भारत वासी किराँतहरुसँग युद्ध गर्नु परेको थियो । यहि महाभारतको युद्ध र वैद्धिक युद्धलाई विभिन्न इतिहासकारहरुले आ-आफ्नै ढंगले वर्णन गरेको भए तापनि हिन्दुहरुसँगको युद्धमा अशान्ति, वादविवाद, वेमेलको कारणबाट नै भारतका हिन्दु धर्म नमान्ने किराँतीहरुलाई अनेकन षडयन्त्रको मार खपाउँदा सिंमागढबाट इ.पू. ८०० तिर किराँती राजाहरु विस्थापित हुँदै नेपालको विभिन्न पूर्वी स्थानहरुमा बसाई सरे । यसरी नेपालमा बसाइ सर्नु पूर्व नै भारतका विभिन्न क्षेत्रहरुमा किराँतीसेन राजाहरुले राज्य गर्दथे भन्ने पुष्टि हुन आउँछ । भारतमा आर्यन आगमनको पूर्वसन्ध्यामै किराँती नागासेन गोपाल वंशहरु जो उत्तर पश्चिमबाट आई भारतमा स्थापित हुन पुगेका थिए । [१]

त्यस्तै इतिहास विद् नारादमुनि थुलुङले किराँती राजा शंम्बर मैदानी सिन्दु क्षेत्रको संग्राममा हार खाए पछि त्यहाँबाट पहाडी क्षेत्रतर्फ लागे र बैदिक कालमा 'दास', 'मरुत' भनिनेहरुको पर्वतमालामा आफ्नो गढ बनाउन थाले र उनीहरु 'कैरात' वा 'किराँत' नामबाट चिनिन थाले ।[२] त्यस्तै डा.स्वामी प्रपन्नचार्याले पनि सिन्धु सभ्यताको निर्माता किराँत हुन सक्ने विचार व्यक्त गरेका छन् । उनका अनुसार सिन्धुघाँटीको सभ्यताभित्र चचित्र स्थानिय स्थलहरुको नाम पनि किराँतहरुको हुनुमा एउटा प्रमाण देखिन्छ । किन भने आज पनि 'जमाल किरियो' नामको स्थान सिन्धु प्रान्त भित्र विद्यमान छ । भाषा वैज्ञानिक दृष्टिले 'जम्भाल' शब्दको अपभ्रंश 'जमाल' हुन पुग्यो र 'किराँत' शब्दको अपभ्रंश 'किरियो' हुन पुगेको देखिन्छ । प्राचिन कालका त्यस स्थानको नाम जम्भाल किराँत थियो । आज पाकिस्तानमा पर्ने सिन्धु नदी र रावीनदीको घाँटी आदि स्थानहरुमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा किराँत सभ्यता, संस्कृती र कलाहरु सकेका छन् । ती मध्ये सिन्धुघाँटीको सभ्यतामा देखा परेका कैयौं सामग्रीहरु किराँत सभ्यताका परेका छन् ।[३]

---

१. भीमविक्रमसेन चोवेगु, थेगिमहाङ लिम्बू, किराँत सेनेहाङ लिम्बू वंशावली इतिहास प्र.सं. २०६४, पृ.सं.८६
२. नारदमुनी थुलुङ, किराँतको नालिबेली, प्र.सं. २०४२, पृ.सं. १६
३.डा. स्वामी प्रपन्नाचार्य, प्राचिन किराँत इतिहास, प्र.प्र. २०५१, पृ.सं. १२

यसरी हेर्दा पनि किराँतहरु भारत वर्षबाट नै नेपाल प्रवेश गरेका हुन् भन्नेमा पनि विद्धानहरु विच एकमत रहेको पाउन सकिन्छ । विद्वानहरुका यी आधारहरुलाई हेर्दा किराँत जाती भारत वर्षबाट नै नेपाल प्रवेश गरेकोमा स्पष्ट हुन सकिन्छ ।

यसै क्रममा विद्धानहरुले त्रैतायुग, द्रपारयुग तथा महाभारतकालिन किराँती राजाहरुको नाम उल्लेख गर्ने जमर्को पनि गरेका छन् । १९ औं पिढीँका लवन्सुहाङ किराँत राजा गन्धर्वी देशमा राज्य गरिरहेको समय त्रेतायुगको समय थियो । त्रेतायुग पछि द्रपारयुगमा किराँत कुलकै वंश नेवेहाङका छोरा एकलव्यहाङ राजा भए । [१] यलम्वर किराँत राजाभन्दा अघिदेखि प्रारम्भ भएको महाभारत युद्धमा कैयौं किराँत राजाहरुसँग पाण्डवहरुले मित्रता राखे र कैयौंसँग युद्ध गर्नु परेको थियो । त्यसताका भारशीव उपाधिधारी नागा, सेन राजाहरुले शासन गरेको व्यहोरा प्रसिद्ध छ । जस्तोः- चित्रसेन, समुन्द्रसेन र भिमसेन इत्यादी ।[२]

यसरी हेर्दा किराँतहरुको अदिम पूर्खा को हुन्? भन्ने विषयमा पनि विद्वनहरु बीच मतैक्यता रहेको पाउन सकिन्छ । तर किराँतहरुको आदिम पूर्खाका रुपमा 'स्वयम्भूवमनु' लाई मान्ने विद्वानहरुको लर्को धेरै देखिन्छ । ती विद्वानहरुमा इतिहासविद् नारदमुनि थुलुङ, प्रेमबहादुर मावोहाङ गोसाइ श्री उत्तम बशादुर आदि रहेका छन् । किराँतीहरुको वंशवृक्षलाई हेर्दा 'स्वयम्भूवमनु'का एक मात्र पुत्र 'मंगोल' र मंगोलका ३ पुत्रहरु रहेका जसमा १. मुनाइङवा २.थोबोइङवा र ३. योबोइङबा छन् । यिनीहरु मध्ये पनि ज्येष्ठ पुत्र मुनाइङवाका पुत्र किराँतइङवाका १० जना छोराहरु रहेको । तिनीहरुमा १. योक्तुम्बा २. अठप्रे (अप्लिवा) ३. यकखावा ४. लुङफेवा ५. चाङफेवा ६. सुहाचेप्पा ७. थोक्लोप्पा ८. मागोप्पा ९.गुरुकप्पा र १०. मा थाङदावा रहेका छन् ।[३]

यी माथि उल्लेखित किराँत ऐतिहासिक वंशावलीमा जे जस्तो उल्लेख भएपनि नेपाल खाल्डोमा आएर शासन गर्ने प्रथम किराँत राजा 'यलम्बरहाङ' हुन् । र उनीसँगै करिब

---

१. श्री गोसाई श्री, उत्तमदास(उदयबहादुर) चोवेगू, संक्षिप्त किराँत इतिहास तथा थेगहिम् वंशावली, प्र.प्र.२०४८ पृ.सं. ४२

२. भीमविक्रमसेन चोवेगू, थेगिमहाङ लिम्बू, किराँत सेनेहाङ लिम्बू वंशावली इतिहास प्र.सं. २०६४, पृ.सं.१३२

३. श्री गोसाई श्री, उत्तमदास(उदयबहादुर) चोवेगू, संक्षिप्त किराँत इतिहास तथा थेगहिम् वंशावली, प्र.प्र.२०४८ पृ.सं. ५२

३२/३३ पुस्ता किराँती राजाहरुले नेपालखाल्डोमा शासन गरेको भन्नेमा प्राय सबै विद्वनहरुबीचमा मतैक्यता देखिन्छ । यलम्बरहाङले नेपाल खाल्डोमा मिति कलिगत ४० ताका शासन गरिरहेका अहिरवंशी राजा भुवनसिंहलाई पराजित गरि शासन गर्न सुरु गरेका थिए ।[१] यस क्रममा यलम्बरहाङले किराँतइङवाका १० छोरा (शाखा) हरु मध्ये योक्तुम्बा, याक्खोवा, अप्लिवा (अठप्रे), सुहाचेप्पा, लुङफेवा, याङफेवा गरी ६ शाखा भने आफूसँगै नेपाल खाल्डोमा ल्याएका थिए ।[२] यसरी नेपालका पहिला किराँती राजा यलम्बरहाङसँग आउने छ शाखा ( छोरा) मध्ये 'योक्तुम्बा'् नै किराँत समूहको एक जाति 'लिम्बू' भएको मान्न सकिन्छ । किनकी 'योक्तुम्वा' शब्द नै अपभ्रश भई 'याक्थुङवा' भएको प्रष्ट हुन्छ । जुन अहिले पनि लिम्बूहरुलाई आफ्नै भाषामा संवोधन गर्दा 'याक्थुङवा (लिम्बु)' भन्ने गरिन्छ ।

यहि क्रमले ३२ पुस्ता नेपाल खाल्डोमा शासन गरेका किराँती राजाहरुमा नेपाल खाल्डोका अन्तिम किराँती राजा भने योक्नेहाङ हुन् ।[३] उनको पालामा लिच्छवि वंशका भूमिवर्म राजाले चढाँई गरी शासन आफ्नो हातमा लिएपछि किराँतहरु नेपाल खाल्डो ( यलाखोम) त्यागी पूर्व तर्फ लागे र वनेपामा आइ जम्मा छ पुस्ता राज्य गरे ।[४] यही क्रममा शासन कार्यमा दाजुभाईहरुको किचलो बढ्दै जाँदा र दरसन्तानहरु बढ्दै जाँदा योक्तुम्बा शाखाका सन्तानहरु त्यस भन्दा पनि पूर्व (अरुणपूर्व) तर्फ लागे र केही समय मक्वानपूरलाई केन्द्रमानी अरुणपूर्वमा राज्य गर्न थाले । सोही बखतमा मकवानपूरी सेनवंशी राजाको अत्याचार खप्न नसकि दश राय लिम्बूहरुद्धारा धनुकाँड आदिको प्रयोग गरि राज्य आफ्नो हातमा लिइ दश लिम्बू सत्र थुमको लिम्बूवान राज्य खडा गरेका थिए ।

यसरी शुरु ताका योक्तुम्बा र अहिले याक्थुङवाका रुपमा रहेका वर्तमन लिम्बूहरुको थर लिम्बू र लिम्बूवान क्षेत्रको राजनैतिक सिमाङ्कन कसरी भयो भन्ने सम्बन्धमा पनि विभिन्न विद्वानहरुबीचमा मत-मतान्तरहरु देखिन्छ । यसै क्रममा स्व. इमानसिंह चेम्जोङ्गले

---

१.श्री गोसाई श्री, उत्तमदास(उदयबहादुर) चोवेगू, संक्षिप्त किराँत इतिहास तथा थेगहिम् वंशावली, प्र.प्र.२०४८ पृ.सं. ५३
२.ऐजन, ऐजन, ऐजन, पृ.सं. ६०
३. ऐजन, ऐजन, ऐजन, पृ.सं. ९९
४. ऐजन, ऐजन, ऐजन, पृ.सं. १००

लिम्बूजातिको नामाकरण र लिम्बूवान क्षेत्रको प्रादुर्भावको बारेमा स्पष्ट पारेका छन् । स्व. इमानसिंह चेम्जोङ्ग दश चिनियाँ सान मकवान नेताहरुद्धारा लिम्बूवानको प्रादुर्भाव भएको देखाउछन् । उनका अनुसार किराँत देश विभाजन हुनु अघि यो पूर्व फाँटमा आठ राजाहरुले आफ्नो गाँउमा बसी राज्य गर्दथे । ती राजाहरुका नाम क्रमशः- हन्देनहाङ, याकेतेद्हाङ, चेस्विहाङ्, लारासोहाङ, पाङ्वोहाङ, खादोहाङ र इमेहाङ थिए । यी आठ राजाहरुको राज्यको सिमाना मधेस तथा पहाड दुवै तर्फ फैलिएको थियो । (१) पछिबाट चिन देशको दक्षिण भागको सुचुवाङ अथवा युनान प्रदेशको मकवान नामक ठाउँबाट सान जातिका चिनियाँहरु आफूलाई सान मकवानजाती घोषणा गरी उत्तर बर्मा देशको चिन्दबीन नदिको किनारमा बसाई सर्न आए । बस्दा रहदा एक अर्को काचिन अथवा चिङफोजातिले तिनीहरु बसेको ठाउँहरुमा आक्रमण गरे । घमासान युद्ध पश्चात लडाइमा काचिन जातिहरुको विजय भयो ।

यस प्रकारले चिनदविन नदीको हुक्काङ भ्यालीको लडाइमा पराजित भई भाग्ने सानमक्वान जातिहरु दश नेताहरुका नेथृथ्वमा वर्मादेश छाडी चातकोइ पहाड नाघि आसामको मैदान भूमिमा बसाइ सर्न आए । त्यहाँबाट उत्तर वंगालको देशमा प्रवेश गरे । तिनीहरुले उपरोक्त आठ किराँत राजाहरुसँग अनुमति मागी उनीहरुकै देशमा प्रजा भई बसे ।

समयानुसार यी दश भाई सानमकवान वंशका मानिसहरुको संख्यामा वृद्धि भयो, त्यस अवस्थामा तिनीहरुको राजाले उनीहरुमाथि राजनैतिक विद्रोहको संका गरी तीनिहरुलाई अत्यन्त निष्ठुरताका साथ थिचोमिचो गर्न लागे र सानमकवानवंश माथी दासत्वको व्यवहार गर्न लागे , यस्तो अन्याय र निष्ठुर व्यवहार सहन नसकि शानमकवान वंशका मानिसहरु एकमत भई त्यस

मुलुकका अम्बेपोजोमा, कामकेत्लाङमा र सुम्हेतलुङमा नामका ठाउँहरुमा भेला भई चुम्लुङ ( सभा) गर्न लागे । अन्याय सहनुभन्दा विद्रोह गरी ति दुष्ट राजाहरुको संहार गरी आफै त्यो देशको अधिारी हुने भनी तिनीहरुले निश्चय गरे । यस प्रकार द्रिढ संकल्प लिई वीर योद्धाहरु अस्त्र शस्त्रले सुसज्जित भई युद्धको नारा लगाउँदै युद्ध क्षेत्रमा भेला हुन थाले । राज विद्रोह

---

१. इमानसिंह चेम्जोङ, किराँत कालिन विजयपूरको संक्षिप्त इतिहास, प्र.सं. २०३१, पृ.सं. १

गर्ने निधो थाहा उापन साथ त्यो देशका आठ राजाहरु आ-आफ्ना भए भरका फौज भेला गरी युद्ध क्षेत्र अम्बेपोजोमा आए । रण क्षेत्रमा मुकाविला हुना साथ भयङ्कर काटमार चल्यो । टाढा- टाढा लुकी रहेका धनुधारीहरुले दुश्मनका सिपाहीहरु एक- एक गरी मार्न थाले । भाला, वर्छा, बन्चरो, चेप्सा, तिखा तिखा वाणहरुका आघातले गर्दा आठ राजाका सिपाहीहरु रणक्षेत्रबाट पलायन भए । आठ राजाहरु कोही मारिए । कोही विदेश लागे । त्यो देश शानमकवान राजाहरुको हातमा आयो । अब राजा निवाचन गर्ने प्रस्ताव राखे । एउटा राजा चुनाव गर्नु जयज ठहरदैन भन्ने चुम्लुङ सभामा निर्णय भयो । कारण दश सरदारहरुकाु सल्लाह अनुसार युद्ध गरी विजयी गरेको देश हो । तसर्थ् यो देश दश भागमा विभक्त गरी दश सरारका वंशावली प्रत्येक भागमा राज्य गर्ने प्रस्ताव पारित गरे । भने तिनीहरुले विजय गरेको देशको नयाँ नाम राख्ने दोस्रो प्रस्ताव राखे । शानमकवान वंशका मानिसहरुले छलफल गरी घनुष वाणकै शक्तिले विजय प्राप्त गरको देश हो भनी त्यो देशको नाम 'लिम्बूवान' राख्ने प्रस्ताव पारित गरे ।[१]

यस्तै श्री गोसाई श्री उत्तमदास (उदय बहादुर) चोवेगू बनेपाका अन्तिम किराँती राजा लिबुकहाङ्का पालामा दश लिम्बू प्रान्त भएको र उनकै जनता 'लिम्बू' र छुट्याएको प्रान्त लिम्बूवान भएको मत प्रकट गर्दछन् । [२] यसै क्रममा प्रेम बहादुर मावोहाङ लोलिमहाङ राजाका नामबाट 'लिम्बू' रहन गएको मत प्रकट गर्दछन् । लिम्बू नामाकरणका सन्दर्भमा विभिन्न मतान्तरहरु देखा परे जस्तै लिम्बूवान राज्यको अस्तित्वको सम्बन्धमा पनि धेरै मत मतान्तरण रहेका छन् । इतिहासविद् धरणीधर दाहाल लिम्बूवानको संकलप सन् ६००/७०० तिर देखाउछन् भने स्व.इमानसिंह चेम्जोङ्ग सन् ६०० तिर देखाउँछन् । तर लिम्बूवानको वास्तविक राजनीतिक सिमा भने सन् १२६४ देखि मात्र विकसित भएको बुझ्नमा आउँछ ।[३]

पृथ्वी नारायण शाहको एकिकरण पश्चात पनि लिम्बूहरु अपूंगी स्वामित्वका रुपमा

---

१. इमानसिंह चेम्जोङ , किराँत कालिन विजयपूरको संक्षिप्त इतिहास, प्र.प्र. २०३१ पृ.सं. २-७
२. १.श्री गोसाई श्री, उत्तमदास(उदयबहादुर) चोवेगू, संक्षिप्त किराँत इतिहास तथा थेगहिम् वंशावली, प्र.प्र.२०४८ पृ.सं. ५३
३. भीमविक्रमसेन चोवेगू, थेगिमहाङ लिम्बू, किराँत सेनेहाङ लिम्बू वंशावली इतिहास प्र.सं. २०६४, पृ.सं.१०२

जिम्मावाल, तालुकदार वा सुब्बाका रुपमा किपटीया परम्परा अनुसार लिम्बूहरुले आफ्नो स्वामित्व कायम राखेता पनि राजा महेन्द्रको पंचायती व्यवस्थाको समयमा जारी भएको भूमि सुधार ऐन २०२१ (दोस्रो संस्करण २०२५) लागु भएपछि  किपट प्रथा पनि सदाको निम्ति समाप्त भएर गएको हो ।

यसरी किराँती समूह अन्तर्गतको एक 'लिम्बू' जाति प्राचिन जाति हो । र लिम्बू ( याक्थुङवा) जातिको इतिहास किराँत समूहको इतिहास जत्तिकै प्राचिन छ भन्नेमा पनि स्पष्ट हुन सकिन्छ ।

## ३.३. लिम्बू जातिको संस्कृति

मानवले जन्मेर बाँच्दा र साथै मर्दासम्म पनि विभिन्न  क्रियाकलापहरु सत्तचालन गर्दै रहेका हुन्छन् । मानव जीवनमा आइपरेका हरेक क्रियाकलापहरु विधिसम्मत तरिकाले परापूर्वकालदेखि सञ्चालनमा आइराखेका हुन्छन् । जसलाई हामी संस्कृति भन्दछौं । संस्कृति मानव सभ्यताको आदिम कालदेखि नै मानव जीवनमा व्यवह्रत भएर केही परिमार्जन, केही हराएर तथा केही थपिएर पनि आइराखेका हुन्छन् । यसरी हामी बोलीचालीमा संस्कृतिलाई परम्परा पनि भन्न सक्छौं । हरेक समुदायमा परम्परा तथा संस्कृतिले विधि नियम तथा आचरणको प्रभाव स्वरुप संस्कार, संस्कृति तथा परम्परालाई मानव जीवनबाट बदल्न वा छुटाउन लगभग असम्भव नै हुन्छ । यस्ता संस्कार तथा परम्पराहरु विभिन्न  जाति समुदाय विशेषमा छुट्टाछुट्टै प्रकारका हुन्छन् । प्रत्येक जाति विशेषका जन्म विवाह तथा मृत्यु आदिमा आ-आफ्नै प्रकारका संस्कृति तथा परम्पराहरु प्रचलित व्यवह्रत तथा सम्पादित भइ आएका हुन्छन् । वास्तवमा भन्ने हो भने यही परम्परा तथा संस्कृतिहरु नै कुनै पनि जातिलाई स्पष्ट रुपमा चिनाउने विशेषताहरु हुन् । यसरी प्रष्ट रुपमा भन्ने हो भने मानव समुदायले आफ्नो सभ्यताको सुरुदेखि नै सर्वसम्मत तरिकाले सञ्चालन गरि ल्याएका विधि व्यवहारहरुलाई नै संस्कृति वा परम्परा भन्दछौं ।

नेपाल बहुजाति, बहुधार्मिक, बहुभाषिक तथा बहुसाँस्कृतिक देश हो । यहाँ विभिन्न जाति, जनजातिहरुको बसोबास रहेको छ । त्यसैलृ स्वभावैले यहाँ साँस्कृतिक विविधता रहेको

नै छ । विशेषत भन्ने हो भने साँस्कृतिक दृष्टिकोणमा हेर्ने हो भने नेपालका आदिवासी जनजातिहरु विशेष महत्वका छन् । यिनीहरुको जिवनशैली कुनै पनि किसिमको संस्कृति वा परम्परा विहिन छँदैछैन भन्दा फरक नहोला । नेपाल भित्र बसोबास गर्ने अन्य जातिहरुको भन्दा बेग्लै किसिमको संस्कृति पाउन सकिन्छ जनजातिहरुमा । नेपालका अन्य समुदायका लिम्बू जाति पनि नेपालका आदिवासी जनजातिका रुपमा सूचिकृत जातिहो । अर्कोतिर यहाँका अन्य आदिवासी जनजातिहरुका संस्कृति तथा परम्परा भन्दा बेग्लै पहिचानका संस्कृति बोकेका जातिका रुपमा लिम्बू जातिलाई चिन्न सकिन्छ । लिम्बू जाति आदिम जाति त हुँदै हो र साथै लिम्बू जातिमा पनि जन्म देखि मृत्युसम्मका विभिन्न आदिम संस्कार संस्कृतिहरु आज पर्यन्त चलिनै रहेका छन् । भलै ती कतिपय लोप भए होलान् कति परिमार्जित भए होला कति थपिए पनि होलान् । यसरी लिम्बू जातिको जनजिवनमा यसले गहिरो प्रभाव पारेको छ । एउटा छुट्टै पहिचानका साथ जातिय अस्तित्व बोकेको लिम्बू संस्कृतिहरु संख्यात्मक रुपमा धेरै छन् । तर यहाँ केही महत्वपूर्ण लिम्बू संस्कृतिको क्रमिक रुपले संक्षिप्त परिचय गराउनु उचित हुन्छ ।

### ३.३.१. लिम्बू पर्व वा चाड चासोक तङ्नाम:-

नेपालका तमाम जाति आदिवासी जनजातिहरुले परम्परादेखि मानी ल्याएका आ-आफ्नै मौलिक चाडहरु छन् । जुन पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म आ-आफ्नै जाति विशेषमा छरिएर रहेको हामी पाउँछौं । आर्यनतका मानिसहरुले दशैं र तिहारलाई महान् चाडका रुपमा मनाउन्छन् । त्यस्तै मुस्लिम सम्प्रदायकाले बकरइद तथा क्रिश्चियन सम्प्रदायकाले क्रिसमसलाई महान चाडका रुपमा मनाउँछन् । यसै सिलसिलामा हेर्ने हो भने किराती सम्प्रदायको महान चाडको रुपमा चासोक तङना रहेको छ । चासोक तङ्नामको शाब्दिक अर्थ 'चासोक' भनेको नयाँ अन्नवाली हो र तङ्नाम भनेको चढाउनु हो त्यसकारण 'चासोक तङनाम' को अर्थ वर्षभरीमा पोकेको नयाँ अन्नवाली चढाउने भन्ने अर्थ हुन्छ । यसलाई किरात बाहेक अन्य जातिले यसलाई न्वागीका रुपमा लिन्छन् ।[१] यो (न्वागी पूजा) चाड

१. मञ्जुल याक्थुम्वा, किराँत चाडः- चासोक तङनामको छोटो जानकारी, तान्छोप्पा मासिक, वर्ष १५, अंक १०, २०६७

मेचिदेखि महाकाली तथा तराइदेखि हिमाल सम्मका किरातीहरुले मंसीर पूर्णेताका सम्पन्न गर्छन । यो चाडलारुई राईहरुले साकेवा/साकेला, सुनुवारहरुले 'फोलषाँदर' तथा किराती लिम्बूहरुले 'चासोक तङनाम' को नामले बडो धुमधामका साथ मनाउँछन् । मंसीर पूर्णेताका मनाउने क्रममा कसैले भोगबली र कसैले सात्वीक तरीकाले पूरोहितद्धारा यो चाड पूजा सम्पन्न गर्दछन् । मंसीर पूर्णेताका त्रयोदशी देखि पूर्णेसम्म जम्मा तीन दिन यो चाड मनाउने गरिन्छ । वितेका दिनका रीसरागलाई विर्सेर चासोक तङ्नामका दिन लिम्बू समूदायमा भेटघाट र शुभकामना आदान प्रदान गरिन्छ । साथै यहि चाडको अवसरमा पाहुनाहरुको आदान प्रदान गरी खानपिन पनि गरिन्छ । नवविवाहित वेहुला बेहुली र अन्य चेलीबेटीहरु हुक्वा र चेसुङ्का  साथमा चासोक तङनामकै दिन माइती वा ससुराली जाने गर्छन । चासोक तङनाम नयाँ बाली (धानवाली) भित्रएको बेला गरिने वा मनाइने चाड भएकाले धान, कोदो, मकै आदी जस्ता  पाकेका बालीका दुईतीन मुठ्ठी बालाहरु घरमुली महिलाले चोखो नितो गरी फेदाङ्माद्धारा प्रकृया पुऱ्याएर पूजा आजा गरी मनाइन्छ ।

यसरी लिम्बू महान् चाड चासोक तङ्नाम मनाउने एउटा निश्चित विधि र सामग्रीहरु आवश यक पर्छ । चासोक तङ्नामका अवसरमा गरिने पूजालाई चासोकथिसोक पूजा भनिन्छ । जुन पूजाको लागि चाहिने सामग्री र पूजा विधि तल उल्लेख गरिन्छ ।

क) नयाँ अन्न मकै, कोदो, धान आदि  पाकेपछि घरको मुली आइमाइले चोसो नितो गरि धान र कोदोको बाला टिपी ल्याउछन् । धानको बालाबाट धान झारेपछि त्यसलाई हाँडीमा भूटी ओखलीमा कुटेर चिउरा बनाइन्छ भने नङ्गले छोडाएको  नयाँ धानको अक्षता चामल बनाइन्छ ।

ख) कोदोको बालालाई हातले माडेर गेडा निकालिन्छ । कोदोको गेडा मर्चा र पानी मिसाएर पूजाको लागि जाँड साप्तोक बनाइन्छ ।

ग) नरकट, मालीङ्गो वा निगालो आदिको तल्लो पट्टि भुईमा गाड्न सजिलो हुने गरी चुच्चो पार्ने र माथि पट्टि मुठारेको ढुङ्ग्रो ५/६ इन्च लामो बनाइन्छ । त्यस भित्र साप्तोक हाली थि तोङबा बनाइन्छ । तोङ्बा बनाउने वस्तुबाटै सिन्का बनाई पिचिङ (पाइप) तोङबामा हाल्ने र तोङ्बालाई केराको पातले छोपी पिचिङले छेडे पछि पूजाको लागि तोङ्बा तयार हुन्छ ।

घ) वासोफुङवेत् (चिन्डो) वा लोहोटा/डबकामा वादुम्पक्वा (चोखोपानी) हाली वासाङ्ना वा लाइक्सो (केराको पातलाई बेरेर बनाएको पानी छर्कने वस्नु) तयार गर्नु पर्छ ।

ङ) विभिन्न प्रकार फलफूल, सुकेको तितेपाती र धुपीको धुलो धुप, सालधुप, अन्य सुगन्धीत धुपहरु, भेटी, चिउरा, अक्षता तयार गर्नु पर्छ ।

च) ३ देखि ६ इन्च गहिरो जमिन खनेर निक्लेको माटोले जमिन लिप्नु पर्छ । लिपिएको जमिनमा पूजा गरिने विभिन्न देवि देउताहरुको लागि सुल्टै सुल्टो पारी केराको पात दुईसरो पात ओच्छ्याइ (पूजा थान) बनाइन्छ । लासो थाप्ने तरिका कही कही फरक पनि हुन सक्छ ।

छ) युमा साम्माङ र थेवासाम्माङको थानमा भने माथि उल्लेखित सामग्रीहरुको अतिरिक्त थालमाथि फुङ्सारी (कलश) र दियो जलाइ पूजा गर्नु पर्छ । घरभित्र लासो थाप्दा जमिन खनी सम्याउनु पर्दैन ।

माथि उल्लेखित तयार पारिएका आवश्यक सामग्रीहरु मध्येबाट बाहिर पूजिने देव देवताहरुको लागि खनि सम्याइएको जमिनमा प्रत्येक देवि देवताको लागि लासो अगाडी १/१ जोर तोङ्बा ठड्याउनु पर्छ । पूजा सकिएपछि तोङ्बाको जाँड पिचिङले लासोमा छर्किएर वा चढाएर तोङ्बाहरु लडाइदिनु पर्छ । चासोक तङ्नाम मनाउदाका दिनमा गरिने पूजा विधि, तरिका र मुन्धुम जान्ने जो सुकैले गरेपनि हुन्छ । तर धेरै जसोले देवारी, माङदेम्वा र फेदाङ्माहरुद्धारा नै यो पूजा सम्पन्न गराउँछन् । पूजा सम्पन्न गरिसकेपछि फेदाङ्मा वा देवारीले नयाँ पाकेको अन्नको चिउरा र अक्षताका साथ अन्य चडाइने चिजविजहरु बलिरहेको जुलोमा चडाउँछन् । र यावोहरु (मैनामहरु) घर परिवारका सम्बन्धित सदस्यहरुमा आर्शिवादका साथ देवारीले फिर्ता दिने काम गर्छ । त्यसपछि सबैमा प्रसात वितरण र खानपिन शुरुहुनका साथै नजिकका दाजुभाई, चेलीबेटी र इष्ट मित्रहरुलाई समेत बोलाई गच्छे अनुसारको आतिथ्य अर्पण गर्नुका साथै छिमेकीहरुको घर-घरमा चाडको वा पूजाको प्रसात वितरण गरिन्छ । यसरी लिम्बूहरुको महान् चाड चासोक तङ्नामको अवसरमा गरिने पूजा चासोक थिसोक पूजामा पनि विभिन्न देविदेवताहरुको पूजा आराधाना गरिन्छ । जस्तो कि सम्पन्न गरिन लागेको पूजाकार्य विध्नबाधा रहित सम्पन्न होस् भन्नाका लागि सर्वप्रथम 'मिसेक्वा' को पूजा गरिन्छ । त्यस्तै गृहस्ती जीवनमा विध्नवाधा नदिइयोस् भनी 'ताफेम्बा'

वा ‘ताम्भुङ्ना’  जस्ता विभिन्न शिकारी वनदेवता वनदेविहरुको पूजा आराधना गरिन्छ । यसमा ‘तकसम्बा’, ‘सिरिङमा’ वा ‘मुदेन्हाङमा’, ‘तेन्छामा’, ‘खञ्जमा’, वजमा तथा ‘वरक्पा’ वा ‘वरक्मा’ जस्ता वनदेवि देवताहरु पनि पर्छन् । घरको रक्षा गर्ने बुढाबाजे देवता ‘काप्पोबा’ ‘हिमसाम्माङ’ को साथै तागेरा सनङ्वाफुमाङ मातृशक्तिकोा रुपमा प्रकट भएकी लिम्बूहरुको सर्वोपरि इष्टदेवी ‘युमासाम्माङ’ आदिको साथै ‘थवासाम्माङ’, ‘थुङदाङ्बा’, सिबेर याक्थुङ्मा, सिवेर याभुङग्रेकमा को पनि पूजा आराधाना गरिन्छ ।

अन्त्यमा अन्य जाति जनजातिहरुको जस्तै लिम्बू जातिको महान् चाड ‘चासोक तङ्नाम’ हो । प्रत्येक वर्ष चासोक तङ्नामलाई राष्टिङय चाडको रुपमा मान्यता दिदै नेपाल सरकारले एकदिन राष्ट्रिय विदाको घोषणा गरेको छ । लिम्बू संस्कृतिको अभिन्न अंगको रुपमा ‘चासोक तङ्नाम’ पनि एउटा हो र यो पर्व लिम्बू जातिको ऐवयवद्धता एकता समृद्धता सद्भावको प्रतिकका रुपमा मनाइन्छ ।

## ३.३.२. बलिहाङ तङ्नाम

हरेक वर्ष मंसीर पूर्णेताका तीन दिन सम्म भव्य रुपले मनाइने चासोक तङ्नाम, माघ एक गते सक्रान्तीका दिन मनाइने कक्फेक्वा तङ्नाम, साउन एक गते मनाइने सिसेक्पा तङ्नाम जस्तै कार्तिक महिनाको औंशीको रात दिपावली गरी मनाइने चाड ‘बलिहाङ तङ्नाम’ पनि लिम्बूहरुले परापूर्व कालदेखि परम्परा अनुसार मनाइ ल्याएको साँस्कृतिक चाड हो ।[१] अन्य समुदायहरुले तिहारको रुपमा मनाउने यस चाडलाई लिम्बूहरुले बलिहाङ तङ्नामका रुपमा मनाउने गर्छन् । बलिहाङ तङ्नाम कसरी मनाइयो वा सुरुवात भयो भन्ने विषयमा लिम्बू समूदायबीच एक रोचक आख्यान प्रचलित रहेको छ । जसलाई उल्लेख गर्नु सम्मुचित नै देखिन्छ ।

कैरात देशले परिचित नेपालको पश्चिम क्षेत्रमा राज्य गर्ने बलिहाङ नामक ख्याती प्राप्त राजा थिए । उनी अति दानी, प्रतापी, प्रजावत्शल र आध्यात्मिक व्यक्तित्वका धनी थिए

१. मञ्जुल याक्थुम्वा, मौलिक किराँत धर्म-संस्कार, प्र.प्र. २०६२, पृ.सं. ७३

। तागेरा निङ्वाफुमाङ्का परम्भक्त हुनुका साथै उनमा भविष्यवाणी गर्न सक्ने शक्ति समेत थियो ।आफ्ना प्रजाहरुबीच उनी अत्यन्तै लोकप्रिय थिए । त्यसैले प्रजाहरु सँधै उनको दिर्घायुको कामना गर्दथे । तर जन्मेपछि एक दिन अवश्य मर्नै पर्ने प्रकृतिको नियमलाई कसले टार्न सक्छ र? जब राजाले आफ्नो मृत्युको समय थाहा पाए, उनले मुख्य - मुख्य भारदारहरु, राजदरवारका पदाधिकारीहरुलाई दरवारमा भेला गराई यस संसारबाट विदा हुने आफ्नो अन्तिम दिन आई पुगेको  घोषणा गरे । राजाको त्यसतो दुःखदायी घोषणा सुनेपछि सम्पूर्ण भारदार तथा  पदाधिकारीहरुले के कस्तो सद्भक्ति र उपाय गरेमा आफ्नो प्रजा पालक राजाको आयु लम्ब्यान सकिन्छ अथात् कालको मुखबाट बचाउन सकिन्छ भनी राजा समक्ष आफ्नो जिज्ञासा राखे । आफ्नो अन्तिम घडी आए पछि कालको मुखबाट उम्कन नपाउने प्राकृतिक नियम हो तापनि सत्भक्ति र सदुपायले तत्कालिन आपत् विपत्लाई टार्न सकिन्छ । तर यस्तो कुरो मानिसको वसमा नभई यमराजको दयामा  निर्भर गर्दछ भनी राजा बलिहाङ्ले आफ्नो भनाई राख्दै यसो भनेः- 'आउँदो कार्तिक महिना अक्टोवर/नोभेम्बर महिनाको औंशीको अंन्धकार रातमा यमराज आउने छ र उनलाई लिएर जाने छ । तर यमराजलाई खुसी पार्न सकेमा जीवन फिर्ता गर्न सक्ने छन् भनी त्यसको उपाय समेत यसरी बताएः- कार्तिक महि नाको डरलाग्दो औंशीको रात आउनु भन्दा अघि नै राजदरवारका प्रमुख पदाधिकारीहरु लगायत सम्पूर्ण प्रजाहरुले स्नान गरी शारीरिक सफा सुग्घर र मानसिक हिसावले पवित्र भई रहनु पर्दछ । जव त्यो अन्धकार डरलाग्दो औंशीको रात आउँछ तव समस्तले आफ्नो घरभित्र र वाहिर हजारैं बत्तीहरु बाली उज्यालो बनाई राजा बलिहाङ्को आयु बढाई दिन रातभर तागेरा निङ्वाफुमाङ्सँग प्राथना गर्नु पर्छ र यमराजको आगमनलाई पनि हेरी रहनु पर्दछ । प्रकाशको बीचमा छायाँको आकारमा यमराज देखा पर्नेछ । यसरी प्रकाशको बीचमा मान्छेको छायाँ जस्तो दृश्य देख्न साथ जति सक्दो चाँडो बुढा-बुढी, युवक-युवती, बाल-बालिका सबैले सबैले संयुक्त भई हात जोडी अन्तर आत्माले विश्वास पूर्वक एउटै आवाजमा राजा बलिहाङ्को आयु बढाई डर लाग्दो रातबाट बचाउन उनीसँग प्राथना गर्नु पर्छ । राजा बलिहाङ्को जीवन रक्षाको लागि उनका प्रजाहरुको सच्चा प्राथना र

भक्तिबाट यदि यमराज सन्तुष्ट भएमा उनले राजालाई जीवनदान दिई (आयु बढाई) त्यो डरलाग्दो रातबाट उनलाई बचाउने छन् ।

राजा बलिहाङ्को त्यस्तो कुरा सुनेपछि सम्पूर्ण भारदार र पदाधिकारीहरुले आउने कार्तिक महिनाको अन्धकारमय रातमा आफ्ना शरीर र हातमा शुद्ध र पवित्र राखि सम्पूर्ण प्रजाहरुले राजा बलिहाङको जीवन रक्षाको लागि सच्चा अन्तर आत्माले तागेरा निङ्वाफुमासँग प्राथना गर्न समस्त प्रजाहरुमा समेत सूचना जारी गरे ।

जब कार्तिक महिनाको औंशीको दिन आयो समस्त स्त्री पुरुष, युवक युवती, प्रमुख भारदार, पदाधिकारीहरु समेत समावेश भई स्नान गरी घरलाई सफा सुग्घर एवम् सृगार गरेर रात पर्न साथ उनीहरुले् घरभित्र र बाहिर बत्तिहरु बाली राजा बलिहाङको जीवनदानको लागि उपवास वसी तागेरा निङ्वाफुमाङ्को प्राथना गर्न थाले । राजा बलीहाङ् निराश भई भारदारहरु र पदाधिकारीहरुबीच डल्की रहेथे । सम्पूर्ण प्रजाहरु राजदरवारको भित्र-बाहिर प्राथना गीत गाईरहेका थिए । राजदरवारको भित्र बाहिर जहि यही उज्वलमय बत्तीहरु बलीरहेका थिए । प्रजाहरु पूर्ण होसियारका साथ प्राथना गरीरहेका थिए । त्यही बेला मध्यरात वित्न साथ अचानक यमराज प्रकाशको बीचमा मान्छेको छायाँको आकारमा देखा परे । त्यसलाई सबैले देखेर उनीहरु सबैले एकै स्वरमा प्राथना गाए र सत् भक्तिका साथ अन्तर आत्माले राजा बलिहाङ्को आयु थप गरिदिन अनुरोध गरे । उनीहरु रुदैं चिच्याउदै भन्न लागे । यदि राजा बलिहाङको मृत्यु भयो भने राज्य भरका हामी प्रजाहरु भिषण अन्धकारमा पर्ने भएकाले राजा बलिहाङ्को आयु बढाई त्यस डरलाग्दो रातबाट बचाउन य मराजसँग सबैले अनुनय-विनय गरे ।

राजा बलिहाङप्रति प्रजाहरुको त्यस्तो अगाध श्रद्धा एवं स्नेह देखेर उनीहरुलाई यमराजले उत्तर दिए । मानवको जीवन मरणको अधिकारी उनी नभए तापनि उनालाई बचाउने प्रयास गर्ने बचन दिए । उनले त्यसो भन्न साथ त्यो छायाँ अदृश्य भयो । राजा बलिहाङले पनि अन्तिम स्वास लिए । सबै प्रजाहरु पनि राजा बलिहाङको आयु थप गर्न रुँदै प्राथना गरी रहे । भोलिपल्ट विहान भाले बास्न साथ मिरमिरे उज्यालो हुन लाग्दा पुनः राजा बलिहाङ्ले स्वास फेरेर सचेत भए । जब उनी पूर्ण चेतनामा आए । उनले आफ्ना प्रमुख

भारदारहरु तर्फ हेरेर भन्न थाले की तिमीहरु लगायत सम्पूर्ण प्रजाहरुका सच्चा ब्रत, प्राथना र अटल विश्वासद्धारा मैले पूनः जीवन पाएँ । प्रजाहरुको यसतो भक्तिबाट उनी अत्यन्त सन्तुष्ट भए । प्रजाहरुको सच्चा भाव भक्तिबाट आफूले पुनःजीवन पाएका कुरा समस्त प्रजाहरुमा खुसीयालीको रुपमा मनाउन आदेश पनि जारी गरे । त्यस दिन खानु, पिउनु र आनन्दका साथ रमाइलो गर्ने र त्यो घटनाको सम्झना स्वरुप प्रत्येक वर्षको कार्तिक महिनाको औंशीलाई उनीहरुको पर्वको दिन मनाउन उनले आफ्ना प्रमुख पदाधिकारीहरु मार्फत प्रजाहरुमा आदेश दिए ।[१] त्यही दिनदेखि नै बलिहाङ् तङ्नाम लिम्बू समूदायमा मनाउन थालिएको विश्वास गरिन्छ । आजसम्म पनि नेपाल अधिराज्यभर तिहारको दिपावली पर्वमा देउसी भौलो खेल्दा ***"हामी त्यसै आएनौं बलि राजाले पठाए"*** भन्ने जस्ता वाक्य प्रयोग भई रहेकै छ । यसले पनि माथिको आख्यानलाई पुष्ट्याई दिन सक्छ ।

यसरी देशका सम्पूर्ण प्रजाहरुले राजाको जय होस् भनी किराँत लिम्बू भाषामा 'तियाहा' शब्द प्रयोग गरी दिपावली मनाइएकोले पछि तियाहा शब्द अपभ्रशं भई 'तिहार' भएको हो । लिम्बू समूदायमा यो चाड बडो धुमधाम साथ मनाइन्छ । समूह-समूह भएर यो पर्वमा राती घर-घरमा गाउँदै, हिड्दै राती भए लारिङ्गेक् र दिनमा भए नाम्लिङ्गेक् भन्दै आफ्नो जातिय बाजा च्याब्रुङका साथमा मौलिक पोशाक सहित नाच्दै गाउँदै यो पर्व मनाइन्छ । मौलिक बाजा केलाङ् (च्याब्रुङ) का साथ सक्नेले दुई तिन दिनसम्म पनि (फाइलो/देउसी) खेल्दछन् ।

यसरी लिम्बू समूदायमा मिठो मसिनो खाने, ख्वाउने तथा छर-छिमेकमा कोशेली पुऱ्याउने चलन छ । साथै घरघरमा बलिहाङ् राजाको पूजा अर्चना भव्यताका साथ गरिन्छ । साथै आजभोली घर-घरमा झिलिमिलि साथ सेल रोटीको प्रकारहरु पनि बनाइन्छ ।

---

१. जीतबहादुर जवेगूसँग गरिएको कुराकानीबाट

बलिहाङ तङनाममा खेलिने लारिङ्गेक् /नाम्लिङगेक्को सृष्टिसँग सम्बन्धित केही अंश प्रस्तुत गरिन्छ।

पासे/मासे
लोक्फागेन्ग
हिम्दाङबासे ॥
उन्छोन-उन्छोन
इक्सा-होप्ते ॥
तोरोङ्दिङग
ताङ्साङ होप्ते ॥
लानाम् होप्ते
खेसे होप्ते ॥
लागक होप्ते
नाम्गक होप्ते ॥
थकसा होप्ते
पुसा होप्ते
लाजे होप्ते
सिम्बुङ्ग होप्ते ॥
तागेरा ग
निङ्वाभुमाङ् ॥
मेन्निमाङ्गले
मेन्धामाङ्ले ॥
इक्सा खाम्बेक
चइत चोगु ॥
लानाम्खेसे
कुवे फाक्तु ॥

केजङ साम्मिन

कुबे नाप्सु ॥

लाजे सिम्बुङ्ग

चइत् चोगू ॥

थक्सा पुसा

चइत चोगू ॥

मेन्छागेन्ना

नारा चइत् ॥

कुबे नाप्सु

खेम्बोनुग ॥

इक्सा खेम्दु

खाम्बेक खेम्दु ॥

लाजे खेम्दु

सिमबुङ खेम्दु ॥[१]

नेपालीमा भाव अनुवाद गर्दा :-

घरमुलीहरु, उहिले- उहिले, न माटो थियो, नत ढुङ्गा नै थियो । जुन थिएन, तारा थिएन, चराचुरुङ्गी थिएन। पृथ्वी तथा रुखपात पनि थिएन । पछि तागेरा निङवाफुमाङले माटो बनायो, ढुङ्गा बनायो । जुन तारा बनायो । पृथ्वीको निर्माण गरे तथा चराचुरुङ्गीको निर्माण गरे । यो संसारकै सृष्टि गरे ।

## ३.३.३. यक्वा तङ्नाम (उभौली पूजा):-

किराँत वंशीय लिम्बूहरुले कृषि युगमा प्रवेश गरेदेखि नै हरेक साल विऊ विजन जमिनमा छरपोख गर्नु अघि आफ्ना इष्ट देवहरु पूर्वजहरु र प्रकृतिलाई सम्मानका साथ

१. संकलक- सम्पादक मण्डल, लिम्बू छन्दहरु, प्र.प्र. २०५८, पृ.सं. १७-१८

पूजाआजा गरि सकेपछि मात्र खेतीपाती गर्ने वा बाली नाली लगाउने परम्परा परापूर्वक कालदेखि आजसम्म रहि आएको छ । निर्मित पूजा स्थलमा आई स-भक्ति समय मै वायु, वर्षाद्, घाम पानी प्रदान गरी हामीले लगाएको बालीनाली विग्नबाधा रहित सप्रोस पाकोस् भनी सृष्टि पालन, संभारकर्ता, जलजर, थलचर, नभचर, रहस्यमय विश्व ब्रह्मण्डका मालिक, सर्वव्यापी, सर्वशक्तिमान, सर्वज्ञाता, अन्नत, अदितिय, मेयेन्यिमाङ् मेन्धामाङ्, तागेरानिङ्वाफुमाङ्मा पुकार गर्दै याक्वा पूजामा पूजिने विभिन्न साम्माङहरु, पूर्वजहरु र प्रकृतिसमेतको पूजा अर्चना गरी प्राथना गरिने पूजालाई नै याक्वा पूजा भनिन्छ । यो चाड वा पूजा हरेक वर्ष वैशाख पूर्णिमामा मनाइन्छ । यस समयमा सूर्य उत्तरायण तर्फ प्रवेश गर्दा वसन्त ऋतुको आगमनका साथै आरु फुल्ने, चराचुरुङ्गी, माछाहरु समेत उभो तर्फ, (उत्तर) लाग्ने, विज विजनहरुमा अंकुरण शक्ति पैदा हुने भएकाले यस पूजालाई खस भाषामा उभौली पूजा भन्ने गरिन्छ । [१]

लिम्बू जातिमा बाली पाकेपछि चासोक तङनाम् गरी चासोकथिसोक गरिन्छ भने बाली लगाउनु अघि यक्वातङ्नाम वा यक्वा पूजा गरिन्छ । यक्वापूजा वा तङ्नामका लागि चाहिने सामग्री र पूजा विधि तल उल्लेख गरिन्छ ।

क) कोदोको गेडा, मर्चा र पानी मिसाएको पूजाको लागि साप्तोक (जाँडको प्रतिक) बनाइन्छ ।

ख) मालिङ्गो, निगालो, नर्कट मध्ये जे पाइन्छ त्यसबाट तल्लोपट्टि भुईम गाँड्न सजिलो हुने गरी चुच्चो पारी माथि पट्टि मुठारेको ढुङ्ग्रो ५/६ इन्च लामो बनाइ त्यसभित्र साप्तोक हाली थि तोङ्बा बनाइन्छ । तोङ्बा बनाउने वस्तुलाई नै चिरेर सिन्का जस्तो पिचिङ् (पाइप) बनाइन्छ । तोङ्बाभित्र पिचिङ हालेपछि सो पिचिङले केराको पातलाई प्वाल पारेर तोङ्बाको विर्को अथवा डकनीले डाकेपछि पूजाको लागि तोङ्बा तयार हुन्छ ।

ग) वासोफुङ्वेत (चिण्डा) वा लोहोटा/डबकामा वादुम् पक्वा (चोखो पानी) हाली वासाङ्ना लाइक्इक्सो (केराको पातलाई बेरेर बनाइएको पानी छर्कने वस्तु) तयार गर्नुपर्छ ।

---

१. मञ्जुल याक्थुम्बा, मौलिक किराँत धर्म-संस्कार, प्र.प्र. २०६२, पृ.सं. ९५

घ) विभिन्न प्रकारका फलफुल सुकेको तितेपाति र धुपीको धुलो धुप, सालधुप, अन्य सुगन्धीत धुप, भेटी, अक्षता, माङ्जा (नैवेध्य), अविर, केशरी कपुर आदि तयार गर्नु पर्छ ।

ङ) पूजा गरिने घरपरिवार वा समूहको सकेसम्म सम्पूर्ण सदस्यहरुको कम्मर भन्दा माथि प्रयोग हुने चोखो कपडाहरु प्रतिकको रुपमा मैनाम वा याबो संकलन गर्नु पर्छ । ती संकलीत वस्त्रहरु लासो (देवस्थान) अगाडीपट्टि पूजा गर्दा राख्नु पर्छ र आर्शिवाद माग्नु पर्छ ।

च) तीन देखि ६ इन्च गहिरो जमिन खनेर निक्लेको माटोले जमिन सम्याउनु पर्छ । सम्याइएको जमिनमा पूजा गरिने विभिन्न देवी देवताहरुको लागि सुल्टै सुल्टो पारी केराको पात दुईसरो ओच्याइ लासो बनाइन्छ । लासो थाप्ने तौर तरीका दश लिम्बूवान सत्रथुम्मा एकैकिसिमको नहुन सक्छ ।

छ) युमासाम्माङ् र थेवासाम्माङ्को थानमा भने माथि उल्लेखित सामग्रीहरुका अतिरिक्त थालमाथि फुङ्सारी (कलश) र दियो जलाई पूजा गर्नु पर्छ । घरभित्र लासो थाप्दा जमिन खनि सम्याउनु पर्दैन तर जंगल वा सार्वजनिक स्थलहरुमा हिमसाम्माङहरुको पूजा गर्दा चाँही सेउला सेउली गाडेँर हिम (घर) बनाई जमिन खनी सम्याएर लासो थाप्नु पर्छ ।

यसरी गरिने यक्वा पूजामा विभिन्न लिम्बू देवी देउताहरु पनि पूजिने गरिन्छ । तिनीहरुको संक्षिप्त परिचय देहाय बमोजिम रहेको छ ।

१. सम्पन्न गरिन लागेको पूजा कार्य विघ्नवाधा रहित सम्पन्न होस् भन्नका लागि सर्वप्रथम 'मिसेक्पा'को  पूजा गरिन्छ ।

२. गृहस्थी जीवनमा विघ्नवाधा नदिइयोस् भनी मनाइने शिकारी बन देउता वन देवीहरु कुइकुदाप वा ताफेम्बा वा ताम्भुङ्ना्, तक्सङ्वा, सीरिङ्मा वा मुदेनहाङ्मा, तेन्छामा, खञ्जमा वा खजमा, वजमा, वरक्मा वा वारक्मा आदि देवी देवताहरुको पूजा गरिन्छ ।

३. याक्थुङ्लाजे जमिनका अधिपति अगुवा पूर्वजका रुपमा 'खाम्जिरी खाम्बोङ्वा' को पूजा गरिन्छ ।

४. लिम्बू जातिमा कृषि कर्मको थालनी गर्ने अगुवा पूर्वजका रुपमा मगुईथल्लङ्हाङको पूजा गरिन्छ ।

५. विऊँ विजनका मालिकनीका रुपमा याभुङ्ग्रेक याभुङ्ग्रेकमा तथा कृषिकार्यमा आइलाग्ने विघ्नवाधा हटाउने उपाय सिकाउने अगुवा पूर्वज 'मादेनहाङ', 'लुङ्गुमहाङ्' आदि देवताको पूजा गरिन्छ ।

६. उत्पादित अन्नहरु भण्डारण गर्ने कला कौशल सिकाउने अगुवा पूर्वजका रुपमा 'नुगोहाङ'को तथा कृषि कर्ममा आसन्न प्राकृतिक प्रकोपहरुको सामान गरी सदैव कृषकहरुको संरक्षकको भूमिका खेल्ने अगुवा पूर्वजका रुपमा 'हायुहाङ' देवताहरुको पूजा गरिन्छ ।

यसका साथै हिमसाम्माङहरुमा 'कापोवा हिम साम्माङ्', 'कासीँहाङ्मा', 'युमासाम्माङ', 'थेवासाम्माङ' आदिको पनि पूजा गरिन्छ । यसरी गरिने यक्वापूजा सम्पन्न भैसकेपछि र विभिन्न देवी देवताहरुको विधि सम्मत् पूजा आरधाना गरिसके पछि छरछिमेक आफन्तहरुबीच भोजभतेर गर्ने चलन सँगै मैइनामहरु सम्बन्धित व्यक्तिहरुलाई आर्शिवादका साथ देवारीले फिर्तादिने कार्य पछि यक्वा तङ्नाम समाप्त हुन्छ ।

### ३.३.४. केलाङ (च्याब्रुङ/ढोलनाच):-

विविध संस्कृतिमा धनी लिम्बू जातिहरुको महत्वपूर्ण साँस्कृतिक झाँकीहरु मध्ये 'केलाङ' पनि एउटा हो । लिम्बू भाषामा 'केलाङ' भनिने यस शब्दको नेपाली शब्दगत उत्पत्तिलाई हेर्दा लिम्बू भाषाको 'के' को नेपाली अर्थे 'ढोल' हो भने लिम्बू भाषा 'लाङ' को नेपाली अर्थ 'नाच' हो । त्यस अर्थ 'केलाङ' को नेपाली अर्थ 'ढोल नाच' हो । केलाङलाई च्याब्रुङ नाच पनि भनिन्छ । च्याब्रुङ नाच चाँही च्याब्रुङ वा ढोलको बज्नेताललाई आधार मानेर नामाङ्कन गरिएको बुझ्न सकिन्छ । केलाङ्मा प्रयोग हुने लिम्बू मौलिक बाजा 'के' को आफ्नै विभिन्न उत्पत्तिगत आख्यान तथा इतिहासहरु पनि प्रचलित रहेका छन् । जसमा स्व. इमानसिंह चेम्जोङ्गका अनुसारः- केदेम्वा नामक एकजना व्यक्ति कुनै दिन जंगलको बाटो गरी आफ्नो घर जान लाग्दा बाटोको जंगलमा नै रात परि एउटा हाङ्सिङ्को चोड्कामा रात विताउँदा निदाइ रहेको अवस्थामा सपनामा मौरीको गुञ्जन जस्तै आवाज सुनेर ब्युउँझदा पनि त्यस्तै गुञ्जन सुनेकाले पछिबाट त्यस रुखलाई काटेर लगि दुईपट्टि बाख्राको छालाले मोडी बजाउँदा च्याब्रुङको आवाज निस्क्यो । कालान्तरमा आएर उसका सन्तानहरुले आफ्नो पूर्खाको सम्झनामा च्याब्रुङ बनाई त्यसको नाम 'के' राखी र 'के' को अधिपत्य उनीहरुमा

रहेकोले 'तेम्बा' आफूहरुलाई ठाने । यसबाट च्याब्रुङ र केदेम्बा लिम्बूको थरको एकै साथ जन्म भएको बताइएको छ ।[१] यस्तै 'के' को उत्पत्ति बारे अर्को लोकश्रुतीमा केसामी र नाम्सामीको मुन्धुमकारीन युगमा उनीहरुबीच युद्ध हुँदा नाम्सामी अथवा मानिसले केसामी अथवा बाघलाई मारेर त्यसको छाला काडी हङ्सीङमा लगाएर 'के' को आविष्कार गरेको हो भन्ने रहेको छ । यसैगरी 'के' को उत्पत्ति र नाच बारे अर्को भनाई छ सोधुँगेन लेप्मुहाङ्को छोरा पाजाईवाले प्रथम घर बनाएको देखेर बाबु सोधुँगेन लेप्मुहाङ् लगायत धेरै पाहुनाहरु नाचगान समूह लिएर आएँ । त्यस बेला पाजाइवाको चेली सापरीहाङमाको मृत्यु भएकोले नाचगान गर्न नहुने कुरो बुझि ल्याएका फूलहरु मात्र घरको चार सुरमा सिउरी फर्के । पछिबाट त्यस घरको मूल खम्बा (मुरुमसिलाङ्)मा धमिरा परिरहेकोले लगातार घर भत्किरह्यो । त्यसरी आफ्नो घर भत्किरहनाका कारण पाजाइवाले आफ्नो पिता सोधुङगेन् लेप्मुहाङसँग सोध्दा नयाँ घर निर्माण गरेपछि मुरुमसिलाङ्मा च्याब्रुङ् बजाएर थक्थाम्मा गर्नु पर्छ । त्यसो गरेपछि मात्र मूल खम्बामा धमिरा लाग्दैन । च्याब्रुङको निर्माण नाम्सामीबाट मात्र हुने भएकोले उहाँलाई नै माग्नुपर्छ भन्ने बाबुको सल्लाह अनुसार पुनः नयाँ घर निर्माण गरी नाम्सामीद्धारा निर्मित च्याब्रुङ मूल खम्बा वरिपरि नाच्न लगाएर च्याब्रुङ नाचको शुरुवात भएको हो ।[२]

यसरी 'के'को उत्पत्ति सम्बन्धि विभिन्न आख्यानहरु भएपनि केलाङ् लिम्बू जातिको विभिन्न चाड , उत्सव आदि सुखमय समयमा नाचिने नाच हो । बुढा-बुढी तथा युवा-युवतीहरु लामबद्ध वा गोलाकार रुपमा रही यो नाच नाचिने गरिन्छ । विवाह, भोज, नयाँ घरको घर पइचो, दिपावली आदिमा यो नाच विशेषतः नाच्ने गरिन्छ । बाजाको तालमा खुट्टाको विधि सम्मत् अघिपछि सर्दै तथा हातको त्यस्तै लयसम्मत् चलाइले केलाङ्लाई दृश्यात्मक बनाएको छ । विशेष रुपमा च्याब्रुङको तालमा नाचिने भएता पनि यसमा छोटो रुपमा गाइने गीत पनि रहन सक्छ । जसलाई 'केसाम' भनिन्छ । 'सोरीलै सर' को मधुर लयमा गाइने केलाङ्को

१. संकलक/सम्पादक मण्डल, लिम्बू छन्दहरु, प्र.सं. २०५८, पृ.सं. ४६

२. प्रेमराज लिम्बूसँग गरिएको कुराकानीबाट, बरबोटे, इलाम

गीत नै केसामको रुपमा प्रचलित छ । केसामको प्रयोग गर्दा घर पइचोमा भने मुन्धुम जोडिन्छ भने आर्शिवाद र वैवाहिक कार्यक्रममा भने रमाइलो पनका लागि लर्कोमा उभिएर केसाम गाउँदै नाचिन्छ । लिम्बू समूदायमा केलाङका विभिन्न प्रकारहरु प्रचलित छन् वा केलाङ् विभिन्न प्रकारले नाच्ने गरिन्छ । केलाङका विभिन्न प्रकारहरु मध्ये सबै भन्दा सजिलो लाङ् (नाच) भने कसरक्पा लाङ् नै हो । केलाङका प्रकारहरुमा ‘माङलाङ्’, ‘कसरक्पा’ ‘पुतुकेलाङ्’ ‘सिङ्खेक्केकलाङ’ , ‘हात्तिलाङ’ आदि विभिन्न प्रकारका नाचहरु प्रचलनमा रहेका छन् ।

**घरपइँचोमा नाचिने केलाङको उदाहरण केसाम (घान नाचमा गाइने गीत) सँगै तल प्रस्तुत गरिन्छ :-**

हुक्फाक्वा सिभाक खेङ्वासे
पजिरीपङवा तेङबासे
सेमिक्ला सिङघक्
फालआ आनिग चुम्से आलआ
सोखुदो थोम्मा
लिम्मोओ तुम्याहाङ यम्बा हिम्मोओ
चुवा पाक्वा नुमेन आभोङ्
हिमसिगाङ आनी आधाङे
हेनवारिक हेप्लेक खुङमेओ
इक्सादिङ खाम्बेक खाम्मेत्नु
अक्वाना माङमेन साम्मेन्नु
नाहेन्दिङ् मिक्सो ऐप्तेरो
नेतिगेन फुङ्वा चाङ्घतेरो ॥ सोरीलाइ सर...... सोरीलाइ सर.....[१]

---

१. संकलक/सम्पादक मण्डल, लिम्बू छन्दहरु, प्र.सं. २०५८, पृ.सं. ४९

नेपालीमा यसको भाव अनुवाद गर्दा :-

सँग सँगै खेल्ने सहपाठीहरु हात समाउँद अघि बढौंहै । जसरी निगालो घारी एकजुट छ, हामी पनि त्यसै गरी नयाँ घरमा जुटौं हैं । महमा माहुरीको रानो जस्तै, नयाँ घरका पनि जेठो पाको ठूलो हुन्छ हैं । कुलो भरी पानी, जसरी आउँछ, नयाँ घरमा हामी त्यसरी नै आयौं । बासुकी देवलाई प्राथना गर्दै यो घरको शिर उठाउँछौं । यो घरमा सुःख शान्ति होस्, सह बसी रहोस् ।

## #=#=%= xfSkf/]M–

लिम्बू संस्कृतिको रुपमा 'हाक्पारे' पनि एक हो । लिम्बू लोक संस्कृतिमा आफ्नै एउटा छुट्टै पहिचान हाक्पारे साम्लो (हाक्पारे गीत) को पनि छ । हाक्पारे साम्लोको उठान मुलतः तुङदुङ्गे थेप्मा मुन्धुमबाट शुरुवात भएकोले यसको प्राचिनता पनि स्पष्ट हुन्छ । हाक्पारे विविन्न अनुष्ठान, विवाह संस्कार तथा मृत संस्कारहरुमा गाइने प्रचलन रहेको छ । लिम्बू समूदायको संस्कारमा हाक्पारे वृद्ध वृद्धा एक ठाउँ जम्मा भएर गाइने गरिन्छ भने लिम्बू पुरोहित (फेदाङ्मा) विभिन्न अनुष्ठानहरुमा हाक्पारे साम्लो गाउने प्रचलन छ । जस्तो तङ्सिंङ तक्मा मुन्धुम अनुष्ठान गर्दा, फुङ्वा चाङ्व विधि गर्दा यस कार्यमा साम्बाले हाक्पारे साम्लोद्धारा अनुष्ठान सम्पन्न गर्छन् । त्यस्तै विवाह संस्कारमा नयाँ दुलहा दुलहीबीचमा वियोगान्त स्थिति नआवस् दुवैको आयु पूराहोस् तथा जीवनपर्यन्त सुःखमय तरीकाले बाँच्न सकोस् भनी तु.तु गेन तुम्याहाङ्गहरुले हाक्पारे साम्लोद्धारा आशिष दिने चलन छ । यसै गरि अन्तेष्ठि काजक्रिया पछि मरउपराउ परेका घरधनीहरुलाई मामा मावली लगायत तुतुगेन तुम्याहाङ्ग (जेठो पाको) हरुले हाक्पारे साम्लोद्धारा सान्तवना दिदैं आर्शिवाद दिने गर्छन । हाक्पारे साम्लोको पृथकता यति मात्र नभएर विविध किसिमका मेलापात, अवसरहरुका भेटघाटहरुमा पनि हाक्पारे साम्लो गाइन्छ । यो एक किसिमको गीत भएकोले नृत्य आवश्यक नभए पनि लयात्मक भाकाको यसमा खाँचो रहन्छ । यसरी हाक्पारे साम्लो गाउँदा श्रृष्टि मुन्धुम, माया पिरती आदि वारे पनि सवाल जवाफको रुपमा समेत गाउँन सकिन्छ । हाक्पारे

साम्लो गायनको क्रममा महिला - पुरुष, युवा-वृद्धा जो सुकैले पनि गाउँन सक्छन् । हाक्पारे साम्लो गाउँदा पलेटी मारी गाइन्छ ।

अन्त्येष्टि काजक्रिया सिद्धिए पछि गाइने हाक्पारेको उदाहरण छोटो अंशमा तल प्रस्तुत गरिन्छ ।

ए........आन्देन्ने कयो तुतुगेन साहारे
तुम्याहाङ साहा, सुहाङने साहारे
खाम्पुना मुन्धुम्रे मरङना मुन्धुमले
तागेरा फक्ताङ निङवाभु फक्तुङ..धो
मा युमा, फुक्तुङ पा थेबा, फक्तुङ धौ
साङग्राङबा साबेन साङग्राम्धो मिसरो
माङचोलुङ थोने मेलिखु मेधरो ॥ ओ....रिलो ॥[१]

नेपालीमा यसको भाव अनुवाद गर्दाः-

ए............अहिले यहाँ ठूलावडाको छोरा छोरी, साना मसिनाको छोराछोरी, वीर सपुतहरु एकदिन, मानव सृष्टिको बेला देखि नै  भगवानको काखमा, बा आमाको काखमा माथि जान्छन् है । त्यसै कारण अहिले मर्नेलाई पनि पितृलोकमा वा भगवानको चरणमा पुऱ्यायौं हैं ।

## #=#=^= VofnLM–

लिम्बू संस्कृतिको रुपमा ओठे जवाफको रुपमा आफ्नै पद्धति कायम राखी आएको एउटा लोकप्रिय तथा लोप हुन लागेको संस्कृति (ख्याली) पनि एक हो । ख्यालीको अर्थ चुड्के नै हुन जान्छ । कृषि व्यवसायको आरम्भ सँगै ख्यालीको पनि सुरुवात भएको मानिन्छ । यसमा अन्य लिम्बू संस्कृति जस्तै केलाङ, यालाङ्मा जस्तै दयवद्ध स्वर लहरीको आवश्यकता पर्दैन । यसमा 'ए.....' वाहेक अन्य स्वर लहरी प्रयुक्त हुदैन । यसमा मात्र सहभागीहरु सवाल जावाफका बैचारीक द्वन्द्वमा रमाउँछन् । लिम्बू जातिको मृत्यु संस्कारमा कुल कुटुम्ब, मामा

मावली, भाना भान्जा, ज्वाई चेला, इष्टमित्र सबै आमन्त्रीत भई अन्त्येस्टिको कार्य गरी त्यस्तो अवस्थामा प्रौढ र वृद अवस्थाका अतिथिहरुको विशेष उपस्थितिमा पछि डेरामा बसेर

१. संकलक/सम्पादक मण्डल, लिम्बू छन्दहरु, प्र.सं. २०५८, पृ.सं. ८५

ख्यालीद्धारा विविध मुन्धुम, आख्यान र आप्तोहरु आपसका जोडिहरुबीच आदानप्रदान गरी आफूलाई लागेका दुःखान्त अनुभूतिहरु व्यक्त गरिन्छन् । यसरी हेर्दा ख्याली दुःख कार्यमा भेट हुँदा प्रौढा-प्रौढबीचको सवाल जवाफका रुमा खेलिने गरिने गरिन्छ । धान नाच वा अन्य नाच जस्तै ख्यालीमा नृत्यको आवश्यकता नपर्ने तर विचारहरु उत्तिकै र अर्थपूर्ण तरिकाले बसी बसी व्यक्त गर्न सकिन्छ । धाननाच युवा पिढी माझलोकप्रिय भए जस्तै ख्याली पुरानो मायालु वृद्ध वा प्रौढावस्थाको जोडिहरुबीच प्रचलित वा लोकसप्रय छ ।

यद्यपी लिम्बू संस्कृतिको एउटा अंग भएर पनि ख्याली लोपोन्मुख अवस्थमा पुगेको आज स्पष्ट छ । वुद्धि विलासपूर्ण मनोरञ्जनात्म सवाल जवाफको लिम्बू संस्कृति 'ख्याली' लिम्बू जातिको मौलिक लोक वाङमयको उपज हो भन्न सकिन्छ ।

**उपदेशात्मक वा जागरणमुलक ख्यालीको केही अंश तल प्रस्तुत गरिन्छः-**

ए- याक्थुङहाङसासे नुसा लु फुसे ॥
मिक्हन्मा साम्लो पातुङ्लो आल्लो ॥
निसाम्माङ माङसे खेप्सेम्मो हाङसे ॥
हुक्फाक्तुङ आङग तेप्मारो तगाङ् ॥
याक्थुङसा आनी, आबोखे एगाङ् ॥
लाङिन्नाङ सम्मा मिक्कीन्नाङ् हन्मा ॥
नेत्नानु पोक्मा मिक्सेसे चोक्मा ॥
से से नु साङ साङ पोगिरो थाङधाङ् ॥
सकसक्कीन् नित्मा निङवाने पित्मा ॥
माङ निङवा लिङ्मा नो निङ्वा पित्मा ॥[१]

**नेपालीमा यसको भाव अनुवाद गर्दाः-**

ए लिम्बू छोरा छोरी हो राम्ररी सुन । शिक्षामुलक गीत गाउँदै छु हैं । हामी सबै हात जोडेर एक भई अगाडी बढ्नु पर्छ हैं । हामी पछाडि भयौं अब अगाडी बढ्नु पर्छ । अब आँखा खोलौं । जुन भएर उदाऊ, माथि माथि उठौं । शिक्षित बनौं र भगवानमा आस्था राख्दै राम्रो विचार राखौं ।

१. संकलक/सम्पादक मण्डल, लिम्बू छन्दहरु, प्र.सं. २०५८, पृ.सं. ६९

## ३.३.७. सापोक चम्मेन (कोखपूजा):-

लिम्बू संस्कृतिमा साप्पोक चम्मेन (कोखपूजा) को महत्वपूर्ण स्थान छ । लिम्बू समूदायमा महिला गर्भवती भएको बखत एक अनुष्ठान सम्पन्न गरिन्छ । जसलाई लिम्बू भाषामा 'सापोक चम्मेन' भनिन्छ । यसलाई खस भाषामा 'कोखपूजा' पनि भनिन्छ । लिम्बू फेदाङ्मा (पुरोहित) द्धारा सम्पन्न गरिने यस अनुष्ठानले नजन्मिदै खवस्थाका बच्चाको साथै आमाको पनि स्वास्थ्यलाभ हुने तथा वच्चाको जन्म सहज हुने विश्वास गरिन्छ । लिम्बू समुदायमा सापोक चम्मेन अर्थात् कोखपूजा बच्चा जन्मनु भन्दा प्रायः एक महिना अघि वा सम्भव भएसम्म गर्भको बच्चा ९ महिना पुगेपछि मात्रै सम्पन्न गरिन्छ । यस अवसरमा जीवात ( कुखुरा, सुँगुर) आदिको भोग दिने चलन छ । यसै अवस्थामा छर छिमेकहरुलाई पनि निमन्त्रणा दिई अनुष्ठान सम्पन्न भई सकेपछि जीवातसँगै भोजको आयोजना गरिन्छ । र सबै छरछिमेकद्धारा पनि बच्चा र आमाको स्वास्थ्यलाभ तथा बच्चाको सफल भविष्य तथा जन्मको शुभकामना प्रदान गरिन्छ ।

लिम्बू समूदायमा सापोक चम्मेन (कोखपूजा) गर्दा गर्भको सन्तानको रक्षाको क्रमबद्ध तरिकाले निमित्त तीन दिन सम्म पूजा आजा गर्ने लिम्बू जातिको परम्परा छ । त्यस अवसरमा विभिन्न छन्दोवद्ध माङ्घ, साम्लो, हाक्पारे आदि गीतहरु आउँछन् । यसरी ९ महिनामा सम्पन्न गरिने भएकोले त्यतिखेर पेट भित्रको बच्चा वयस्क भईसक्ने हुनाले पूजाको क्रममा लयवद्ध फलाकीने माङ्घ, मुन्धुम, हाक्पारे जस्ता गीतहरुको प्रभाव गर्भको बच्चालाई पर्ने विश्वास गरिन्छ । यसै कारण शीशुको न्वारन पछि बालक जुन सुकैं जिज्ञासाले रोए वा

झगडा गरेपनि लयबद्ध गीतको सुरमा फकाएर शान्त पार्ने सर्वोत्तम उपाय अध्यापी अपनाइन्छ ।

यसमा फेदाङ्मा वा देवारी सँगै घरपरिवार र गर्भवती महिला समेत घर नजिकको खोल्सा  वा सीम भएको ठाउँमा यो अनुष्ठना सम्पन्नगरिन्द्ध । सामग्रीका रुपमा कुखुराको अण्ठा एक, चिण्डो एक  २ पेहेङ (छड्के काटिएको सानो चोयाबाँसको ठुङ्ग्रो) सात ओटा लास्सो लाजोम के बिच्याइएको केराको पात) मा राखिन्छ । त्यसपछि पुरोहित (फेदाङ्मा) द्वारा महारानी सँग बल मागी, समपूर्ण देवी देवताहरु भाकेर बच्चा र आमाको साम्धाक्मा ( सातो बोलाउनु) भगरिन्छ । र सो कार्य घरको नजिक खोल्सामा गरिसकेपछि घरमा आई खोपिल्टा बनाई आमा र बच्चाको ग्रह शान्ति गरिसके पछि सापोक चम्मेन अनुष्ठान पूरा हुन्छ ।[१] सापोक चम्मेनको अवसरमा मूख्य पुजिने देवताहरुमा सिरिङमा तेनछामा, खन्जमा, वजमा र तोक्सोङवाको वाह्र्य पूजा गरिन्छ भने युमा थेवा र हिम साम्माङको भित्री पूजा गरिन्छ । गर्भावस्थामा बच्चा र मातृत्वसुरक्षा होस् भन्नका खाति सापोक चम्मेन कोख पूजा गरिन्छ र अन्त्यमा आमन्त्रितहरुलाई स-सम्मान खानपिनको व्यवस्था गरिन्छ । यो एक लिम्बू संस्कृति भएपनि  लिम्बू समुदाय विचबाट लोप हुँदै गइरहेको पाउँछौं ।

### ३.३.८. चाङ्वान् लेक्मा: (पानी छर्कने विधि):-

लिम्बू जातिमा बालबालिकाहरुले तरुनोअवस्थाको सिढी टेकेपछि (१५-१६ वर्षको उमेर) जन्मदिन पारेर  'चाङ्वान लेक्मा' भन्ने विधि गरिन्छ । यो विधि सम्पन्न गर्नुको मूल कारण बाल/बालिका बयस्क भएको घोषणा गर्नु र युवा युवतीलाई कर्तव्य बोध गराउनु हो । यो विधि सम्पन्न गर्नको निमित्त लिपपलेतका साथ चोखो स्थानमा बनाइएको पूजा स्थानमा फेदाङ्माले पहिले नै पूजा गरी बसेको हुन्छ । केटाको हकमा केटालाई स्नान गराई सफा लुगा लगाउन दिई फेदाङ्माको छेऊमा ल्याई उभ्याइन्छ र फेदाङ्माले पूजा स्थानको 'चङनावा' (पवित्र पानी) ले लाजमद्धारा मन्त्रोच्चारणसहित उसलाई अभिषेक गर्दछ । त्यसपछि शरीरमा लगाई राखेको लुगालाई फुकाउन लगाई तयारी हालतमा पूजा स्थानमा राखिएका नयाँ सेतो  कपडाबाट तयार गरिएको 'सर्दक्पा' वा 'लगेत सु:म्बा' (दौरा सुरुवाल) फेदाङ्माले नै लगाउन दिई कम्मरमा पटुका (जसको एकापट्टिको छेऊ एकहात जति दायाँपट्टि

र अर्को छेऊ  बायाँपट्टि लुकिएको हुनुपर्दछ । बधाई शिरमा 'पागा' अर्थात् फेटा (जो एकापट्टिको टुप्पो अगाडी ल्याई घुडासम्म र अर्कोटुप्पो घुँडासम्म नै झुण्डिएको हुनुपर्दछ । )

१. फेदाङ्मा लालबहादुर चोवेगूसँग गरिएको कुराकानीबाट, बरबोटे, इलाम

बाधिदिई कलकलाउँदो मुनासहितको फूलको सानो गुच्छा निधार सीधा फेटामा मन्त्रोचारणसहित फेदाङ्माले नै  सिउरीएपछि फेरी मन्त्रोचारण गर्दै पवित्र पानीले अभिषेक गरी विशेष किसिमले बनाइएको आशनमा बस्न लगाइ फेरि अभिषेकसहित पूर्खाको वीर गाथासहितको मुन्धुम फेदाङ्माले श्रवण गराउँदछ ।[१]

यसरी मुन्धुम सुनाइसकेपछि उसलाई उठाइन्छ र फेदाङ्माले फेरी उसलाई सम्झाँउदै भन्छः- 'तिमी आजदेखि वयस्क भयौ, पूर्खाले कायम गरेको इतिहास र संस्कृतिहरु अझ विकाससहित कायम राख्दै गाउँ, समाज र देश रक्षा गर्ने अभिभारा तिम्रो काँधमा पनि आयो । त्यसैले आफू र आफ्नो समाज तथा देशमाथि आक्रमण भएमा यहि हतियार प्रयोग गरी आफ्ना रक्षा/ प्रत्याक्रमण गर्नु' भन्दै खुकुरी, ढाल, तरबार र धनु काँड आदि हतियार भिराइदिन्छ र युवकले फेदाङ्मासँगै  'हाङ्सामलाःङ्' (रणनाच) चारफन्को नाच्नु पर्दछ । त्यसपछि फेदाङ्मा र युवक फेरी आ-आफ्नो स्थानमा बस्छन् र फेदाङ्माले फेरी सम्झाउँन सुरु गर्दछ  ''तिम्रो यो यो थरका सँग नाता सम्बन्ध लाग्दछ, उनीहरुसँग तिमीले विवाहवारी गर्नु हुदैन । अब देखि समाज र देशको कानुन ख्याल राखी काम गर्नु । उल्लङ्घन गरेमा अबको तिम्रो उमेर देखि कानुनी सजाय हुनेछ, त्यसअर्थ  प्रत्येक काम अति अनुशासनमा रहेर गर्नु । प्रत्यक्ष इश्वर भनेका बाबु र आमा हुन् । त्यसैले उनीहरुको सेवा गर्नु नै तिम्रो मूल धर्म हो । अबदेखि अफ्ना लुगा फाटा र चेलीको लुगा फाटासँग अलग राख्नु । चेलीसँग जुठो खाने ख्वाउने नगर्नु । विरामीमा बाहेक चेलीको शरीर नछुनु । चेलीसँग फूल लिन-दिन नगर्नु, करण  फूल यौवनको प्रतिक पनि मानिएको छ । आफूलाई आवसकिय हतियार बनाउन सिक्नु, खान हुने नहुने चिजहरु राम्ररी चिन्नु । अनि मात्र खानु ।'', उक्त लेखिए बमोजिमका विधि समाप्तीपछि  सम्बन्धित यूवाको जीवनमा सदा सफल्ता र विजय मात्र

हात लागोस् भन्ने कामनाका साथ दिर्घ जिवनको लागि मङ्गेन्ना (शीर उठाउनी) अनुष्ठान गरिन्छ । 'माङ्गेना समाप्ति पछि आमा, बाबु, फेदाङ्मा लगायत अन्य मान्यजनबाट सेतो अक्षताको टिका लगाइ दिदै तिम्रो सदा सफल्ता र विजय मात्रहोस्, दीर्घजीवी भई बस्नु आदि

१. येहाङ लावती, लिम्बू जातिको संस्कार विधि, तान्छोप्पा मासिक, वर्ष १२, अंक ९, २०६४

भन्दै आर्शिवचन दिन्छन्, उसले पनि ढोग गर्दै आर्शिवचन शीरोधार्य गर्दछ । त्यसै गरी छोरीको हकमा पनि नुहाइ घुवाई गरी सफा भएर फेदाङ्मा बसेको थान छेउमा ल्याई उभ्याइन्छ र फेदाङ्माले थानमा भएको चुङ्नावा लाजम् चोबल्दै मन्त्रोच्चारण सहित अभिषेक गर्दछ र नयाँ वयस्क लुगा लगाइ दिन आदेश गर्दछ । त्यसपछि वयस्क आइमाइले लयाउने (तयारी हालतमा थानमा राखिएका) 'मेख्खली' वा 'गुन्यु चोलो' र गरगहनामा नेस्से, साम्याङ्फुङ, कान्धी, याङइच्छि, काङ्इच्छि (कण्ठ) थाःक्कोई आदि लयाउन दिई श्रृगार पटार गरी फेरी फेदाङ्माको छेउमा ल्याइ उभ्याइन्छ । फेदाङ्माले फेरी चुङ्नावाले अभिषेक गर्दछ र विशेष रुपले बनाइएको स्थानमा आशन ग्रहण गराइन्छ । त्यसपछि फेरी अभिषेक गर्दै पुर्खाको वीर गाथा सहितको मुन्धुम फेदाङ्माले श्रवण गराउँदछ र 'आजदेखि तिमी वयस्क भयौ, समाज र देशको कानुन ख्याल राखी काम गर्नु, उल्लङ्घन गरेमा कानुनी सजाय हुने छ । यो यो थरका मानिसहरुसँग तिमीलाई नाता लाग्दछ, तिनीहरुसँग तिमीले विवाह आदि गर्नु हुदैन । अव तिमीले घर व्यवहार चलाउन यो यो कुरा जान्नु पर्दछ । परिवारमा मिलेर बस्ने तरिका, बाबु, माइतीसँग कस्तो व्यवहार गर्ने आदि सम्झाउँदै परि (काइँयो), थाक्रो, थोली ( तानबुन्ने थुरी), काच्या, वाफे (खुर्पा) र थाखुम्मे (मजेत्रो) दिँदै धागो कातेर धागो काथेर तान बुनी कपडाको आवश्यकता पूरा गर्नु, समाज र देशको इज्जत बढाउनुमा सदा दत्तचित्त रही परिवार, समाज र देशोन्नती तथा रक्षाको लागि चरित्रवान भई सधै माइती र श्रीमान्को सहयोगी भई काम गर्नु र आवश्यक परेमा आफै पनि अगाडी बढ्नु' भनी दीक्षा दिन्छ । अनि फेदाङ्मा मन्त्रोच्चारण गर्दै कलशको पानीले कलशमै राखिएको फूलका गुच्छाले अभिषेक गर्दै केटा भइ चार पल्ट र केटी भए तीन पल्ट फेदाङ्मा उपकारीको वरिपरी घुमी त्यही पानी लाजम्बाट उठाइ केटालाई चार र केटीलाई तीन पल्ट खान दिन्छ र प्रसाद पनि खान दिन्छ

। त्यसपछि जिवनमा सदा सफल्ता प्राप्तहोस् र दिर्घायु होस् भन्ने कामना गर्दै 'माङ्गेना गरिन्छ । सो माङ्गेना सकिए पछि आमा बाबु र फेदाङ्मा लगायत मान्यजनबाट टिका (सेतो अक्षता ) लगाइदिदै सदा सफल्ताको् आर्शिवाद् दिन्छन् । उसले पनि ढोग्दै (केटी भए भुइसोरी ढोग गर्दै) आर्शिवाद ग्रहण गर्दछ । यो विधि सकिए पछि सबै जना उठी केटाकोमा चार पल्ट र केटीकोमा तीन पल्ट हात उठाउदै "तियाहा..." भन्नु पर्दछ । र यो विधि समाप्त हुन्छ । त्यसपछि इष्टमित्रलाई भोजभतेर तथा प्रसाद ख्वाउने चलन छ । [१]

यसरी हेर्दा लिम्बू संस्कृतिमा छुट्टै पहिचान र महत्व बोकेको यस संस्कृति लोप हुँदै गएता पनि अहिलेको परिप्रेक्षमा चाङ्वान लेक्ःमा विधि संस्कृति को महत्व बढीरहेको महशुस हुन्छ । आजभोलीका युवायुवतीहरु कर्तव्यच्युत भई वाटो विराइ रहेको स्थितिमा यो संस्कृतिलाई लिम्बू समूदायमा मात्र नभई अन्य समूदायमा समेत प्रयोग गरि व्यूँताउन आवश्यक देखिन्छ ।

## ३.३.९. विवाह संस्कारः-

लिम्बू जातिमा फूपुचेला मामाचेला (फूपु तथा मामाको छोरा/छोरीमा विवाह गर्ने) को चलन छैन । वंश पट्टि नै टाढा पुस्ताका भएपनि विवाहवारी चल्दैन । मावलीपट्टी मावली, बुढोमावली र कुर्प्रोमावली (बाजे बोजुको मावली) थरका सँग पनि विवाहवारी चल्दैन । यो तह नाघेका कुटुम्बेरीसँग मात्र विहेवारी गर्ने चलन छ । त्यसैगरी मावली बुढो मावली एकै थरका भएमा पनि विवाह गर्ने चलन छैन । युवा २० वर्ष र युवती १६ वर्ष नपुगेसम्म विवाह योग्य हुदैनन भन्ने परम्परागत लिम्बू मान्यता भएकोले उक्त उमेर पूरा भएपछि मात्र विवाह गर्ने चलन भएकोले यो जातिमा बाल विवाहको परम्परा पाइन्दैन । लिम्बू जातिमा विशेषतः मागी विवाह र रोजी- प्रेम विवाह गरी दुई प्रकारको वैवाहिक परम्परा प्रचलित रहेको पाइन्छ । [२] यी दुई किसिमका विवाह सम्पन्न गर्दा १० लिम्बूवान १७ थुमको रित अनुसार शुभ-विवाह सम्पन्न हुन्छ । यसमा पनि मागी विवाहमा विशेषतः १० लिम्बूवान १७ थुमको चार कलम (चार चरण) र १० रीत पूरा गरि वैवाहित विधि विधान सम्पन्न गरेको देख्न पाइन्छ ।

rf/snd jf rf/r/0fM–

पहिलो कलम (पहिलोचरण) नाक्सिङमा (मगन):- लिम्बू जातिको विवाह पूर्व गर्नुपर्ने वा निभावनु पर्ने पहिलो कलम हो नाक्सिङमा । साहिनो नलाग्ने कुरोको यकिन भएपछि केटी मगनि गर्ने केटीको माइतीघरमा बेहुला हुने केटाका साथ एक बोतल रक्सी,

१. येहाङ लावती, लिम्बू जातिको संस्कार विधि, तान्छोप्पा मासिक, वर्ष १२, अंक ९, २०६४
२. मञ्जुल याक्थुम्वा, मौलिक किराँत धर्म- संस्कार, प्र.सं. २०६२, पृ.सं. ८८

एक रुपैयाँ वा एक थुँगा फूल केराको पातमा राखी केटी माग्न जाने समूहको अगुवा ( सरदार) ले केटीको अभिभावक समक्ष आफ्ना कुराहरु राख्ने अनुमतिका साथ पेलीफाक्हुक्वा राखिदिनु पर्छ । यो हुक्वा स्वीकारे पछि आफ्नो कुरा राख्ने अनुमति केटीका अभिभावकको तर्फबाट पाएपछि एक वोतल रक्सी, एक रुपैयाँ वा एक थुँगा फूल काँसको थालमा युमासाम्माङको नाममा दाहिनेपट्टि माङ्दाङ हुक्वा र त्यसै गरी त्यस्तै सामग्रीहरु मिलाएर भद्रभलादमीहरुको सम्मानमा बायाँपट्टि काँसे थालमा साङ्दाङ हुक्वा राखीदिनु पर्छ । यसै क्रममा दुवै पट्टिका अगुवा सरदारहरु शिष्टतालाई कायम राख्दै आलङ्कारीक शब्दमा सवाल जवाफ पश्चात काम कुरो छिनिएको घोषणा गर्दै थक्केवा (सुनौली) दस्तुर यथासक्य छिटो दुलही पट्टिकालाई बुझाउने गरी केटाले केटीलाई युप्पारुङ (बैना) बापत केही रकम केटीको पथाङमा बाधिँदिने वा हातमा राखिदिने प्रचलन छ ।[(१)] त्यसपछि केटीलिन आउने मिति, समय र विवाहको मिति दुलहा र दुलही दुवै पट्टिको सहमतिमा तय गरिन्छ । र अन्त्यमा उपस्थित सबैमा माङदाङ र साङदाङ हुक्वा वापत राखिएका बोतलहरुका रक्सी सगुनको रुपमा बाँडिन्छ र राखपिन सहित पहिलो कलमको कार्य सम्पन्न हुन्छ ।

**द्रोस्रो कलम (दोस्रो चरण)**

**त्येन्धाम मेक्खिन (बेहुली भित्र्याउने):-**

पूर्वनिर्धारित दिनमा लोकन्ते सहित केही साथीहरु समेत केटा टिकाटालो सकेर केटीलिन केटीको माइती घर प्रस्थान गर्छन् । केही जना माइतिहरु र मात्केसामा (लोकन्ती) हरुका साथ टिकाटालो सकेर विदावारी भएपछि केटाको गाउँमा तोकिएको स्थानमा स-सम्मान (अनुकुल अनुसार बन्दुक पठ्काएर) सेवासत्कार सहित च्याब्रुङ बाजा गाजाका साथ माइतीहरु, लोकन्तीहरु र बेहुली हुने केटीलाई तोकिएको स्थानमा राखिन्छ । दोस्रो दिन जन्ती

जान अघि केटी राखेको स्थानमा बेहुलीको लुगा फाटा, गर-गहना, श्रृगार सामान आदि पुऱ्याई केटीको एक जना बहिनीलाई लुगा फेराउने काम पनि गर्नु पर्दछ र केटीलाई मेख्खलि (लिम्बू स्त्रीले लगाउने बस्त्र) सहितको गर-गहना लगाईदिई सकेपछि र केटाले पनि

१. स्थलगत भ्रमणका आधारमा, बरबोटे, इलाम

तागा (लिम्बू पुरुषले लगाउने लुगा) लगाईसके पछि च्याब्रुङ बाजा गाजा सहित फुङ्सारी बोकेको चार कन्याहरु सहित अगाडी लगाई जन्ती लाने कार्य हुन्छ ।[१] बेहुली राखिएको स्थानमा पुगेपछि फुङसारी बोक्ने चारकन्याहरुलाई बेहुलीले टिका लगाई दक्षिणा टक्र्याएपछि सेवा ढोग गर्नु पर्छ । त्यसपछि बेहुलालाई बायाँपारी तिन पटक परिक्रमा गरेपछि बेहुलीले बेहुलालाई वर-माला लगाई गोढामा सेवाढोग गरेपछि बेहुलीलाई हर्षोउल्लासका साथ भोजभतेर सहित बेहुलाको घर भित्र्याइन्छ । यसरी नै लिम्बू विवाहको रीत अनुसारको दोस्रो कलम सम्पन्न हुन्छ ।

**तेस्रो कलम (तेस्रो चरण) मेक्काम चोक्मा (लगन कार्य):-**

लिम्बू जातिको वैवाहिक लगन कार्य विवाह घरको भोजभतेर सकिएपछि मात्र राती सम्पन्न गर्ने गरिन्छ । घरभित्र मुरुम्मसित्लाङ (मूलखाबो) नजिक लगन कार्य गर्ने गरिन्छ । मुन्धुमले निर्दिशष्ट गरेका आवश्यक सर-सामानहरुका साथ विभिन्न विधिहरु सम्पन्न गरे पश्चात इमान्दारिपूर्वक कतर्व्य पालन गरि पति-पत्नीको रुपमा कहिल्यै पनि नछुट्टिने गरी जीवन निर्वाह गर्ने प्रतिवद्धता उपस्थित पञ्च भलादमीहरु समक्ष बेहुला-बेहुलीबाट फेद्धाङ्माद्धारा घोषणा गराई बेहुलाको पछि-पछि बेहुलीले पनि साइनो अनुसार यथासक्य नगद वा फूलको थुँगाले बेहुलापट्टिको नातेद्धारहरुलाई सेवाढोग गर्दै जानुपर्छ । यसलाई निसिङ्मा सेवा (परिचयात्मक ढोगभेट) भनिन्छ ।[२]

दोस्रो दिन सङ्वा (माइतीहरु) लाई जिवात फुदुङ तोङ्मा (मेजमानी अपर्ण गर्ने), मेत्केसामाहरुलाई यथासक्य नगद दस्तुरका साथ बेहुली समेतको सहभागितामा बेहुली भतेर खाई विवाहको तेस्रो कलम सम्पन्न गरिन्छ ।

**चौथो कलम (चौथो चरण) हक्थवातोङमा (रीत बुझाउने):-**

लिम्बूजातिको वैवाहिक संस्कारको चौथो वा अन्तिम कलम पूरा गर्नको लागि अनुभवी एवम् परिपक्क अगुवा वा इङ्मिवा (सरदार) को अगुवाईमा अन्य सहयोगीहरु सहित

---

१. स्थलगत भ्रमणका आधारमा, बरबोटे, इलाम

२. ऐजन, ऐजन

आवश्यक चिजविजहरु चोर चाम गरी बेहुला बेहलीलाई बेहुलीको माइती घरमा रीतभात गर्न पठाइन्छ । जुन लिम्बू विवाहको चौथो कलम अन्तर्गत पर्दछ । ससुराली पुगेपछि निम्नलिखित दश रीतहरु बेहुला तर्फबाट बुझाउनु पर्छ ।

**१. पान तक्मा थिम (बोल विन्ती गर्ने रीत):-**

एक बोतल रक्सी, एक पेरुङ्गो सिकार, एक रुपैयाँ वा एक थुँगा फूल केराको पातमा राखी रीतभात बुझिलिने कार्यमा उपस्थित अभिभावक र पान तुम्याङहरु समक्ष बेहुला तर्फबाट आफ्ना भनाईहरु राख्नका निम्ति विन्ती विसाउन अनुमति माग्ने रीतलाई पानतक्थीम भनिन्छ ।[१]

**२. याङ्थोक्मा थिम (बासमगनी रीत):-**

बेहुला बेहुली विभिन्न पान तुम्याङ र भरियाहरुसँग बेहुलीको माइति जाँदा त्यो रात त्यहाँ बास बस्नको लागि अनुमति माग्ने रीत नै याङ्थोक्मा रीत हो । यसमा पनि माथि उल्लेखीत सामग्रीहरु नै प्रयोग हुन्छन् ।

**३. स्येम्मा तोम्माथिम् (प्रमाण प्रस्तुत गर्ने रीत) :-**

एक बोतल रक्सी, एक रुपैयाँ वा एक थुगाँ फूल केराको पातमा राखी विवाह घरमा काटीएको जिवात् राँगा, खसी, सुँगुर जे काटिएको थियो त्यसको अगाडिको दाहिने फिला (साँप्रा) अपर्ण गर्दै तपाईहरुको चेलीको विवाहको भोजमा मारिएको जनावरको साँप्रो यही हो भनी प्रमाण पेश गर्ने रीतलाई स्येम्मा तोम्माथिम् भनिन्छ ।

**४. सादाकाप्पा वा हक्थवा तोम्माथिम (मुख्य रीतभात):-**

यथाशक्य मात्रामा रक्सी, पाँच रुपैयाँ वा एक थुँगा  फूल केराको पातमा राखी भित्र्यास् झिकिएको डोलै सुँगुर सहित हेनामोमा गर्दै अपर्ण गर्ने रीतलाई सादाकाप्पा वा हक्थवा तोम्माथिम भनिन्छ । यसमा सक्नेले फर्माएर अन्य हुक्वाहरु समेत थप्ने  गर्छन् ।

**५. तुराइप्पा या सुभाचा थिम् (निर्णयकको लागि दिइने रीतः-**

यो एक वोतल रक्सी, एक पेरुङ्गो शिकार, पाँच रुपैयाँ वा एक थुँगा फूल केराको

---

१. मञ्जुल याक्थुम्बा, मौलिक किराँत धर्म-संस्कार, प्र.सं. २०६२, पृ.सं. ९ज्ञ

पातमा राखी गाउँको संरक्षक वा निर्णयकर्ता वा सुब्बाको भाग वापत बुझाउने रीत हो । यो रीत बुझ्नेले भविष्यमा  बेहुला बेहुलीबीच विवाद श्रृजना भएमा न्यायदिन सक्नु पर्थो । लिम्बूवानमा सुबाङ्गी प्रथा उन्मुलन भई संरक्षक र न्यायकर्ताको समेत अस्तित्व समाप्त भएकोले आजभोजी यो रीत वापतको भाग उपस्थित  पान तुम्याङहरुले नै बाँडिचुडी खाने गर्छन् ।

**६. योमाचा तोम्माथिम (आमालाई बुझाउने रीत):-**

एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, एक रुपैयाँ वा एक थुगाँ  फूल केराको पातमा राखी बेहुलीको आमालाई बुझाउने रीत योमाचा तोम्माथिम् हो ।

**७. योबाचा तोम्माथिम् (बाबुलाई बुझाउने रीत) :-**

एक बोतल रक्सी, एक पेरुङ्गगो शिकार, एक रुपैयाँ वा एक थुँगा फूल केराको पातमा राखी बेहुलीको बाबुलाई बुझाउने रीतलाई योवाचा तोम्माथिम् भनिन्छ ।[१]

**८. फुङ्दोङ्याङ्मा  या न्याजा तोम्माथिम् (फुपुलाई बुझाउने रीत):-**

एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, एक रुपैयाँ वा एक थुगाँ  फूल केराको पातमा राखी बेहुलीको फुपुलाई बुझाउने रीत फुङ्दोङ्याङ्मा  या न्याजा तोम्माथिम हो ।

**९. याङ्सिङ्मा याङ् तोम्मा थिम् (कुटुनिलाई बुझाउने रीत):-**

एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, एक रुपैयाँ वा एक थुगाँ  फूल केराको पातमा राखी बेहुलीपट्टीको फुपुलाई बुझाउने रीत याङ्सिङ्मा याङ् तोम्मा थिम् हो ।

**१०.सुप्मा पान थिम् (बिन्ती विसर्जन गर्ने रीतः-**

एक बोतल रक्सी, एक पेरुङ्गो शिकार, एक रुपैयाँ वा एक थुगाँ  फूल केराको पातमा राखी बोल विन्ती समाप्त भएको घोषणा गर्दै उच्च निच्चमा क्षमा याचनाका साथ बुझाउने अन्तिम रीत  नै पान सुप्मा थिम् हो ।

यसरी अन्तिम कलम अन्तर्गत दश रीत बुझाउने कार्य सम्पन्न भई सकेपछि नव विवाहित दुलहा दुलहीहरु आधिकारीक रुपमा पति-पत्नीको दर्जा प्राप्त गरेको विश्वास लिम्बू

---

१. मञ्जुल याक्थुम्बा, मौलिक किराँत धर्म-संस्कार, प्र.सं. २०६२, पृ.सं. ९२

समूदायमा रहि आएको छ । र रीतभात पछि आमन्त्रीत पाहुनाहरुबाट बेहुला बेहुलीमा भेटघाट, बधाई, उपहार दिनुका साथै भोजभतेर, खानपिन आदिका साथै  लिम्बू मौलिक बाजा च्याब्रुङका साथ नाचगान तथा रमाइलो गर्ने प्रचलन रही आएको छ ।

## ३.३.१०. मृत संस्कार :-

विभिन्न संस्कार आ-आफ्नै जाजातिहरुमा मर्दाका बखत गरिने संस्कारहरु आ-आफ्नै प्रकारका विधि , विधान, संस्कार रहेका छ । लिम्बू समूदायमा जम्मा तीन  किसिमका पुरोहितहरु हुन्छन् । जसमा फेदाङ्मा, येबा, साम्बा पर्दछन् । मृत संस्कारकासमयमा तिनीहरुको कामपनि आ-आफ्नै हुने गर्दछन् ।

लिम्बू समूदायमा अकाल गतिले (सुत्केरी हुँदामरेको बाहेक) मर्ने व्यक्तिको मृत संस्कार'येवा' द्धारा समपन्न गरिन्छ । त्यस्तै कालगतिले मृत्यु हुन पुगेकाका लागि 'साम्बा' द्धारा मृत संस्कार सम्पन्न गरिन्छ । यसै क्रममा दुधे बालक र उमेर पुगेका (दुधे बालक बाहेक) हरुको मृत्युमा सम्पन्न गरिने मृत संस्कारहरु पनि बेग्लै बेग्लै हुने गर्छन् ।[१] यसरी लिम्बू समुदायमा लिम्बूहरुको मृत्यु भएपछि मृत शरीर दफन गर्ने, मृतकका सातोहरु वित्तलोकमा पुऱ्याउने, मृतकका आफ्न्तजनहरुमा नुनतेल माग्ने,सुद्धी गर्ने वा हुने, मृतकका वियोगमा आफन्तजनहरुले खसालेका  आँशुहरु पखाल्ने र दुधे वालकहरुको मृत संस्कार सम्पन्न गरिने सम्पूर्ण विधि कार्यहरु 'मुन्धुम' मै निर्दिष्ट मै निर्दिष्ट गरिएको हुन्छ । जसको पालनामात्र फेदाङ्मा येबा तथा साम्बाहरुद्धारा हुन्छ ।

संक्षेपमा लिम्बू मृत संस्कारका चरण तथा विधिहरुलाई निम्नानुसार उल्लेख गरिन्छ ।

१. मृतकलाई दफन गर्ने विधि (चेलुप्मा थिम):- यसमा मृत भएको घोषणा गर्न र मृतकलाई समाधि स्थल पुऱ्याउनको लागि मलामी बोलाउन तीन चोटी बन्दुक पड्काउने चलन छ । लाश बोक्न आवश्यक टाँड बनाइसकेपछि लाशको सिरानीमा एक माना चामल राखिन्छ । त्यस्तै लाशका अगाडी पछाडी दुईवटा ध्वजा र लाशको छातिमा राख्नको निम्ति चाँदीको सिक्काहरु बोकिन्छ । लाश हिडाउने शुरुमा तीन चोटी बन्दुक पड्काइन्छ र पुऱ्याएपछि पनि तीन चोटी बन्दुक पड्काइन्छ । मृतकलाई दफन गर्नका निम्ति मृतकको लम्बाई अनुसार खाल्डो खनी खाल्डोको चारैतिर हिती (एउटै जातका काँचो विरुवाको लाक्राहरु) गाडिन्छ । त्यसपछि आवश्यक  पुजारीद्धारा "छोड हैSSS... ढुङ्गा माटो सँगै जन्मिएका ढुङ्गा माटोका सन्तानहरु......."[१] आदि फलाक्दै माटो किन्ने मुन्धुम सकेपछि मृतकलाई दफन गरिन्छ । यसपछि  दफन गरेपछि र अघिको हिति उखेल्दा पनि तीन-तीन चोटी बन्दुक पड्काउने प्रचलन छ ।

१. तुम्याहाङ लक्षमण मेन्याङ्बो, लिम्बू मृतसंस्कारहरु, प्र.प्र. २०६१, पृ.सं. ४७

२. दोस्रोमा मृतआत्मालाई अनुमति लिने साम ताफेङ् विधि अपनाइन्छ । त्यसपछि छोराको भए  चार दिन र छोरीको भए तीन दिन छाक बार्ने चलन रहेको छ ।

३. मृत आत्मालाई पितृलोक पुऱ्याउने विधि (साम्साअ्मा मुन्धुम) लाई कार्यका लागि नाङ्लामाथि दुईवटा तोङवा केराको पातको लासो र दुईवटा काँसका थालमा पितृहरुका लागि टपरी र दुनामाथि मासु, भात, रक्सी, मृतव्यक्तिका कपडा भाडावर्तनहरु र अन्य खान्तेपिन्तेहरु ठिकपारी देवारीद्धारा गुरु जगाउने मुन्धुम सुनसान रात्रीको खोजी गर्ने मुन्धुम, मृतात्माका सातो हंशहरु नअल्पियोस भनेर छेक्ने । बार्ने मुन्धुम, मृतात्मा पहिल्याउने मुन्धुम आदि गरिन्छ ।

४. नुनतेल माग्ने विधि शास्त्र (युम्सा नाक्मा थिम) यसमा जुठो बारेर बसेका परिवारहरुमा देवारीद्धारा "आज..साल...गते...बार यहाँ नेर यी जुठो बारेर बसेका परिवारहरुमा श्री....." आदि फलाकेर नुनतेल माग्ने विधि समाप्त पार्छन् ।

५. शुद्धि हुने विधि (साङ-साङ खाउमा) नुनतेलको विधि समाप्त भएपछि लिम्बू समूदायमा कुनै निश्चित मिति तोकि शुद्धि हुने विधि सम्पन्न गरिन्छ । यसमा नुनतेलका सामग्रीहरु देखि जुठो बारेर बस्नेहरुले फेर्ने नयाँ (अर्को) वस्त्रहरुदेखि आवश्यक दान/दक्षिणाहरुको सामान राखिन्छ । र 'यि जुठो पोका परिवारहरुले श्री.......................फुकुवा गराइ दिनहुन पञ्च भलादमिहरु माथि विन्ति विस्तार गरेका छन् है...........।'[१] भन्दै देवारीद्धारा शुद्धयाई कार्यविधि पनि समाप्त गर्ने काम गरिन्छ ।

---

१. स्थलगत भ्रमणका आधारमा, बरबोटे, इलाम

६. आँशु पखालने विधि (मिक्वासाङमा मुन्धुम) यसमा मृतात्माका अंगका कुनैपनि चिन्हहरु मेट्ने विधि सम्पन्न गरिन्छ । यसका साथै आँशुको उत्पत्ति मुन्धुमहरु लगायत पानी बटुल्ने ( चुवात् सुअम्मा मुन्धुम) विधि, घर देवहरुको आँशु पखाल्ने विधि (लोकफामाङ, मिक्वा साङमा मुन्धुम) मानिसहरुका आँशु पखाल्ने मुन्धुम (मेन्छया याप्मी मिक्वा साङ्मा मुन्धुम) आदि विधि गरिन्छ ।

अर्को तर्फ दुधे वालवालिकाहरुको मृत्यु संस्कार विधि भने अलि भिन्नै प्रकारको हुने गर्दछ । दुधे बालबालिकाको मृत्यु संस्कारमा बन्दुक पड्काइदैन र साथै सबै कर्म विधिहरु एउटै भएपनि बच्चा दफन गरेको चिहानमा हिती भने गाडिन्दैन ।

७. लिम्बू जातिमा शुद्ध गर्ने संस्कार आफ्नै प्रकारको छ । लिम्बू सम्प्रदायमा फेदाङ्माले शुद्ध हुन सक्ने घोषणा गर्न सक्दछ । यो शुद्ध हुने कार्यलाई सुध्याँइको नामले पनि चिनिन्छ । शुद्ध हुने दिनमा सबै इष्टमित्र तथा मलामीहरुलाई बोलाइन्छ । मृतककोघरमा स्त्री भएमा तीन दिन सम्म र पुरुष भएमा पाँचदिन सम्म नुन तेल बार्ने चलन छ । चोखिने दिनमा फेदाङ्माले उपस्थित सम्पूर्ण मलामी भलाद्मी र शोकाकुल हुने सदस्यहरुले श्री.............फुकुवा गराईदिन हुन पञ्च भलादमिहरु माथि विन्ति विस्तार गरेका छन् है............।[१] भलाद्मी समक्ष राख्दछन् ।

उक्त प्रस्ताव भलाद्मीबाट स्वीकृत भएपछि उक्त शोकाकुल परिवारहरुले नुन तेल खान सक्छन् । त्यसपछि जुठो वार्ने क्रम सकिन्छ । र चोखिन्छन् । लिम्बू सम्प्रदायमा बर्खी

बोक्ने चलन पनि छ । बर्खी बोकेको अवधिमा दाह्री, जुँगा काट्न वा मुड्न नहुने चलन छ । यस अवधिमा लिम्बू जाति बाहेक अन्य सम्प्रदायले छोएको नहुने कुरामा लिम्बू समूदाय विश्वास गर्छन । बर्खी बोकेको अवधिभर नकाटेको दाह्री जुङ्गा, केस, शुद्धयाई कार्यको दिन मावलीपट्टिबाट काटिदिने चलन छ । लिम्बूहरुको संस्कारमा श्राद्ध गर्ने चलन चाहि छैन । बर्खी बोकेको अवधिभर काठको पिरा, टुल, पलङ्मा बस्न हुँदैन भन्ने चलन छ । बर्खी फुकाउने र चोख्याउने काम फेदाङ्माले नै गर्ने गर्छन ।

---

१. स्थलगत भ्रमणका आधारमा, बरबोटे, इलाम

८. लुङलेप्मा थिम (चौतारा बनाउने विधि) लिम्बू समुदायमा मर्नेको आत्माले चिर शान्ति पाओस् भनेर चौतारा बनाउने प्रचलन रहेको छ । चौतार बनाउने क्रममा स्त्रीको नाममा तीन तला र पुरुषको नाममा भए चार तला माटोको सतहबाट उठाएर बनाइन्छ । उक्त चौतारा बनाउनको निम्ति एकदिनमा थालेपछि सोही दिन बनाइसक्नु पर्ने मान्यता लिम्बू समूदायमा रहेको छ । उक्त चौतारामा मृतक व्यक्तिको जन्म र स्वर्ग मिति, ठेगाना र निर्माणकर्ताको नामावली उल्लेख गरिएको हुन्छ । यसै चौतारा बनाउने विधिलाई लिम्बू भाषामा 'लुङ लेप्मा थिम्' भनिन्छ ।

त्यस्तै लिम्बू समूदायमा शुद्धयाइ कार्यको रात 'तङसीङ' राख्ने प्रचलन छ । यसरी लिम्बू समूदायमा मृत संस्कारका आफ्नै छुट्टै पाटो, विधि र संस्कृति विकास भएर आएको छ ।

# चौथो परिच्छेद

## ४.१. इलाम जिल्लाको परिचय

प्रस्तुत शोधपत्रको उद्देश्य लिम्बू जातिमा प्रचलित लोकनाच धाननाच (यालाङ) को परिचय दिनु र विश्लेषण गर्नु हो । र सो उद्देश्य पुरा गर्नको निम्ति इलाम जिल्लाको भौगोलिक सिमालाई आधार मानिएको हुँदा वा सो कार्य इलाम जिल्लाभित्र रहेर गर्नुपर्ने भएकोले संक्षिप्त रुपमा इलाम जिल्लाको परिचय दिदैं लिम्बू लोकनाच धाननाच (यालाङ) को परिचय र विश्लेषण गरिएको छ ।

नेपालको प्रशासनिक विभाजन अन्गर्तग पूर्वाञ्चल विकास क्षेत्र मेची अञ्चलका ४ जिल्ला मध्येको एक पहाडी जिल्ला इलाम आफै आफ्नो नामबाट परिचित रहेको छ । इतिहासको अध्ययनको आधारमा हालको इलाम जिल्ला नेपाल एकिकरण हुनु भन्दा अगाडि राई र लिम्बू जातिहरुको किराँत राज्य थियो । त्यसमा पनि प्राचिन समयमा लिम्बू जातिहरुको बाहुल्यता भएकाले इलाम जिल्लाको नामाकरण लिम्बू भाषाबाट भएको मानिन्छ । लिम्बू भाषामा इलाम शब्द दुई शब्दको संयोजन भई भएको मानिन्छ । जसमा इलाम = इ+लाम । 'इ' को शाब्दिक अर्थ 'घुमाउरो' र 'लाम' को अर्थ 'बाटो' अर्थात् इलामको अर्थ घुमाउरो हुन जान्छ ।[(१)] यस अर्थलाई पुष्टि गर्ने साच्चैनै झापादेखि इलाम आउँदा धेरै

घुमाउरो बाटो तय गर्नु पर्दछ । यसरी हेर्दा यस जिल्लाको नाम इलाम राखिनु उपयुक्त नै देखिन्छ ।

महाभारतको र शिवाली पर्वत श्रृखलाको पूर्वदक्षिणकाखमा अवस्थित नेपालको सुदुर पूर्वि पहाडी जिल्ला इलाम वास्तवमै प्राकृतिक दृष्टिले रमणिय  छ । यहाँको हरियाली चियाबारी, साना ठूला नदीनाला, पोखरी मठमन्दिर, पर्वतीय शिखर तथा अन्य प्राकृतिक सुन्दरता पर्यटक आकर्षणका तत्व हुन् । प्रकृतिक बरदान स्वरुप रहेको यहाँको उर्वरभूमि एवं पौरखी कृषकहरुको अथक् मेहनतले गर्दा यो जिल्ला आर्थिक रुपले धनी मानिन्छ ।

१. जिल्ला वस्तुगत विवरण इलाम-२०६३, प्रकाशक शाखा तथ्याङ्क कार्यालय पाँचथर, फिदिम, पाँचथर, नेपाल वर्ष ६४, पृ.सं. १

साँस्कृतिक, प्राकृतिक, आर्थिक पक्षहरुमा समृद्ध रहेको यो जिल्ला

*"पहाडकी रानी*

*नगदेबालीको खानी"*

जस्ता उपनामले चिनिन्छ । इलामजिल्लालाई विभिन्न 'अ' को जिल्ला भनेर पनि चिनिन्छ । यसै क्रममा यसलाई हाल आठ अ को जिल्ला भनेर चिनिन्छ । जसमा 'अ' को अर्थ निम्नानुसार लगाइएको छ :- अः अलैची, अदुवा, अर्थोडक्स चिया, अकवरे खोर्सानी, ओलन, अम्लिसो, आलु, अतिथि सत्कार । महेन्द्र राजमार्गको चारआलीबाट मेची राजमार्गमा ७८ किलोमिटरको दुरी पार गरेपछि इलाम सदरमुकाम पुगिन्छ ।

यसरी इलाम जिल्लाको भौगोलिक अवस्थितिलाई हेर्दा २६°४०' उत्तरी देखि २७°८' उत्तरी अक्षांश र ८७°४०' पूर्वीदेखि ८७°१०' पूर्वी देशान्तरसम्म फैलिएको छ । जम्मा १७०३ वर्ग कि.मी. क्षेत्रफल भएको इलाम जिल्ला समुन्द्री सतहबाट ३०० मिटर देखि ३६३७ मिटर उचाईमा पर्दछ ।  त्यस्तै पूर्वमा भारतको पश्चिम बंगाल राज्यको दार्जिलिङ्ग जिल्ला, पश्चिममा मोरङ र पाँचथर जिल्ला उत्तरमा पाँचथर जिल्ला तथा दक्षिणमा झापा जिल्लासँग इलाम जिल्लाको सिमाना जोडिएको छ । इलाम जिल्लाको पूर्व पश्चिम औषत लम्बाई ५० कि.मी. छ भने उत्तर दक्षिण औषत चौडाई ३८ कि.मी. छ ।  जम्मा ४८ गाविस भएको

इलाम जिल्लामा १ नगरपालिका र ११ इलाका संख्या रहेको छ। राष्ट्रिय जनगणना २०५८ अनुसार इलाम जिल्लाको जम्मा जनसंख्या २,८२,८०६ रहेको छ । भने त्यसमा महिलाको संख्या १,४०,३७२ र पुरुषको संख्या १,४२,४३४ रहेको छ । ४. ५४,५६५ घर परिवारको संख्या रहेको इलाम जिल्लामा जनघनत्व प्रति वर्ग कि.मी.१६३ जना रहेको छ । महिलाको औषत आयू ५८ बर्ष र पुरुषको औषत आयू ६२ बर्ष रहेको इलाम जिल्लाका सम्पूर्ण जनसंख्याको औषत आयू ६० बर्ष रहेको छ । इलाम जिल्लाको बार्षिक जनसंख्या बृद्धिदर २.१०% रहेको छ भने यस जिल्लाको प्रमुख पेशा कृषि हो । जम्मा जनसंख्याको ७६.७४% जनसंख्या कृषि पेशामा आवद्ध छन् । इलाममा कूल जमिनको ३५,८४१.६ हेक्टर जमिन कृषियोग्य रहेको छ । इलाम जिल्लाको ८०,९२६ हेक्टर क्षेत्रफल वनजंगलले ढाकेको छ । भने अन्तराष्ट्रिय रामसागर क्षेत्रमा सूचिकृत पोखरी माइपोखरी, हाँसपोखरी, कालपोखरी, भ्याउँपोखरी लगायत माई, देउमाई, पुवामाई, जोगमाई तथा मेची आदि नदीहरु पनि यही जिल्लामा रहेको छ । इलाम जिल्लाको शैक्षिक स्थितिलाई हेर्दा ३१२ ओटा प्रा.वि., ५४ ओटा नि.मा.वि., ४९ ओटा मा.वि.तथा २४ ओटा उच्च मा.वि. (२०६६ सालसम्म) सामुदायिक रुपमा संचालनमा छन् ।[१] त्यस्तै यस जिल्लाको साक्षरता प्रतिशत ६६.५% (६ बर्ष भन्दा माथिका) रहेको छ । त्यस्तै इलाम जिल्लामा कूल जनसंख्याको ४७.२८% ले किराँत धर्म, ३६.१७% ले क्रिश्चियत धर्म मान्दछन् । यस जिल्लामा विभिन्न भाषा भाषिहरुको बसोबास रहेको छ । जसमा ५४.०३% ले नेपाली भाषालाई मातृभाषा बनाएका छन् । त्यस्तै १७.७०% ले वान्तवा भाषालाई, १२.६८% ले लिम्बू भाषालाई तथा ३.८१% मगर र ५% ले तामाङ्ग भाषालाई आफ्नो मातृभाषा अपनाइ आएका छन् भने अन्य भाषा अपनाउनेहरुमा ६.७८% रहेका छन् ।[२] इलाम जिल्लाका आदिबासी लिम्बू र लेप्चा भएपनि यहाँ ब्राम्हण, क्षेत्री, राई, तामाङ्ग, नेवार, गुरुङ्ग, मगर, दर्जी, विश्वकर्मा लगायत येल्मु, खारवाडी तथा कामी आदि जस्ता संख्यात्मक न्यूनता भएका जातिहरु पनि बसोबास गर्छन् ।

यसरी हेर्दा इलाम जिल्ला जातिगत, सांस्कृतिगत र सौन्दर्यगत विविधताले भरिपूर्ण जिल्ला हो । समग्र सौन्दर्यले ओतप्रोत **'पहाडकी रानी'** हो इलाम ।

## ४.२. लिम्बू लोकनाच धाननाच (यालाङ) को परिचयः-

विश्वको मानचित्रमा नेपाल एउटा एशिया महादेशमा पर्ने सानो सार्वभौमिक देश हो । तर सानै देश भए तापनि बहुभाषी, बहुजाति तथा बहुसंस्कृति सम्पन्न राष्ट्र हो । नेपाल र नेपाली आफ्नो बेग्लै संस्कृतिमा स्वतन्त्ररुपले बाँचेका छन् । नेपालको सुदूरपूर्वमा पर्ने ( अरुणपूर्व) पहाडी जिल्लाहरुलाई इतिहासमा पल्लो किराँत वा लिम्बूवान क्षेत्रले चिनिन्छ । यही ऐतिहासिक क्षेत्रभित्र पर्ने एक जिल्ला हो इलाम । इलाम जिल्लामा विभिन्न सम्प्रदाय वा जातिहरुको पनि बसोबास रहेको छ ।

---

१. जिल्ला वस्तुगत विवरण इलाम-२०६३, प्रकाशक शाखा तथ्याङ्क कार्यालय पाँचथर, फिदिम, पाँचथर, नेपाल वर्ष ६४, पृ.सं. १३

१. जिल्ला वस्तुगत विवरण इलाम-२०६३, प्रकाशक शाखा तथ्याङ्क कार्यालय पाँचथर, फिदिम, पाँचथर, नेपाल वर्ष ६४, पृ.सं. १२

त्यसकारण इलाम जिल्ला जातिगत र सांस्कृतिगत विविधताले सम्पन्न तथा भरिपूर्ण जिल्लाका रुपमा रहेको छ । यी विभिन्न जातिहरु मध्ये लिम्बू जाति पनि एक हो । जो इलाम जिल्लाको आदिबासीका रुपमा चिनिन्छ । लिम्बू जाति आफ्नो अलग्गै सांस्कृतिगत विशेषताहरु भएको एक जाति हो । लिम्बू जातिको विभिन्न संस्कृतिहरु मध्ये धाननाच (यालाङ) पनि एक हो ।

लिम्बू जातिका केलाङ (च्याब्रुङनाच) र हाकपारे साम्लो पनि प्रमुख सांस्कृतिक फाँटमा पर्दछन् । यिनीहरु भन्दापनि बढी आत्मियता धाननाच (यालाङ) सँग गाँसिएको छ । केलाङ (च्याब्रुङ नाच) भन्नाले एउटा काठको ढुङ्ग्रोमा जनावरको छालाले मोडेर बनाइएको बाजा हो । यो बाजा बजाएर नाचिने नाचलाई लिम्बू भाषामा केलाङ भनिन्छ । बिहेको अवसर र नयाँ घरको प्रवेशको अवसरमा यो नाच नाच्ने प्रचलन छ । यो नाचमा नृत्य र बाजाको ताल मिलाएर नाचिने गरिन्छ । यसको विस्तृत विवरण अघिल्लो पच्छिेदमा भएकै छ । त्यस्तै हाक्पारे साम्लो पनि लिम्बू संस्कृतिको एक अङ्गको रुपमा रहेको छ । यसले लिम्बू जातिको सृष्टिको बेली विस्तारको वर्णन गर्दछ । हाकपारे साम्लो भन्नाले चेली, माइती, बुढापाका एकै ठाउँमा बसेर गाइने गीतलाई भनिन्छ । हाक्पारे साम्लोमा पनि दोहोरी

लयमा गीत गाइन्छ । यो दोहोरी गीत जस्तै प्रश्न र उत्तरको क्रममा गाइन्छ । हाकपारै साम्लोलाई गीतको साथै लिम्बू लोक छन्दको रुपमा पनि उल्लेख गरिएको छ ।

यी दुई सांस्कृतिक नाच बाहेक धाननाच (यालाङ) चाँहि लिम्बू जातिको ढुकढुकी भएर रहेको पाइन्छ । 'यालाङ' लिम्बू भाषाबाट बनेको शब्द हो । जसलाई नेपालीमा 'धाननाच' भनिन्छ । लिम्बू भाषाको 'यालाङ' शब्दलाई ब्यूत्पत्तिगत रुपमा हेर्दा 'या' को नेपाली अर्थ धान र 'लाङ' को नेपाली अर्थ 'नाच' हो । त्यसकारण लिम्बू भाषामा भनिएको 'यालाङ' को अर्थ 'धाननाच' हो । हाकपारे साम्लो र धाननाच (यालाङ) को प्रकृतिलाई हेर्दा केही अंश मिल्न खोजेपनि आधारभूत रुपमा अन्तर रहेको पाइन्छ । धाननाच (यालाङ) कसरी सुरुवात भयो भन्ने सम्बन्धमा लिम्बू समुदायमा बडो चाख लाग्दो किसिमले उल्लेख भएको पाइन्छ । जुन यो नाच मंसीर महिनाको धान दाइँ गर्ने क्रमबाट शुरुवात भएको हो । धानको पराल माड्दै धान झार्नेक्रम चल्यो । यही क्रममा खुट्टाले पराल माड्ने क्रमपछि गएर खुट्टा सार्ने र अगाडी पछाडी फिर्ने क्रम चल्यो । यसरी एकातिर पराल माडेर धान झार्ने काम गर्दथे भने अर्कातिर मनोरञ्जन तथा थकाई मार्ने साधनको रुपमा हात समाइ गीत गाउँदै उफ्रन थाले । लिम्बू भाषामा भनिए बमोजिम- "सिङकुसिङ सिङसुले, नितीगेन कुङवामा मिङसुले । तगनतङले आजुन्सै, हेक्केआङ उपानि आजुव्सै"(१) जसको नेपाली भाषामा रुपान्तरण गर्दा- "धान झाने खलामा अन्न भेला गऱ्यौं । कुट्ने, बटुल्ने लाहानामा भावीले गर्दा भेला भयौं, त्यसैले हामी मनोरञ्जन गर्नलाई उफ्रौं र नाचौं ।" यसरी थकाइ मार्ने र मनोरञ्जनको स्रोतको रुपमा सुरुवात भएको यो नाचले हालसम्म पनि लिम्बू जाति बसोबास गर्ने क्षेत्रको कुना-कन्दराका साथै गाउँ-शहरहरुमा समेत व्यापकता लिएको छ ।

यसरी हेर्दा मंसीर महिनाको दाँईबाट शुरु भएकोले धाननाच (यालाङ) नाम रहन गएको हो । विभिन्न मेला, पर्व, हाटबजार तथा उत्सवहरुमा नाचिने यो नाचमा समयले पार गर्दै जाँदा विभिन्न उतार चढावहरु आएका छन् । यो नाचको उत्पत्तिगत शुरुवातमा साइनो सम्बन्ध केलाउने प्रचलन थिएन । तर समयक्रममा पछि आएर तुम्याङलेरुले नाता-सम्बन्धको सीमा निर्धारण गरे । उनिहरुले आमा पट्टिको तीन पुस्ता र बाबु पट्टिको चार पुस्तासम्म साइनो लाग्नेले धान नाच्नु हुँदैन भने सम्बन्धगत सीमा निर्धारण गरे । अद्यापी लिम्बू

समुदायमा यो नियम कडा रुपमा पालन गरिन्छ । र यस्तो कुनैपनि किसिमको साइनो सम्बन्ध लाग्ने युवा-युवतीहरु बीचमा धान नाच्ने प्रचलन छैन । धाननाच (यालाङ) को शुरुवात गर्नुपूर्व साइनो सम्बन्ध केलाइन्छ । धाननाचको शुरुमा नै धाननाच्नेले म फलाना ठाउँ बस्ने, फलाना थरको भन्दै आफ्नो नाता सम्बन्धको फेहरिस्त कहन्छ । जस्तै- "लाक्फा तेत्ला आथ्पी, काइनु सोधुरा अबप्पी" अर्थात हामी तपाई बिचमा साइनो पो लाग्ने छौं कि, यदि साइनो सम्बन्ध नपर्ने छौं भने एकछिनलाई नाचौं पनि धाननाच (यालाङ) शुरु गरिन्छ । यसरी साइनो सम्बन्ध केलाइ सकेपछि धाननाच (यालाङ) शुरु हुन्छ ।

यसरी धाननाच (यालाङ) विवाहित महिला-पुरुषहरुले पनि नाच्न सक्ने भएपनि विशेषत अविवाहित लिम्बू युवा-युवतीहरुले नै बढी मात्रामा नाच्ने गर्दछन् । दुई या त्यो भन्दा

१. चम्फासिंह ताम्लिङसंग गरिएको कुराकानीबाट, सोयाङ, इलाम

धेरै समूहमा नाचिने धाननाचमा धाननाच्नेहरु बीच एकहर्माका हात समाएर विभिन्न विधि र शैलीमा नाच्छन् । धाननाच एउटा गीतिप्रधान लिम्बू लोकनाच भएकाले यसमा मिठो शैलीमा गीत पनि गाइन्छ । यसरी धाननाचका क्रममा गाइने गीतलाई 'पालाम' भनिन्छ । 'पालाम' धाननाचमा बाहेक अन्य कुनैपनि लिम्बू सांस्कृतिक नाचहरुमा प्रयोग हुँदैन र पालामको शाब्दिक अर्थलाई हेर्दा 'पा' को नेपाली अर्थ 'भन्ने' र 'लाम' को नेपाली अर्थ 'बाटो' हो । त्यसैले 'पालाम' को अर्थ नेपालीमा 'भन्नेबाटो' हो । र 'पालाम' लाई लिम्बू वाङ्मयमा एउटा छन्दका रुपमा पनि स्वीकार गरिएको छ । यसरी हेर्दा 'पालाम' भनेको धाननाचको क्रममा भन्न सकिने बाटो नै पालाम हो । धाननाचकै क्रममा लिम्बू युवा-युवती, महिला तथा पुरुषहरुद्वारा 'पालाम' गाउँदै हात समाइ गोडा विधिपूर्व अगाडी- पछाडी गर्छन् भने कहिले अषडी त कहिले पछाडी पनि फकर्मदै धाननाच नाच्ने गर्छन् । यसरी नाचिने धाननाच (यालाङ) मा युवा-युवतीहरु बीच दोहारी पनि चल्ने गर्छ भने अझ मनोरञ्जन र रोचकताका निम्ति बौचिक किसिमका सवाल जवाफ पनि हुने गर्दछन् । यसका साथै धाननाचमा युवा र युवती बीचमा प्रमभाव प्रतिस्पर्धात्मक आख्यानहरु व्यक्त गरेर एक अकाको विद्धता, वैचारिक द्वन्द्व र अनुभव अनुभूतिहरु आदानप्रदान र पहिचान पनि गरिन्छ । प्रायजसो : धाननाचमा

माया प्रितीका कुराहरु बढी पालामबद्वारा गाउँदै नाचिने भए तापनि पालाममै मुन्धुम जोडेर गाउँदै नाच्ने प्रचलन पनि रहेको छ । यसरी नाचिने धाननाच (यालाङ) जम्मा ६ किसिमको र छ ओटै नाच्ने विधिहरु रहेको पाउँछौं । धाननाचको एक अर्को रोचक प्रसंग के पनि छ भने युवा र युवती बीचमा धाननाच सुरु हुनुभन्दा पहिले अविवाहित शर्त पनि हुनसक्छ कि सवाल जवाफका क्रममा जो पराजित हुन्छ, उसले शर्त अनुसारका कार्य पुरा गर्नुपर्छ । यद्यपी यो प्रचलन अहिले धेरै हदसम्म हटेपनि यस्ता शर्तमा पराजित हुँदा युवतिहरु युवकसँग जानुपर्ने वा युवतीहरुकहाँ घरज्वाँइ बस्नु पर्ने सम्मका शर्तहरु हुन्छन् ।

यसरी ए ...ए ... र हा ... हा.... को सुमधुर लयमा नाचिने धाननाचमा लयात्मक सौन्दर्य त छ नै साथै यो अति विधिपूर्वक र अनुशासित भएर नाचिन्छ । धाननाचका क्रममा यदि युवा-युवतीहरु मध्ये कुनै एकको खुट्टा अर्कोको खुट्टामा अन्जानमा लाग्न पुगेमा सो अन्जानमा जसको खुट्टाले लाग्छ, उसले ढोगेर माफि माग्नुपर्छ । र कुनै-कुनै ठाउँ त शिर उठाउनीको रुपमा एक बोटल रक्सी राखेर ढोगेर माफ मागिन्छ । यसरी हेर्दा धाननाच एउटा विधिसम्मत र अनुशासिनत भएर (यालाङ) नाचिने लिम्बू लोकनाच हो ।

## ४.३. लिम्बू लोकनाच धाननाच (यालाङ) को उत्पत्तिगत ऐतिहासिक पृष्ठभूमी :-

संसारमा भएका सम्पूर्ण विषयवस्तुहरुको उत्पत्तिगत ऐतिहासिक पृष्ठभूमि हुन्छ । चाहे त्यो लिखित परम्परामा होस् । एक न एक उत्पत्तिगत ऐतिहासिक पृष्ठभूमि अवश्य हुन्छ ।

लोकसाहित्यको अभिन्न विद्या भन्न सकिने लोकनाच अन्तर्गत पर्ने लिम्बू लोकनाच धाननाच (यालाङ) को पनि एउटा छुट्टै उत्पत्तिगत ऐतिहासिक पृष्ठभूमि रहेको छ । लोकसाहित्य स्वयंको उत्पत्ति श्रृतिपरम्परामा भएका कारण त्यसै अन्तर्गत पर्ने लोकनाच पनि यही परम्पराबाट अगाडी आएको हो । यसकरण लोकसाहित्यको एक अङ्ग लोकनाच अन्तर्गत पर्ने लिम्बू लोकनाच धाननाच (यालाङ) पनि श्रृतिपरम्पराबाट अनुकरण हुँदै आएको लोकनाच हो । धाननाचको उत्पत्तिगत ऐतिहासिक पृष्ठभूमि पनि आख्यातात्मक रुपमा श्रृतिपरम्परामा बाँच्दै आएको छ । धाननाच (यालाङ) को उत्पत्तिका बारेमा अनेक श्रृतिहरु तथा आख्यानहरु भेटिन्छन् ।

स्व.इमानसिंह चेम्जोङको अनुसार सृष्टिको अनवरत उपभोगको क्रममा मानवय सभ्यताले केही नौलो र आस्थायुक्त चरणहरु छुन थालेपछि मानिसले जंगली र यायावर जीवनोपभोगको पराकाष्ठा नाघ्दै व्यवस्थित बसोबास र खायनपायनको सुरुवात गर्दै क्रमशः सभ्यताको चरण उकास्दै ल्याएको इतिहासहरु प्रसस्त पाइन्छन् । यसैको सरोफेरोमा लिम्बू जाति (मानव) पनि प्राचिनताको पराकाष्ठाबाट विस्थापित हुन थालेपछि प्रारम्भमा 'सोरोक्पा' नामक लिम्बू पिट्टले तरुण र तरुणीहरुलाई तीन कदमको नाच सहित कोठाको पृथकतामा धान रोप्ने र पछि बाल उठाउँदा दायाँ पाँच, बाँया पाँच र स्वस्थानमा तीन कदम संचालन गरेर नाच्दै परालबाट अन्न झार्ने प्रविधि सिकाका हुन् । र यसैबाट धाननाचको शुरुवात भएको हो ।[१] यस्तै लिम्बू समुदायमा प्रचलित किंवदन्ति वा कथन अनुसार सिंगो संसार जलमग्न थियो ।

---

१. इमानसिंह चेम्जोङ्ग, किरातहरुको इतिहास र संस्कृति, प्र. २०३१, पृ.सं. ३

यसरी जल मात्र रहेको अवस्थामा यमामी र पौरप्मी माङ्ले तागेरा निङ्वाफुमाङ्सँग विन्ति गरे । तागेरानिङ्वाफुङ् माङ्ले उक्र अनुरोधलाई स्वीकार गरी सूर्य चन्द्रमाको साथमा नागलाई मदानीको प्रयोगमा ल्याउन निर्माण गर्न लगाए । यसरी नागको मदानी निर्माण गरिए पश्चात पाँच दिनसम्म जलमा घनघोर महीपारे झै पार्न लगाइयो । त्यस पश्चात सारा जल कमपन्न हुन थाले । दशौं दिनमा सारा जलमा फिँज निस्कियो र त्यो फिँज माटो र ढुंगाको नामले चिनियो । तर माटो र ढुंगा उत्पति भएपनि आपसमा बाँधिएको वा कसिएको थिएन । जसले गर्दा माटो र ढुंगालाई आपसमा अड्याउने र कसीलो बनाएर राख्न के गर्ने भनी यमामी र पौरप्वी माङ्ले पुनः तागेरानिङ्वाफु माङ्सँग अनुरोध गरे उक्त अनुरोधले गर्दा तागेरनिङ्वाफु माङ्ले वनस्पतिको रुपमा खरुकी र दुवी जस्ता झारको सृष्टि गर्न लगाए । सोहि सल्लाह बमोजिम यमामी र पौरप्वी माङ्ले खरुकी र दुवी नामको झारको निर्माण गरे । यो झारले माटो र ढुंगालाई आपसमा कसेर बाध्ने र अड्याउने काम गरे ।

यसरी झारको निर्माणले माटो र ढुंगा त अडिएर रहने भयो तर यसलाई सुहाउने वनस्पतिमा शिरखण्डको रुखको पनि सृष्टि यमामी र पौरप्वीले गरे । वायु वतासको पनि

निर्माण गरियो । अव वायु वतास वेगले हुरी वतास चल्न थाल्यो । रुखहरु यता र उता हल्लिन थाले । सृष्टि गरिएको रुखहरु यति वेगले चल्न थाल्यो कि अनियन्त्रित अवस्थामा वेगले हल्लिमात्र रह्यो । अव यस्तो अवस्थामा सृष्टिकर्ता द्धययले दरो पारी राख्ने क्रममा फेन्चामिई थाक्पाको श्रृजना गरे । यो देब्रे लहराले रुखहरुलाई दरो बनाएर राख्ने काम गर्न थाले । संसार हरियाली त भयो तर त्यसलाई सुहाउने जीवको रुपमा केही थिएन । त्यसैले यमामी र पौरप्वी माङ्ले विन्ति गरि जंगललाई सुहाउने जनावरको रुपमा सुम धाँवा तोक्मी र नगेक् केदाङ्को श्रृजना गरियो । घस्रिहिड्ने जीवको रुपमा गड्यौलाको श्रृजना गरिए पनि मानव विना भएन भनी सृष्टिकर्ता द्धययले पुनः परमात्मासँग अनुरोध गरे । तागेरानिङ्वाफु माङ्ले उक्त अनुरोधलाई स्वीकार गर्दै हिरा, मोती, सुन, चाँदी जोडेर मान्छेको मूर्ति निर्माण गर्ने सल्लाह दिए । उक्त सल्लाह बमोजिम मानवको मूर्ति बनाइयो । तर उक्त मुर्तिको स्वासप्रश्वास प्रकृया भएन । यसले गर्दा सृष्टिकर्ता द्धययलाई बडो समस्या आइ पऱ्यो । पुनः मानव सृष्टिको लागि तागेरानिङ्वाफु माङ्सँग अनुरोध गरियो । अन्त्यमा सेमीक्ला पोमीक्लाको खरानी र कऱ्याङ् कुरुङ्को सुली ( सेनीगेन अही) मिसाएर मुर्ति बनाउन लगाइयो । त्यो मूर्तिलाई बोलाउने क्रम चल्यो । मूर्ति बोल्न थाल्यो । साथै स्वासप्रश्वास प्रकृया पनि राम्ररी चल्न थाल्यो । यी तिन चिजबाट बनाइएका मानव मुर्ति मान्छेमा परिणत भयो । यो प्रथम मानव एक स्त्री थिइन् । कालान्तरमा ती केटी जवानीमा पुगिन् । यो संसारमा उनी केवल एक्ली थिइन् ।

उनी आफ्नो जवानीको आवेशमा नग्न शरीरलाई सूर्यतिर प्रदर्शन गराइन् । उनी उठेर वायु वतासलाई सुसेली मार्दै बोलाउन थालिन् । उनको त्यस बेला मासिक भई रहेको थियो । त्यसपछि उनले सूर्य र वायुसँग मिश्रित गराई तृप्ति कुरा गरिन् । ती केटीले गर्भधारण गरिन् । गर्भधारण गरेको दशौं महिना पश्चात जुम्ले बच्चा पाइन् । जुम्लै बच्चामा एक परुष र एक स्त्री थिइन् । पुरुषको नाम एफेल्लाहाङ र स्त्रीको नाम लाजिजङहाङ थियो । यी जुम्लै बच्चाहरु कालान्तरमा मस्त जवानीमा पुगे । आमाले ती दुई बच्चालाइ आपसको नाता सम्बन्ध भुलाउने भूमिका खलिन् । छोरालाई हिमाल तिर पठाइयो भने छोरीलाई मैदानतिर पठाइयो । छोरालाई मालिङ्गो र निगालोको विनायो बनाएर कोसेली वा चिनो स्वरुप

केटीलाई दिने आदेश दिइयो । छोरीलाई अम्लारी पेटारी झोला बुनेर केटालाई दिइने आदेश दिइयो । यसै बमोजिम ति केटा केटीहरुले आपसमा दिने लिने क्रम कालान्तर चलिरह्यो । यसरी लिनेदिने चिनो नै पछि गएर मायाको चिनो बन्न थाल्यो । उनीहरु बिचको प्रेमको विकास तिव्र गतिले बढ्न थाल्यो अन्तमा दुई चेली र माइतीले आफ्नो रगतको नातालाई विर्सिएर एउटै प्राणको ढकढुकीमा बाँच्ने निर्णय गरे । अन्तमा दुवै दम्पति भए । त्यस पश्चात सन्तानको वृद्धि हुन थाल्यो त्यसैले गर्दा लिम्बू सम्प्रदायमा अझै पनि लाःसा नाम्सा र सरित्‌केजङ्सा को सन्तान भन्ने पाइन्छ । अर्थात् जुनघामको सन्तान, वायु वतासको सन्तान हो भनिन्छ ।

मानवको उत्पति पश्चात सिकारी युगलाइ पार गर्दै आए । त्यसबेला खेती लगाउने ज्ञान थिएन । मानवलाई खाने कुरो के खुवाउने भन्ने प्रश्नमा यमामी र पौरप्मी माङ्ले मैदानबाट धानको विऊ ढुकुरलाई बटुल्न लगाए । पहाडबाट बटाइ चरालाई कोदोको विऊ बटुल्न लगाइयो ।

लिम्बू मुन्धुम अनुसार "सिङ युक्मादेन नु पुतुके पुते मेन वरक्नु खाम रोक्मा पुचमामी माङ्नु पौरप्वी माङले यारिम्बुङ चारिम्बुङ फुङयान्दुसी ।" यसरी धान कोदोको विऊ चराद्धारा संकलन गर्न लगाइयो । त्यसपपछि कृषि युगको थालनी भयो । धान र कोदोको खेती गर्न थालियो । यो पाकेको वाली वा धानलाई विटो लगाउने र दाँई गर्ने क्रम आयो । दाँई गर्दा मियो गाड्र वरिपरी गोरुलाइ बाँधेर धुमाउन थालियो ।गोरुको पुच्छर समाएर मान्छेहरु वरिपरि घुम्न थाले । पराललाई खुट्टाले माड्दै धान झार्ने काम गर्न थाले । गोरुको पुच्छर समाउने क्रमलाई छोडेर भेला भएका मान्छेहरुले आपसमा हात समाएर पराल माड्दै उफ्रन थाले । उनीहरु बीचमा पराल माड्दै उफ्रने क्रममा प्रतिस्पर्धा चल्न थाल्यो । यहि क्रम काल-कालान्तरसम्म रहि रह्यो । मानिसहरु आपसमा हात समाएर पराल माडेर धान झार्ने क्रममा रमाइलो मान्दै उफ्रन थाले । क्रमिक रुपले समयले कोल्टो फेर्दै गयो । उनीहरु बिचमा हात समाउदै खुट्टा सार्दै हा..............हा..............हा............छुइया हा............. गर्दै शब्दमा लय भर्न थाले । उनीहरु धेरै वर्षसम्म आपसमा वा एकै परिवारमा सदस्यहरु लगायत गीत गाउदै पराल माड्ने क्रम चल्यो । यसरी उनीहरु गोरुको पुच्छर समाउन

छाडेर आपसमा हात समाउन थाले अब उनीहरुले कडा परिश्रमको थकाई मार्ने मनोरञ्जनको साधनको रुपमा हात समाएर लयगत गीत गाउन थाले । यसरी उनीहरु बीचमा थकाई मार्ने र रमाइलो गर्ने क्रम विससित हुँदै गयो । त्यस कारण धानको खेती उठाएको समयमा परालबाट धानको दाँईबाट यो नाच शुरुवात भएको हो भन्ने लिम्बू सम्प्रदायका अग्रजहरु विच एक मत रहेको पाइन्छ । यसरी मंसीरै महिनाको दाँईबाट शुरुभएको नाच भएकोले गर्दा यसको नाम 'धाननाच' वा यालाङ भन्दै आएको हो ।[१]

तर समयले पार गर्दै जाँदा आपसमा गीत गाउने हात समाएर खुट्टा सार्दै अगाडी पछाडी गर्ने क्रमले दाँई गर्ने ठाउँबाट अन्य मेला हाट चैतारा आदिमा जमघट गरी नाच्ने क्रम विस्तार हुदै गयो । तर उनीहरु आपसमा साइनो सम्बन्ध केलाउने र को सँग नाच्न हुने वा नहुने आदि कुरोबाट अनविज्ञ थिए ।

१. अकलबहादुर थाम्सुहाङ्गसंग गरिएको कुराकानीबाट, प्राङबुङ-३, पाँचथर

तर समयको परिवर्तनले लिम्बू सम्प्रदायलाई सभ्यताको सामु अगाडी सार्‍यो । अब उनीहरु साइनो सम्बन्ध नाता पर्ने सँग नाच्न हुदैन भन्ने ज्ञान आउन थाल्यो । आमा पट्टिको तीन पुस्ता र बाबु पट्टिको चार पुस्ता सम्मको मावलीपट्टी धान नाच्न हुदैन भन्ने तुम्याहाङहरुले सीमा निर्धारण गरे । यसरी मध्यकालको उत्तरार्धमा आएर साइनो सम्बन्ध नाता पर्नेसँग धान नाच्न हुदैन भन्ने नियम बनाइयो । यदि संयोग वश धान नाचेको खण्डमा आपसमा माफि माग्ने चलन बस्न थाल्यो । धाननाचको शुरुमा नै पालाम भन्नेले म फलान ठाउँ बस्ने फलाना थरको भनी स्पष्ट चलन आउन थाल्यो । जस्तैः- ''लाक्फा तेत्ला आध्प्पी काइनु सोधुरा आवप्पी'' अर्थात् हामी तपाइ बीचमा साइनो पो लाग्ने छौं की यदि साइनो सम्बन्ध नपर्ने छौं भने एक्छीनलाई नाचौं भन्ने प्रस्ताव राख्ने क्रमले ठाउँ लिन थाल्यो । आज आएर पनि साइनो सम्बन्ध नाता पर्ने बीचमा यालाङ् बन्देज छ ।

धानको दाँई गराइबाट शुरु भएको यालाङ्ले विभिन्न समय पार गर्दै आयो । यालाङ्मा विविध शौलीले पनि ठाठँ लिदै आयो । यालाङ्को शैली र प्रकृती विशेष गरेर ६ किसिमको रहेको पाइन्छ ।

यस्तै युगान्तरको सभ्यतासँगै मानिसले कृषि व्यवसाय अपनाउनमा पंक्षीहरुको महत्वपूर्ण भूमिका रहेको आख्यान पनि भेटिन्छ । मानिस कृषि प्रविधिको अभावले कन्दमूल र फलफूलमा प्राण धान्न बाध्य भइरहेको अवस्थामा एक 'फेल्येरे फेम्पुना' नामक चरा मानिसको समूहमा आएर मानिसहरुलाई बिऊ दिने तथा खेतीपातीको प्रविधि सिकाउनमा अग्रसर भइन् । तदनुरुप चराले (तप्मारो या ? घैयाको बीऊ ल्याइदिएर कृषि व्यवसायमा मानिसलाई उन्मुख गराएका हुन् । तर मानिस र चराको बीच भएको सन्धि अनुसार फलेको र पाकेको बाली खान चराहरु आउँदा मानिसहरुले हा भनेर खेद्न नपाउने भयो । त्यसो हुँदा आफ्नो श्रमद्वारा मानिसले आर्जेको अन्न पंक्षीहरुले नै सकिदिने भएकाले अन्न भित्र्याउने बेलामा बाली काटेर खलामा थुपारे पछि मानिसहरुले हात समाएर हा .... हा... हा... हो लयबद्ध आवाज निकाल्दै र नाच्दै अन्न झार्ने तरिका अपनाए । प्रत्यक्ष र अर्को कोलाहल नभै मधुर संगीत ध्वनिको प्रवाहले पंक्षीहरु धानको खला छाडेर क्रमशः टाढा-टाढा पन्सिदै गए । मानिसको प्रवल बुद्धि र जुक्तिले गर्दा अन्न बच्न गयो । त्यसरी मानिसले आफ्नो श्रमको अन्न आफ्नै लागि बचाउने मुक्तिपूर्ण प्रविधि अपनाउँदै लाँदा धाननाचको शुरुवात भएको हो ।[(१)]
त्यस्तै धाननाचको उत्पत्ति सम्बन्धमा अर्को एउटा आख्यान पनि रहेको छ । आदिम युगमा मानिसलाई खाद्यान्नको दृष्टिकोणले समुन्नत र सभ्य तुल्याउन 'माकचेरे पु' भङ्गेराको भूमिका महत्वपूर्ण थियो । वैशभ्य र फिरन्ता जीवनोपभोग गरिरहेका मानिसहरुलाई हा भनेर खेद्न नपाउने शर्तमा भङ्गेराले 'ह : कसी" जौको बीऊ ल्याइदिए । पाखा, भित्ता र बारीहरुलाई घोचाले खनि खस्री मानिसहरुले 'लेप या ?' छर्ने अन्नको रुपमा छर पोख गरी अन्न उब्जाउन थाले । तर बाली काटेर थुपारेको समयमा भङ्गेराका हुलका हुल आएर खाइदिन्थे । त्यसर्थ पाकेको अन्न सुरक्षित बचाउनका लागि काटेर खलामा थुपारेको अन्नमा मानिसहरुले हात समातेर 'हा...हा...हा...' को लय सहित नाचेर अन्न झार्ने परम्परा बसाए । र यही परम्पराबाट नै धाननाच (यालाङ) को उत्पत्ति भएको हो ।[(१)]

यसरी श्रुतिपरम्पराबाट एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरित भएर हाल कति लिखित रुप तथा कति अलिखित रुपमै रहेका उपर्युक्त आख्यानलाई हेर्दा प्रेम, माया, आपसी

आकर्षण, मुन्धुम, आख्यान तथा बौद्धिक सवाल जवाफ हुने धाननाचको उत्पत्ति वा प्रारुप बाली काटेर नाच्दै माड्ने परम्पराबाटै शुरु भएको हो भन्ने तथ्य फेला पार्न सकिन्छ ।

## ४.४. इलाम जिल्लामा प्रचलित लिम्बू लोकनाच धाननाच (यालाङ) को विश्लेषण :-

इलाम बहुजाति र बहुसंस्कृतिले युक्त जिल्ला हो भन्ने कुरा अघिल्लो उप-परिच्छेदहरुमा पनि आएकै छ । इलाम जिल्लाका ४८ ओटा गाविसहरु मध्ये अलिक बढी संख्यामा त कहि न्यून संख्यामा भएपनि यस जिल्लाको विभिन्न गाविसहरुमा लिम्बू जातिको बस्ती रहेको पाईन्छ । र ती लिम्बू बस्तीहरुमा सबै ६ किसिमको धाननाच मध्ये कुनै न कुनै एकको अस्तित्व रहिरहेको पाउँछौं । वा कुनै एक न एक किसिमको धाननाच प्रचलनमा रहेको नै हामी पाउँछौं ।

---

१. संकलक/सम्पादक मण्डल, लिम्बु छन्दहरु, प्र. २०५८, पृ.सं. ५५

अर्कोतर्फ लिम्बू सम्प्रदायमा प्रचलित सात किसिमका धाननाचहरुको प्रकृतिमा लिम्बवान क्षेत्रका विभिन्न जिल्लाहरु पिच्छे फरक रहेको छ । तर लिम्बूवान क्षेत्रभित्रका इलाम जिल्ला र पाँचथर जिल्लाको धाननाचको शैली प्रकृतिमा खासै अन्तर रहेको पाइदैन । तर यी दुई जिल्लाको धाननाच (यालाङ) र छथर (धनकुटा) जिल्लाको धाननाचको शैली र प्रकृतिमा भने अन्तर रहेको पाइन्छ । यसरी एउटै सम्प्रदायको संस्कृतिमा अन्तर देखिनुको प्रमुख कारणका रुपमा भौगोलिक अवस्थालाई मान्न सकिन्छ ।

यसरी हेर्दा इलाम जिल्लाको लिम्बू बस्ती भएको क्षेत्रमा अस्तित्वमा रहेका विभिन्न शैली र प्रकृतिका धाननाचले के देखाउँछ भने इलाम जिल्लामा धाननाचका सबै ६ प्रकारका वा प्रकृतिका धाननाच (यालाङ) प्रचलनमा रहेको छ । र ती सबै प्रकारका धाननाचहरु अद्यापी जिल्लाका विभिन्न क्षेत्रहरुमा विभिन्न मेला, उत्सव तथा अवसरहरुमा प्रचलनमा रहिरहेको पाउँछौं ।

उपरोक्त किसिमले इलाम जिल्लामा प्रचलित लिम्बू जातिको एक अमूल्य सांस्कृतिक निधिका रुपमा रहेको धाननाच (यालाङ) को परिचय खुलाइन्छ ।

**४.४.१.ताम्राङ लाङ :-**

यो नाच नाच्दा तीन कदम अगाडी गइन्छ र तीनै कदम पछाडी सर्ने क्रममा हात छोडिन्छ । नाच्ने क्रममै एकपुइ सरो नाचिसकेपछि मात्र पालम भन्न थालिन्छ । यो नाच ताम्रङ नामक कोदोको नामबाट नाच्दै आएको जनश्रुतिमा सबै एकमत देखिन्छ । जसरी कोदो पाक्दा प्रत्येक कोदोको बाला एकनासले नपाकी अगाडी पछाडी पाक्ने गर्दछ । त्यसरी कोदोको पाक्ने क्रमलाई अनुशरण गर्दै नाच्दा यो नाचको विकास भएको हो भन्ने भनाइ छ ।

तम्राङ लाङमा उमेरपछि पालामबाट साइनो सम्बन्ध केलाइन्छ । त्यसपछि नाच शुरु हुन्छ ।

प्रस्तुत छ :- केटाको तर्फबाट पालमको थालनी यो पालामको भाषा लामो लयमा गाइन्छ । पालाम हाकपारे सम्लोबाट छुट्टयाइएको हो भन्ने भेटिन्छ ।

**केटा :-** मंसीरै महिना चापुमैल्ले

लुङमासो पोहिम आपुमैल्ले (लयगत उदाहरण)

म...अ...अ...सि ...रै...ए...ए...म...अ...ही...इ...इ...ना

चा...आ...आ...दु...उ...उ...मै...ल्ले

लुङ उ...उ...मा...सो ...प...अ...अ...हि इ.इ.म...आ.

ए...हा...ए...हा...हा...

यस प्रकारले प्रत्येक शब्दको लय थप्दै स्वर कम्पन गर्दै पालाम गाइन्छ । प्रत्येक पालामको शब्दगत लामो भाषामा गाईन्छ ।

खर साङगै ना वारथ्याङ साङ

आदुमै बित्तिकै आल ज्यासाङ

याङनाम आङकता नाग्मे नासे

तुम्याङ चेली मङगै नासे

बारुली कम्मर चिटिक्कै आ

आदुमे बा ज्यासाङ बित्तिकै आ
फुङपित् गईग आ; आगु आइङग आ....
कसैको च्वात पोखेलरीका
तुम्याङ चेली से अक्कै लक्कि आ...
नेच्छी च्वालाम च्वाकुमेलै आ
अन्जानले अके आयू मेलै आ ...
कुसिङ नेच्छीङ लारिक दुखि सा ला
किसुपा मेसो आचार सिक का...
धोवीले मैलो हप्तुथिक का...
अनि च्छिङ नारान हुनधिक् का...
वैशाकै महिना सालै तारिका...
कठै बुङग नारन आल्ल धाप्का...
चौकालि हुक्का खोलै खाल...
कोअ्मारै नारान बोलै चाल...
लास पऱ्यो यिन, आएन बा दिन...
नौ कुना च्वा पोखरी आ...
हुक सुवा तेम्माङ अक लरीका...
नाम युङगो येक्पे गफाथिका...
अकलरी नारन् सोफाधिका...[१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

**केटा :-**

मंसीरको महिनामा अन्न भेला भयो जसरी, त्यसरी नै हजुरको र मेरो भट भयो । अब जे जस्तो भएपनि अन्जानमा भेट भयो । यो दुःखीले हजुरसँग, नाच्न सक्छु कि । यो क्षणिक भेटघाटले गर्दा नाच्ने विचार मलाई भयो । तपाईको के विचार छ ? त्यसबारे भनि दिनोस् । हुन त तपाई र मेरो बोलचाल अहिलेसम्म थिएन । तर पनि तपाईको

हात समाएर उभेको छु । यो घाम रहेसम्म यसो गफ गर्न मिल्छ कि धेरैबेर नभए पनि एकछिनलाई अनुरोध छ । यस बारेमा तपाईको केही भन्नु छ कि ?

**केटीको तर्फबाट :-**

आप तावाङ पिता वाङ दुई दोभान...
हावसै त्यो बोली ज्यू ए चरन...
ज्यू चरन लेखी त्यहाँ देखि...
फक्ताङ लुङ कोक्मा माखे माल्ल...
हावसै त्यो बोली आक्कें माल्ल...
केसाङला लेहिम लुङमा पोहिम...
उधौली मृग नामै पोखे ...
लुङमासो पहिम पामै पोखे ...

---

१. स्रोतः जीतबहादुर जबेगू, बरबोटे, इलाम

निरै फुङ फेक्ते भिरै माथि...
युक्खुङ आङ नाशन् सिरै माथि...
तिरपास खेलै चातुङ सारुङ...
ज्या धारिक केदाबेन् पातुङ सारुङ...
बगैचा खेम्दु आँपै विउरा आ
लुङमासि योग नारान् तँपाइ ज्यूरा आ...
भकुण्डो खेलकी रानी रेन आ...
तुम्याङ चेली से आनि रेन् आ...
आङभौक् चाङखको मोक्मरा...
आल्लचारिक बोलचाल कोहोमरा
अरकेन थुङबा पानी रेन्आ...

कुसिङ निच्छिङमा आनी रेन्आ...
सिटी रेन घडी फाङमै वामा आ...
ताजेङ सिक् चोकमार लाङमै पामा आ...
नामथिङ गो गफ्फा छिनै सोफ्फा...
सिङ खोकमा आङ तोमा लरिक का
थे पातु तारन हेक्के लरिक आ...
मेम्बेक्ता च्वालाम खेसातुङ आ...
निबामेन्दाकेके पातुङ आ...
लेकसिङ महिना सालै तारिका...
हुनुको लागि अल्ल धारिका...
रामैको शिकारको थोक मरा...
बोलचालै नारान् कोहोपमरा...
मंगेना लासो खये साङ आ...
नौधरा शान्ति सामै पोखे ...
बेतैको लौरी चरिमैला...
दुखिया चुक्मा गरिमैला...
नौ हाते नाउमा तरिसक्यो ...
कठैबरा पाराम् मसिक्यो ...
च्वापेकपी कुलो पोखे लरिक आ...
अम्या घडी फाङमै वामा आ...
कुसिङ निच्छिङ र लाङमै वामा आ...
तीन दन्ते हात्ति माहुत्तै आ...
सिकुमाथिक निबाग्र बहुतै आ...
खेलाउने डैसेन केजातुना...................
हेक्के ने हेने केवातुना....................

स्यामेतुङआङ सेरेमेम्बी....................

सोफारे लागि केरेमेम्बी....................

ताचेको निदाल खम्बा बी आ................

लाङबी नारान सेम्मा विआ........................

चारखेला बोल्छ तापे बाबे.................

हेनेइन नीवा आक्के बाबे................

पेधेधिङ कुलो साते सारे औ................

येम्मा बी याम्मो हेने पाते सारे................

कनालाधिक् पातुङआङ सुरुङबारो...................[१]

**नेपालीमा यसको भाव अनुवाद गर्दाः-**

केटीः- तपाइ र मेरो भेटघाट भयो तपाइले भन्नु भयो नजानिकन तपाइको उत्तर दिने जमर्को गर्दैछु ।

१. स्रोतः विष्णु तुम्वापो, बरबोटे, इलाम

तपाइको भनाइलाई शीर माथि राखि भन्न नजाने पनि नजाने पनि यसै भन्ने प्रयास गदैछु । हुन त तपाइ र मेरो बोली चाली अहिले सम्म थिएन । यसरी परिचय गरिसकेपछि एकछिनलाई त नाच्न नै पर्दछ । तपाईले भन्नु भयो एक छिन नाच्नु पर्छ होइन? तपाइ र मेरो बोलचाल नभए पनि देख भेट थियो नै होला । देखभेटको माया त थियो भन्दै म भन्न चाहान्छु । तपाइ र मेरो बोलचालको माया यसरी शुरु हुदैछ । तपाइ र मेरो परिचय पश्चात नाच्ने नै छौं । तपाइ प्रति मेरो माया अगाढ छ । त्यस कारण मप्रति शंका नगर्नुहोस् । परिचय गरेर त एकछिन नाच्नु पर्छ भन्नु भो र म नाचे अब भन्नुहोस् एकछिनको लागि त समय पुग्यो होला होइन? ल भन्नुहोस् अब अझ नाच्नु पर्ने वा यतिमा नै टुङ्ग्याउनु पर्ने त्यसको निर्णय तपाइले नै भन्नुहोस् । यति भन्दै मेरो भनाइलाई टुङ्ग्याएकि छु ।

## ४.४.२. पारामा लाङ :-

यो नाचको नाच्ने शैलीमा हात समाएर नाचिन्छ । खुट्टाको कदम सार्दा अग्र पंक्तिमा एकहोरो गइन्छ । यसरी अगाडी गएपछि पुरुषले मात्र दाहिने खुट्टा उचालेर दाहिनेपट्टि फिर्छन् । यो नाचमा शिरलाई अलिक निउऱ्याएर खुट्टालाई अलिक पछाडि पारिन्छ । र अघिपछि सर्दै घुम्ने चलन छ । यो नाचको ऐतिहासिक कथन् के छ भने जब कोदो र मकैको पातलाई हावाले मन्द गतिले हल्लाईदिन्छ, त्यसरी नै कोदो र मकैको पात एक आपसमा जोडिएर हल्लिन्छ । साथै कोदोको बाला अनिक ढल्केर हल्लिरहेको हुन्छ । यसरी कोदो र मकैको हावाको सारले हल्लिने प्रक्रियालाई अनुशरण गर्दै धाननाचमा पारामा लाङको शैली विकास हुँदै आएको हो भन्ने कथन पाईन्छ ।

पारामा लाङको पालाम लामो लयमा गाइन्छ । यो नाचमा शब्दहरुमा लय हाल्दै ए.ए.ए. तीनपल्ट स्वर तान्दै हा... हा दुईपल्ट र हा... एकपल्ट भनेको क्षणमा केटी एक कदम पछि सर्छन् र है... भनी शब्द उच्चारण गरिसक्दा फनक्कै घुम्ने चलन छ । यो घुम्ने क्रममा केटाले केटीलाई दाहिनेपट्टिबाट चक्कर मार्छ । केटी भन्दा केटा एक कदम बढेर फिर्छ । २

**केटा :-** आरा सिङ काटी सिद धारान

हावसै केताजेङ्ग ज्यू ए चरन

लयगत उदाहरण-

आ...रा...सिङ...का...टी

है...है...है...ज्यूए...च...र...न...

ए...ए...ए...हा...हा...है

हा...व...सै...के ...ता...जे ...ङ्ग

ज्यू...ए...च...र...न...

ज्यु चरन लेखी त्यहाँ देखी

योक्मा हीम तेहिङ माख्खै माल्ल

त्यहाँसो देखि आख्खे माल्ल

धरती बाँफो जुङ चुकिल्लै

कनजिवा चुकपा दुखि आलै
सेमिक्ला फा मिक्ला फाज्याङइना
हेर्ननु आन्छे इनताजाङ इना...
सिलाजी लुङरा तँपाई फुङला
योक्मा हिम तेहिम लुङमा पहिम
रामैको शिकार नामै पोखे ...
लुङमा सो पहिम पामै पोखे ...
सिता रानी खेसेन खिदाङमाङ...
युखुङ आङ हुक्को सिदाकआङ...
सम सोगा थाप्पै भिरै माथि...
मुराले इङगङ सिसाङ मेन्छाङ...
लौ पातुङसारुङ तासाङ मेन्छाङ...
सिङ फेक्ला लुक्पे खि बाखेची
तै पातुङ सारुङ लच्छा नेच्छी
आरा सिङ काटी बार येप्सो
पातुङ सारुङ केताजेङ आर सेप्सो ...
बगैंचा बारी आँपै चिउरा...
सोलुङमा पल्मि तँपार ज्यूरा...
सेल्लो अचारी ओक् मार् था..
बोल चालै सोफा चोक्मा र आ..
सिदासिक चामा र आङमा भाङ...
बोलचालै चोकमा लाङमा भाङ
तिहारै फुङग धौपाधिक आ...
कठैबुङ नारान सोप्का घिक आ...
ओम्दुङ फुङ टिका चाङमै भाङ आ...

सोफासिङ् नारन् लाङमै भाङ आ...
खेस्यी थोक्मा खिधिक खागि धिक् का...
सोफारे नारन् लागिक थिक का...
स्यारक मुम्मा आङ सेरै मेम्बी...
सोफारिक लागि केरे मेम्बाी...
पहिल्याउँदै शिकार नातेसारो ...
अक्के वा निबा पाते सारो ...[१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

**केटाको तर्फ :-**

तपाईको चरनमा यो धर्ती माथि उभेको छु । र विरह मान्दै तपाईको उत्तर दिदै छु । तपाईको भनाइलाई शिर माथि राखेर भन्न अनुरोध गदछु । जाने सम्मको एक दुईटा प्रस्ताव तपाई समक्ष राख्दैछु ।

१. स्रोतः जीतबहादुर जबेगू, बरबोटे, इलाम

यसरी हाँस्दै बोल्दै माया प्रिती लगाउँ भनी अनुरोध गर्दछु । बोलचाल गर्दै नाँचौ भन्न चाहन्छु । एकक्षणलाई नाच्न तपाईसँग अनुरोध गर्द मेरो भनाइलाई यही गाँठो पार्न चाहन्छु ।

**केटी :-**

निगे फुङ टिका सख्खेलरि का आ
पामै सो पोखे हेक्के लरिक क आ
मंगीरे न्यामेन फुकुङ आङ आ
शिरै थाङ केता जेङ थुखुङ आङ आ...
सेकमेरी कुकुसङ्ग धोवधिक् का...
पानुङबा दुखिले सोका थिक आ...
अरकेन च्वाथाङ फाक् लोङबारो ...

ताजेङरने करबेम्बामा पातुङबारो ...

हाजिसो धनी माहुतै आ...

तुखिसाने मनसय बहुतै आ...

मेम्मम्बै च्वालाम च्वा पेक्सनु...

कठैबुङ नारान वा पेक्सनु...

खे सामो सिक्ना एङमारआ...

कसिङधिङ माया चोक्मार आ...

नौ धरा सन्ती सातुमर आ...

नेतिगैन फुङवा चाङमै भाङ आ...

ओम्लाबुङ नौजी सिबा बेन्न आ...

दुखिया चुक्पारेन् निबा वेन् आ...

कबेक्पाच्वालाम च्वा बेक्नु...

कठैबुङ नारान बाबेक्नु...

फोदोसिङ लौरी ऐक्किरले आ...

अक्के पोङ याङनिवा हेकेल्ले आ...

असारै नम्हीता रोपाइ बिऊ रेन आ...

कठैबुङ नारान तपाई ज्यू रेन आ...

पैल्याउँदै शिकार नातेसारो ...

याम्मो आल्ल हेन पातेसारो ...

ताकेको तार कैट हान्दा हान्दै...

को हो मी ताजेङ भन्दा भन्दै...

सेमिक्ला पोमिक्ला युरेबारो ...

दुखिया लेखाङ चुरेबारो ...[१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

**केटीको तर्फबाट :-** हजुरले एकछिनलाई नाँचौ भन्नुभो । यो हजुरको भनाइलाई शिरोपर गर्दै हजुरको भनाईको उत्तर दिने प्रयास गर्छु । तपाईसँग मेरो माया अति धेरै नै छ । यही भेटघाटको बेला माया गर्दै एकछिन नाँचौं नै भन्छु । तपाईसँग मैले गेको सेवा र माया अमर रहिरहनेछ । त्यसकारण तपाइको निर्णय केही छ कि ? यसको निर्णय तपाईले मलाई प्रष्ट पारिदिनु हुन्छ की ? तपाईके जवाफको प्रतिक्षा गर्दै एक छिनलाई बिदा चाहन्छु । यति भन्दै तपाईको पालो फर्काइ दिँदैछु । र यो दुबिबाट अहिलेलाई यति नै हो ।

**४.४.३. मजुर लाङः-**

मयुर जस्तै नाचिने भएकोले यो धाननाचको एक प्रकारलाई 'मजुरलाङ' भनिएको हो । मयुरले पखेटा फिजाएर रमाइलो गरी नाच्छ । र नाचिसकेपछि अन्तमा खुट्टा हेरेर रुन्छ । मेरो सम्पूर्ण आङ्गहरुको बनावट अति सुन्दर छ तर मेरो खुट्टा घिनलाग्दो भयो भन्दै रुन्छ र नाच्छ । त्यसरी नै मानिसहरुले यस नाचको अनुसरण गर्दै नाच्ने नाचलाई मयुर नाच भनिन्छ । यो नाचको उत्पत्ति के भनिन्छ भने मान्छेले यति राम्रो जीवन पाएर पनि किन मर्नु पर्ने र गएको

---

१. स्रोतः विष्णु तुम्वापो, बरबोटे, इलाम

जीवन फेरि फर्केर आउँदैन । यसरी क्षणिक जीवनको व्याथा र वेदनालाई लिएर बडो मार्मिक ढंगले गुनासो मान्दै नाच्दै आएको नाच हो मयुर लाङ । यसर मयुरले एकातिर आफ्नो आङको कुरुपतामा मार्मिक ढंगले गुनासो गर्दै नाचेको क्षणको अनुकरणमा यो मयुर लाङ उत्पत्ति भएको भन्ने भनाई छ ।

मजुर लाङको शैलीलाई हेर्दा युवा-युवतीले हात समातेर सात कदम अघि बढ्छन् । र तीन कदम टेकेर फिर्छन् । यो तीन कदम फिरेपछि पालाम शुरु गरिन्छ ।

**मजुर लाङको लयगत पालामको उदाहरण :-**

ए...ए...ए...हा...आ.हा...आ...हा...
सि ...इ...सौ...वन.अ...तो ...री.
का.ठै...व...री.ए...ए...ए.हा...आ...हा...
अ...हा...आ...हा... ।

कठैबरी लेखी त्यहाँ देखि
ए.ए...ए.हा...आ...हा...आ...हा
आ...हा...त्यहाँ...दे.ए.ए.खि

**केटा :-**

झाजिया व्यपार सस्तो भ
त्यहाँ सो देखि कस्तो भने
हप्तावा दांवा दोभानेन्ना...
कनधिक मेन्छेन जोबानेन्ना...
बगैंचा खेम्कु आपैकीन्ना
हेकेआङ नारान् मपाईकीन्ना
कोठै लै साँगो कादक्की आ
जीवानै नु माया ताधक्की आ...
रानीलै सिन्का एखुङमा
लुङवुङ नारान् चेखुममा
नेतिवुङ टिका सोआ मेम्बीआ...
हेकके धिक् दुखिले लआ मेम्वी आ...
हेक् नावा सिङ नारान् एक्किले आ...
आक्के पोङभामाङ निवा हेक्केल्ले आ...
रानीले शिकार नातेसारे ओ
हेने रेन नारन निवा पाते सारे ओ ...
सेमिक्ला उखुङल युरुङ बारो
हेके पातुङ आङ दुखिले सुरुङ वाङ रो ...[१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

**केटा :-** हाम्रो जीवनको बारेमा तपाइलाई अनुरोध गर्न चाहन्छु । हुन त यो दुखिले केही भन्न नजाने पनि प्रयास गर्दैछु । हाम्रो जीवन दुखै दुखले भरिएको छ । तपाईको झपक्क फुलेको जोवन भोली ओइलिएर झर्छ नै । त्यसकारण यो हाम्रो जीवनको बारेमा तपाइले प्रष्ट पारिदिनु हुन्छ की भन्ने आशा छ । यसरी हामी भेट भएर गाउन र नाच्न पनि तयार भयौं । त्यसकारण हजुरले यो हाम्रो अल्लारे जोवनको बारेमा तपाईको के विचार छ होला । यसबारे पनि यो दुखिले भनिदिन हुन अनुरोध गर्दै एक क्षणलाई सके ।

**केटी :-**

सिङ हेक्मा सिङव धरान आ...
थे पातु नारन ज्यू ए चरन आ...
ज्यू चरन लेखि, त्यहाँ देखि...
फक्ताङ लुङ कोठी माघे मेलै आ...

---

१. स्रोतः जीतबहादुर जबेगू, बरबोटे, इलाम

नामघिङगो लन्दे भिरै माथि
केताजेङ युखुङआङ शिरै माथि
मुरालेन इङगङ हासाङ मेन्छाङ
केताजेङ आङ कन्ना बार येप्सो ...
कठैबुङ नारान आल्ल खेप्सो ...
दुई खोला कुन्छिङ दोबानेन्ना
हेनेनन‌ु इङगाएन जीवानेन्ना...
देउराली माङ्बे, थाङथाङ बे ...
कम्पनी याङ्ग लेखुम माङमा

जीवनै माया चेखुम आङमा...
ताकिलाई तारा हान्नै पऱ्यो
सोलुङमा पहिम भन्नै पऱ्यो ...
निसाम हिम साप्ला नितुङमाङमा
जीवनै कठैवुङ नारान इतुङ माङमा ...
फुङ पित् गाइले, जहिले तहिले
झाजिया व्यापार एप्पा सिवी
कठैवुङ नारान केप्पा सिवी
हकुवा फुङइन फाङलक आ
खकै लारिक नासन लाङमाङ लक आ...
वर पिपल ना युङ सेम्भारेन्ना आ...
दिनदिदै मेन्छेगेन पेमा रेन्ना आ
इक्सागेन खाम्बेक मेधोङवेला
कठैबुङ नारान अक्केले मेबोङनेला...
कउक्तु निअ्मा इक्सुले इतुइला
कठैबुङ नारान कतैइला
ऐल्लाबे एफाङ हेने लेखाङ...
से सानो सिका एकरआ...
हेने लेखाङ ठूले केक्र आ...
हातैको सिफेल थालेसारो
कठैबुङ ठुले वातेसारो ...
से सानो लठ्ठी छरिलै आ
कन जिवा चुक्सा गरिमल्लै आ...
रामैको शिकार नातुङ आङ आ
कन जिबा चुक्मेले पातुङ आङ आ...

धरती मट्टि, दुखी पट्टि...
छुक्सोगेन सेल्लोवा कसोम्रे आ
थेलेमा दुखिले कोहोम्रे आ
थेलेमा दुखिले कोहोम्रे आ...
पैताला खाम्मो फेरी याम्मो
लेखैमा फूल्ने फुङ बुकिकला
फेरि याम्मो सुरुङ्बा कन दुखिल्ला...
किदिपा मइन्टोल तिरेबारे
हेने लेखाङ पालो हिरेबारो ...[१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

हजुर र मेरो यसरी भेट भयो । भेट भएको अवसरमा हजुरसँग नाच्ने अवसर पनि पाए । हजुरले भन्नुभएको प्रस्तावलाई सम्मान पूर्वक स्वीकारे । आएपनि नआएपनि भन्ने प्रयास गर्छु । दुई खोलाको दोभान जस्तै तपाई र मेरो जीवन छ । ल त सुन्नुहोस है, हाम्रो

१.स्रोतः विष्णु तुम्वापो, बरबोटे, इलाम

जीवनको गाथागाउँदै उच्च हिमाल (कुम्भकर्ण) जस्तै स्वच्छ ढुङ्गले अवाडि बढाऔं भनि मार्मिक ढंगले अनुरोध गर्नुभयो । हामी हाम्रो जीवनलाई गम्भीर रुपले बुझ्ने प्रयास गरौं । हामी यसर नाचेर मात्र हाम्रो जीवन सार्थक होला र ? हाम्रो जीवन दिनप्रतिदिन ढल्किदै गइरहेको छ । यो अल्लारे वैशलाई नाचेर गाएर मात्र नपुग्ला । यो मैले चिताएको इच्छा पुरा भएमा साथ दिन तयार छु । यति भन्दै यो दुखी छोरीले आफ्नो पालो सकेकी छु । यति भन्दै तपाइ प्रति पुन प्रस्ताव राख्न चाहँदै एक क्षणलाई बिदा चाहन्छु ।

**४.४.४. त्रिकिबा लाङ :-**

धाननाच (यालाङ) का विभिन्न प्रकारहरु मध्ये त्रिकिबा लाङ पनि एक हो । यो नाच धाननाचका अरु प्रकारहरु भन्दा अलि भिन्नै शैली र प्रकृतिको नाच हो । यो नाचमा युवा-युवती मात्र नाच्छन् । युवा र युवतीमात्र नाच्नुको कारण यो नाच उफ्रेर नाचिने भएकाले

हुनसक्छ भन्ने अनुमान लगाउन सकिन्छ । यो नाच अति रोमाञ्चकार तथा जोसिलो पाराले नाचिन्छ । अति छोटो दम सार्दै उफ्रेर नाचिने यो नाचमा नाच्ने युवा-युवतीले आफ्नो नाचचको शैलीमा प्रभावित बनाएर तरिकाबद्ध ढंगले लडाइदिने चलन छ । यसरी नाच्दा नाच्दै आफ्नो कम्मरले ठेलेर पंक्तिलाई बाहिर फालिन्छ । यो रोमाञ्चक नाचमा खुट्टा उचाल्दा दाहिने पहिला उचालिन्छ र त्यसपछि देब्रे खुट्टा उचालिन्छ । यसरी खुट्टाको कदम चाल्दै चुई...चुई...गर्दै नाच शुरु हुन्छ । यो नाचलाई दुरपेलाङको नामले पनि चिनिन्छ । यो नाचमा नाच्ने क्रममा चार कदम उफ्रदै अगाडि गइन्छ र तीन कदम पछाडि फर्केर उफ्रिन्छन् । यो नाचको पालाम अति छोटो लयमा गाइन्छ । चार कदम उफ्रने बेलामा युवा युवतीहरु लडाउने दाउमा हुन्छन् । र एक पक्षले लडाएर छोडिदिन्छन् लड्ने व्यक्ति भने पुनः आफ्नो स्थानमा उभेर नाच्न थाल्ने प्रचलन छ । यो नाच धान माड्दै उफ्रने क्रमबाट विकसित भएको भन्ने जनश्रृति छ । यो नाचको पालाम धाननाचका अन्य प्रकारहरु जस्तो लामो हुँदैन । पालाम गाउँदा सामान्य परिचय गर्ने क्रम मात्र हुन्छ ।

**पालामको उदाहरण :-**

पै...पंखी...घोडा...उन्छे वा
दुखेलाङ कन्छेवा...कन्छेवा...हा...हा...

**४.४.५. कसरकपा लाङ :-**

यो नाच धाननाचका अरु प्रकारका नाचहरु मध्ये सजिलो नाच हो । त्यसकारण यो नाचलाई साधा नाच पनि भनिन्छ । कसरकपा नाच लिम्बू सम्प्रदाय बाहेक अन्य सम्प्रदायका मानिसहरुले पनि नाच्न सक्ने नाच हो । युवा युवतीबीच हात समाएर नाच्न सकिने यो नाचमा गाइने पालामको लय पहिले छोटो हुन्छ । त्यसपछि एक टुक्का भने पछि ए...है...ह...ए...हा... मा भनेपछि अर्को टुक्का भनिन्छ । र ए...है...भनेर लामो लय तानिन्छ । यस नाचको लयको उदाहरण यस प्रकार छ :-

कुल पासो यासु पुतुकेल्ले
ए...है...है...ए...हा...हा...मा.

आदुमे ज्यूसे एतुक्केले
ए...है...है...ए...हा...हा...मा.

**केटा :-**

कांसा पोङगे थाला कधेमर आ...
नाम धकनु लाधक कजेकमर आ...
वरकेन च्वा ग हेरे बेल्ला-सवा गैन भुइ सेर बेल्ल
तङते लावा ओतवे चाजुरसेला...
इक सावा खाम्बेक थोखुम्बेआ...
आक्के ने आल्ल चोकुम्बे आ...
चुचुकरना सिङइन एखुममाङ आ...
काइनु सोधुय चोखुम माङ आ...
आमधिवा कङना फकुम्मो धे आ...
याराक देन ताक वेतेन लखुम मो आ...
साम्मा याङदिङ थगुङवे कामीङग आ...
जितबहादुर चावग आमिङग आ...
लाजै गेन खेम्दु खे ने आरो
आध किन पोखरो थेबे आरो ।
नाम पिनु कुवि पितिङ गो आ...
आम्मा ग पोखे इधिङ गो आ...
चेङ चापु लाजै खेम्पाङग आङ आ...
यु यु ग पोखे नेम्बाङ आ...
पिच्चवा नाहेन सेरुङ वारो आ...
आसु युमा पोखे केरुङमारो आ...
नाथामी सिङइन यखुम आङ आ...

युप्पा रेन वाही फाखुम लो आ...
मिन्छिन थाङमेन ताजेङ चेङमाङ लाखुमलो आ...
लिप लिङगे खिक फुरुङवारो ...
हेक्केसिक पातुङआङ सुरुङ बारो ... [१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

हजुरसँग पहिलोचरण भेट भयो । चारै दिशा धुमिकन भेट नभएको आज हजुरसँग यहाँ भेट भयो । हजुरको नामको सुवास चलेकोले होला सायद हाम्रो भेट भएको । यसरी अचानक भेट भएकोले कसो पो गरु म । साइनो सम्बन्ध हामी बिचमा के पर्ने हो । मेरो थर थेबे हो । नाम चाँही चन्द्रप्रसाद थेबे हो । मेरो आमा इथिङ हो । गोर बजु नेम्बाङ हो र चेप्चु बजु केरुङन यति भन्दै मेरो तर्फबाट तीन पुस्ताको साइनो केलाएँ । यदि सम्बन्ध नपर्ने हो भने यो जीवनमा हामी एक छिन नाच्न सकिन्छ की भन्दै यो बिन्ति तपाई समक्ष टक्राउँछु । यति भन्दै मेरो भनाइ गाँठो पार्दछु ।

---

१. स्रोतः जीतबहादुर जबेगू, बरबोटे, इलाम

**केटी :-**

फकताङलुङ थो धो थोमाङ ए...
चन्द्रप्रसाद लुडा थेबे हाङ ए...
चौबिसे लासिके धातु बे ...
सो निवा तार केबातु बे ...
याङसिङवै सिङले थोखुल्ले आ...
तुरुखैवा याम्वकरै चोखुल्लै आ...
सवागेन पजु पजुपजुर सेल्ला...
थुम थुम वा आनि आजुरसैल्ला...
वरकैन च्वाधिक केफातुवा...

माङ धापि युकतेन थोसेगुनु...
आम्बी आङ नुङा आसोगनु
साम्दाखोङ सीयोङग सिपोङ्ग सागा हिम ग...
आधक फिन पोखे आङगाइन ग...
पक लुङगेन खामाग चेधानेरो ...
आधक कीन पोखे पेधा नेरो ...
नाम्था लाम किसिमन सुधुप नेरो ...
आम्मा ग पोखे नुगु नेरो ...
दुङदुङगे माङग चङधापमा...
आयु यु युमा ग पङधापमा...
फुङवालुङ याङ ग तोङयाङ नेरो ...
यु-यगेन युमा यङहाङ नेरो ...
लोक्फा गेन सिङ ग एक्किला आ...
थेबे हाङ लुङ हेक्कील्ला आ...
वरककेन च्वा ग ताम्बे नेरो ...
काइनु सोधुरा अबम्ब नेरो ...
नेतिगेन ढुङग चाङम वामा...
कम्मरिकल्ला नुरो लाक्मा वाया... (१)

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

थेबे लुङगा ज्यूले अति राम्रो चित्त बुझ्ने प्रस्ताव ल्याउनु भयो । यो दुखीले कसरी भनौं । थुम थुमको हामी तपाई भेट भएको अवसरमा तपाईले अतिराम्रोसँग भन्नु भयो । हजरको भनाइलाई सहर्ष स्वीकार गर्दै मेरो पनि थर र गोत्र भन्ने जमर्को गर्दैछु । मेरो थर पेधा, आमा नुगु- बजु पङधाक र चेप्चु बजु- याङ हाङ हो । यसरी हेर्दा हाम्रो साइनो सम्बन्ध केही

लाग्दैन वा म र हजुर बीचमा कुनै नाता पर्दैन । त्यसकारण परम्परा अनुसार चल्दै आएको चलन अनुसार हामी तपाई बीचमा नाच्न हुने रहेछ ।

### ४.४.६. केम्बालाम लाङ :-

यो नाचलाई तेर्से नाच पनि भनिन्छ । लामो लाम लागेर नाचिने यस किसिमको धाननाचको प्रकारमा खुट्टा मन्द गतिले चालिन्छ । यो नाचको पालामको लय लामो हुन्छ । र लामो लय तान्दै गाइन्छ । यो नाचमा पटक-पटक गरि अगाडी र पछाडी घुम्छन् तर लाम चाँही लागि रहेर नाचिरहन्छन् ।

**लयगत उदाहरण :-**

ना...पु...उ...उ...गेन...न...न कुसिङ...ङ ...ङ ...सिङ ...सि ...ले ...ए.ए, नै... ती... गेन...न...फुङङ... ङ...वा...वा...मा...मिङ...इइ...इहु...सु...ले ...

---

१. स्रोतः विष्णु तुम्वापो, बरबोटे, इलाम

**केटा :-**

नापुगेन सिङ कुसिङ सिङ सूले ...
नेसिगेन फुङवामा मिङसूले ...
तगन तङलेचा जुब्सै ...
हेके आङ आनि आजुब्सै ...
थोकपु कुबु एम्मले आ...
मने वाते मेगा आङ थेमेल्ले आ...
सिकुम ग निवा देन्ओ आ...

कादुकमा आनि देन्ओ आ...

चोप्सिङवा पिचिङ पिर्ते साङ...

सिकमदि निबा इतै साङ...

चवोके थुङवा फुमुम्बी माङ

सो-सो गेन लाराङ चोगोम्बी माङ...

थकपु कुबुङ सिङ बाबे ...

हेक्के मु केरवा निवा बे ...

तादि गैन इमा सेमाङ आ...

थाङ सिङबा लुङा सिरै लेम्माङ आ...

थेमा मल्ला ओ आङ साङ...

थेमासिक निवा पोङ आङ साङ...

लक्का तेल्लना आदपी आ...

काइगेन सोधक आव्पी आ...

नितिगेन कुबुङ सेखुम्लो ...

काइनु सोथक हा चेखुम्लो ...

सावा गेन मुई सिङधाङ लो ...

आध्किन पोखे लिङदम लो ...

सिङ थुक्कै मुदेन युमपाङ बेरो ...

अम्भाग पोखे तुमयाङ बेरो ...

यु-यु यक पोङ आनि थाङदेम्बे आ...

आइमा ग पोखै आङदेम्बे आ...

नहाङमा चोक्मा विलङ कचमा आ...

सु-सुया पोखे चिलिक चङ मा आ...

लि-लिङगे खि ग पु बी मेम्वी...

कुमयाक्ते फुङइ मेक्खुम आङ आ...

लुङसि लेम्मा आङ चेक्खुम आङ आ...
सेवल बे लाथाके हेम्मासी आ...
काइ सोधक होप र ग आ तेम्मासी आ...
ताबुङ कुसिङ खेरी कारी ...
काई सोधक होपर ग ऐरिपारि ...
सेमिक्ला पोमिक्ला युरुङ बारो
ऐरिपारि पातुङ आङ सुरुङ बारो । (१)

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

**केटा :-**

शुभ कार्जे वा शुभ विवाहको अवसरमा हाम्रो भेट भयो । भेट भएको अवसरमा नबोली नहुने र ननाची नहुने हुनाले नाच्न तयार भयौं । यो नाच्ने अवसरमा तपाईको विचार के छ । मलाई त यो अवसरमा हाँस खेल गर्दै नाचौं भन्ने विचार छ । तपाईहरुको यो अवसरमा नाच्ने मनसाय छ कि छैन ? यहि विचार छ भने प्रष्ट परिदिन अनुरोध गर्दछु ।

१. स्रोतः जीतबहादुर जबेगू, बरबोटे, इलाम

तपाई र हाम्रो बीचमा कुनै साइनो सम्बन्ध लाग्छ कि, यदि लाग्छ भने प्रष्ट पार्नुहोस् । मेरो थर लिङदम हो । मेरो आमा तुममाङ हो । वजु आङदेम्बे हो भने भने जुजु चाँहि चिलिकचङमा हो । यसरी मेरो तर्फबाट तीन पुस्ताको साइनो प्रष्ट पारेको छु । सो बारे तपाइले पनि प्रष्ट पार्नुभए साइनो के लाग्ने स्पष्ट होइन्थ्यो । यदि तपाई र हाम्रो बीचमा कुनै किसिमको साइनो सम्बन्ध नलग्ने भए आपसमा हात समाएर नाच्न अनुरोध गर्दछु । यति भन्दै मेरो तर्फबाट सकेको अनुरोध टक्राउँछु ।

**केटी :-**

चाङ्ग चाङ्ग गेन फुङदिक फुङग हा ए ...

लिङदम सो हाङ्ग ग लुङा ए ...

पेथेवा लामना केनातु बे ...

लुङमारक हिमल केवातु बे ...

चिल्ली गने लाजे खेम खेन्ना आ ...

ताजेङ लेन लागि हेन्ना आ ...

लासिङ गेन तेल्ला आद्धपी माङ ...

काइगेन सोधक आवपी माङ ...

हाङलासो फेयनावा माङ ले आ ...

माङषी उ कु बी केधातु ना ...

हेके दिङ ताजेङ केवातुना ...

चिल्ली गेन चाङइन लेङग आ ...

लिङदम सोहाङ ये हेना आ ...

चिमा क आङलासो माङ धति नला ...

काइगेन सोधक आम्बतिनला ...

लाङ मोगेन लाङथोक खामो आ ...

अ्गाइन पातुङलो याम्मो आ ...

माधकनु साधक पाथकिन्ना ...

सेने हाङसा माङ ग माङमो मारो ...

अम्मा रेन् कथक क आङमो मारो ...

आनिगेन कान्द्धी युवेगुमारो ...

आम्मा रेन कुमा ग जवेगुमारो ...

लावा केन चोधिक नामदाक मारो ...

आ...यु. यु आपुमाग खाम्दाकमरो ...

खोसे गैन सिङघाङ सिङसोले आ ...

नेतिगेन फुङवारे मिङसोले आ ...

कागुनी तुम्से पजुप्सै आङआ ...
नेतिगैन मिङसोला आजुप्सै आङ आ ...
लिपलिङगै खि ग पुर्वानैरेछ ...
यालाक नु चालक म ग नुवारैछ ...
या धाम उ चान्धाक माङधाकिनलो ...
काशोन सोधक आन्धापेन्लो ...
पकिक्ला फमिक्ला आयुरेसी ...
काइगेन सोधक चेङमाङ आसुरे छी ...
चे-चेप्पा आङ तोरुङ खाम्मो आ ...
याङसिङ लिङदमहाङ ये यामो आङ आ ...
कधेम दिङ लधे तेलापन रो ...
थिकनैच्छी ताजेङ सेलापनरो ...
लाङवांगी मुप्पारेन फाङमेन आ ...
मेन्छागेन याक्थुङसा लाङ मेना आ ...
इक्सा गेन खाम्बेक योखङ्ग थेबे ...
अकलरिक आतान लाम पोखेङ्ग थेबे ...
लिङदम सोहाङ ए हेन्दीका आ ...
चु चुक्सा सिङ्ग एखेधे ओ ...
सोनिअ्वा तारे चेखेधे ओ ...
धोक फैल्ना थाङ युङग युरुङबारो
हेकमाङ लिङदम सोहाङ सुरुङबारो [१]

**नेपाली शब्दमा भाव अनुवाद गर्दा :-**

**केटी :-**

हजुर लिङदम ज्यू अति मार्मिक हिसाबले भन्नु भो । तपाईले हामी बीचमा साइनो सम्बन्ध लाग्छ की भन्ने प्रष्ट पार्ने शर्त राख्नु भो । हामी तपाई बीचमा कुनै सम्बन्ध लाग्दो रहेनछ । मेरो थर थेबे हो । आमाको थर आङमोमा हो । बजु जबेगु हो । जुजु बजु खामदाक हो । यसरी शुभ कार्जेमा भेट भयो । तपाई हामी बीचमा नाच्न मिल्ने रहेछ । हामी बीचमा कुनै साइनो सम्बन्ध नलाग्ने हुनाले नाच्न सक्छौं । यहाँ हजुर समक्ष म केही प्रश्न सोध्न अनुमति चाहान्छु । तरुनी तन्नेरी बीच नाच्न भइआएको हो । तर यो नाच कहाँ र कसरी परम्परागत रुपमा विकसित हुँदै आयो ? यस बारेमा मलाई भनिदिनु होस् है । यति प्रश्न राख्दै मेरो तर्फबाट सकेको अनुरोध गर्दछु ।

## ४.५. धाननाचको विश्लेषण :-

लिम्बु जाति सांस्कृतिक रुपमा धनी जातिका रुपमा रहेको एक जाति हो । नेपाल स्यं बहुसांस्कृतिक देशका रुपमा रहेकोले यहा भित्र पनि विविध सांस्कृतिक छुट्टा-छुट्टै उद्यानहरु पल्लवित र पुस्पित छन् । जसमा लिम्बु संस्कृति पनि एक हो । लिम्बू समुदायमा विभिन्न सांस्कृतिक नाचहरु प्रचलनमा छन् । जस्तैः केलाङ (च्याब्रुङ नाच तथा साम्बालाङ (साम्वा नाच) आदि भए पनि लिम्बू समुदायमा मात्र नभएर अन्य समुदायहरु माझ पनि लोकप्रियताको ताँदो चढ्न सफल लिम्बु सांस्कृतिक नाच भने धाननाच (यालाङ) न हो ।

---

१. स्रोत विष्णु तुम्वापो, बरबोटे, इलाम

लिम्बू समुदायका मानिसहरु बिचमा मनोरञ्जनका साथै प्रेमभावहरु पोख्ने एउटा माध्यम धाननाच (भालाङ) भए पनि यसको उत्पत्तिगत आख्यान र नाँच्ने प्रकृयाको प्रारुपलाइ हेर्दा शुरुमा धान नाचमा पालाम थिएन र हाल समाएर नाँच्नमा प्रेमभाव नभएर तत्कालिन बौद्धिकताले सिर्जेको चरा धपाउने एउटा उपाय मात्र थियो भन्न सकिन्छ । तर समयक्रममा आएर अहिले धाननाच (यालाङ) लिम्बू समुदायको एक अभिन्न सांस्कृतिक पहिचान या भनौं सांस्कृतिक सम्पदाको रुपमा स्थापित भएको छ । यहाँसम्म आइपुग्दा धाननाचले लिम्बू समुदायमा गहिरो सम्बन्ध स्थापित गरि लिम्बू जातिको पर्याय नै धाननाच (यालाङ) भएको छ ।

यसरी हेर्दा धाननाचलाई विभिन्न कोण प्रतिकोणहरु मार्फत नै यसको सही पहिचान गर्न सक्छौं ।

### ४.५.१. लिम्बू समाजमा धान नाच (यालाङ) को प्रभाव :-

लिम्बू समुदायमा धाननाच (यालाङ) एक मेरुदण्डको रुपमा स्थापित भएको छ । लिम्बू जातिको पहिचानका अन्य स्रोतहरु पनि छन् तर धाननाच (यालाङ) प्रमुख स्रोत नै हो । धाननाचको माध्यमबाट टाढा-टाढा बस्ने वा विभिन्न गाउँहरुमा बस्ने अपरिचित लिम्बू सम्प्रदायका सदस्यहरु बिचमा परिचयको डोरी बाध्ने काम भएको छ । जसले लिम्बू सम्प्रदाय बीच एकताको भावना उमार्न खेलेको छ । धाननाच सबै धर्म मान्ने लिम्बूहरुको साझा संस्कृति भएकोले लिम्बू सम्प्रदायमा यो सांस्कृतिक नाचले सहिष्णुताको भावना विकास गराउन ठूलो भूमिका खेलेको छ ।

लिम्बू समाजमा विभिन्न प्रकारका विवाहहरु प्रचलित छन् । जसमा चोरी वा रोजी बिहे पनि एक हो । धाननाच लिम्बू युवा युवतीहरु माझ बढी लोकप्रिय भएका कारण धाननाचले मागी बिहेका विपरित रोजी बिहेलाई बिस्तार गर्दै लगेको देखिन्छ । यसबाट के देखिन्छ भने लिम्बू समाज खुल्ला किसिमको समाज हो । र लिम्बू समाजलाई व्यापकता र खुलापनमा ल्याउनको लागि एक कारणको रुपमा अहंम भूमिकालाई स्वीकार्न सकिन्छ । धाननाचकै क्रममा बिहे गर्ने सवालमा लिम्बू युवा युगती बिचमा स्वनिर्णय वा स्वतन्त्रताको विजारोपण गर्नमा झनै धाननाचले ठूलो भूमिका खेलेको छ । धाननाचले लिम्बू समाजमा नयाँ आयाम थप्दै लगेको महशुस पनि हुन्छ । किनभने यो नाचका कारण एकले अर्काको चरित्र तथा भविष्य सम्बन्धी मूल्याङ्कन गर्ने मौका प्राप्त गर्छन् । यसले दुवै पक्ष विश्वस्त हुन्छन् । र जसका कारण उनीहरुको जीवन सुखमय व्यवहारमा परिणत हुन्छ ।

सुरुकालमा धाननाचको प्रकृति र उद्देश्य जे भएपनि समयक्रममा अहिले लिम्बू समाजमा धाननाच (यालाङ) एउटा फूर्सदको समयमा वा खेतीपातीको कडा परिश्रम पश्चात भेटघाटको अवसरमा ती कडा परिश्रमहरुलाई बिसाई दिन सक्षम नाच हो । जसले लिम्बू समाजमा मनोरञ्जनको अचुक साधन भई थकाई मेटाउने माध्यम

बनिदिन्छ । जसको श्रेय धाननाच (यालाङ) लाई दिन सकिन्छ । धाननाच प्रत्येक लिम्बू सम्प्रदायका व्यक्तिहरुका नाच्न सक्छन् । जसले धनी र गरीबको कृत्रिम खाडललाई पुर्ने काम गरेको छ । र उनीहरु बीच माया, ममता, सद्भाव आदि विचारलाई स्थापित गराएको छ ।

यसैक्रममा धाननाच नाच्ने क्रममा यसमा गाइने पालाममा मुन्धुम पनि जोडेर गाइने भएकोले मुन्धुम संरक्षण पनि भएको छ । भने लिम्बू युवा युवतीहरु बीच लजालु प्रवृत्तिलाई छोडेर तर्क वितर्कयुक्त सवाल, जवाफहरु समेत पालाममा समावेश हुने भएकोले समाजलायृ बौद्धिक चिन्तनमा समर्पित गराउन पनि धाननाचले ठूलो मद्दत पुऱ्याएको छ । लिम्बू सम्प्रदायका सदस्यहरु धान नाचेको समयमा एक आपसमा वासनायुक्त प्रेम नभई स्वच्छ प्रेमको बाटोमा मात्र लागेको देखिन्छ । प्रेम यो नाचका क्रममा आपसमा संयोगवश एकले अर्काको खुट्टा छोएमा शिर निहुऱ्याएर ढोग्छन् र उपरान्त यस्तो नहोस् भनी माफी माग्छन् । जसले लिम्बू समाजमा अनुशासन र सच्चरित्रताको विकास भएको छ । यस्तै धाननाच आमापट्टि तीन पुस्ता र बाबुपट्टि चार पुस्तासम्म साइनो नलाग्ने युवा युवतीहरु बीचमा मात्र नाचिन्छ । जुन प्रचलन अद्यावी रहेको छ । जसले गर्दा लिबू समाजका मानिसहरुलाई नैतिक र मर्यादित बन्न ठूलो सघाउ पुऱ्याएको छ । यो नाचले अहिलेसम्म निरन्तर बहँदै अन्य सम्प्रदायका मानिसहरुलाई पनि जगेर्ना गर्नको निम्ति अप्रत्यक्ष रुपमा प्रेरणा दिइरहेको छ ।

यसरी धाननाच (यालाङ) को लिम्बू समाजमा विभिन्न सकारात्मक प्रभावहरु भए पनि यसका नकारात्मक प्रभावहरु पनि छन् । धाननाच प्रतिस्पर्धात्मक केही किसिमले पनि अगाडी बढ्न सक्छ र यो नाचको निश्चित समय सीमा छैन । यो नाच सात दिन सात रातसम्म नाच्ने प्रचलन रहेको छ । जुन समय स्वास्थ्य र अर्थको दृष्टिले प्रतिकूल मान्न सकिन्छ । यस्तै धाननाच जुनसुकै उमेर समूहका लिम्बू युवा युवतीहरु नाच्न सक्ने हुनाले यसरी नाचको क्रममा धेरै जसोले माया प्रितिका गीत गाउदै बिहे गर्ने क्रममा असमान उमेरका युवा युवतीहरु बीचमा प्रेमको मोहमा परी बिहा हुन सक्छ । जसले गर्दा उमेरको अन्तरलाई ख्याल नै नगर्ने हुन्छ । जसको कारण स्वरुप सानै उमेरमा विधवा हुने सम्भावना पनि रहन्छ । यसरी धाननाचमा बढी खुलापनले वा भनौ उदारताले युवा युवतीहरु बीच विभिन्न सामाजिक विकृतिहरु पनि नदेखिएका होइनन् तर यति हुँदा हुँदै पनि लिम्बू जातिको आफ्नोपनलाई

पहिचान गराउने प्रमुख स्रोत धाननाच (यालाङ) नै हो । र यसले लिम्बू समाजको सांस्कृतिक फाँटलाई, एकतालाई र सांस्कृतिक सम्बृद्धतालाई भने व्यापक र जीवित तुल्याएकै हो ।

### ४.५.२. धाननाच (यालाङ) प्रति वर्तमान लिम्बू युवा युवतीहरुको भावना :-

लिम्बू संस्कृतिको एक अभिन्न अङ्ग धाननाच (यालाङ) हो । यसमा दुइमत रहन्न । र यो विशेषत अविवाहित लिम्बू युवा युवतीहरु माझ लोकप्रिय छ । तर वर्तमान अवस्थामा धाननाच प्रति लिम्बू युवा युवतीहरुको चासो के-कति छ भनेर खोतल्नु पर्ने हुन्छ । किनकी लिम्बू संस्कृतिको संवाहकको रुपमा उभिने तिनै लिम्बू युवा युवतीहरु हुन् । त्यसकारण धाननाच प्रतिको लिम्बू युवा युवतीहरुको लगावलाई हेर्नुपनि धाननाच प्रतिको एक विश्लेषणिय दृष्टिकोण नै हो ।

धाननाचले लिम्बू जातिको पहिचान बोकेपछि यसप्रति वर्तमान लिम्बू युवा युवतीहरु उदासिन रहेको पाइनेछ । या भनौ यो नाचलाई जीवित राख्न लिम्बू युवा युवतीहरुले सकारात्मक भूमिका खेलेको पाउन सकिन्न । गाउँघरमा केही मात्रामा लिम्बू युवा युवतीहरु धाननाचको संरक्षणमा लागि रहेको पाउन सकिन्छ । तर शहर तथा बजार क्षेत्रका लिम्बू युवा युवतीहरुमा भने नगण्य रुपमा मात्रै पनि धाननाचको संरक्षणमा ध्यान गएको देखिन्न । यसकारण धाननाचलाई जीवित राख्न लिम्बू युवा युवतीहरु बीचमा धाननाचप्रति सकारात्मक सोचको खाँचो औंल्याउन सकिन्छ ।

### ४.५.३. वर्तमान अवस्थामा धाननाच (यालाङ) :-

लिम्बू जातिको परम्परागत विभिन्न सांस्कृतिक विद्या मध्ये धाननाच (यालाङ) प्रमुख सांस्कृतिक नाच हो । यो सांस्कृतिक नाचले धेरै सताब्दी समय पार गर्दै आजसम्म पनि यो नाचले लिम्बू समुदायमा ठूलो प्रभाव पारिरहेको छ । तर हाल आएर नाचको प्रकार र भाषामा अन्तर नपाइए तापनि खुट्टा सार्ने र अगाडी पछाडी फिर्ने शैलीमा पहिलेको भन्दा अन्तर रहेको पाइन्छ । धाननाच मेला, हाटबजार तथा विभिन्न उत्सवहरुमा विशेषत नाचिन्छ । इलाम जिल्लाको प्रमुख मेलाहरु माइबेनी, गजुरमुखी, एकादशी, पूर्णभेला आदि पर्छन् । कुनै

समय यी मेला बजारमा धान नाच्नेको घुइँचो लाग्थ्यो । इलामका पूर्व पश्चिम सबैतिरका लिम्बू युवा युवतीहरु ती मेलाहरुमा धाननाचको गन्ध समेत पनि पाइन छाडेको छ ।

माइपोखरीमा लाग्ने एकादशी मेला तथा इलाम जिल्लाको सदरमुकाम नगरपालिकामा लाग्ने बार्षिक मेला रोपाइँ जात्रा धाननाचको लागि लोकप्रिय मेलाहरु हुन् । तर आजभोली वा भनौं हालका बर्षहरुमा त्यस्ता मेला जात्राहरु मा धाननाच अवलोकन गर्न पाईदैन । तर पाँचथर जिल्लाको सदरमुकाम फिदिम बजारमा प्रत्येक बर्षको पौष महिनाको दोस्रो हप्तामा लाग्ने युवा मेलामा भने नगण्य मात्रामा फाट्टफुट्ट धाननाचका दृष्यहरु देख्न पाईन्छ ।

यसरी हेर्दा के देखिन्छ भने विगतमा धाननाच जति मात्रामा फस्टाएको थियो । हाल आएर त्यति नै मात्रामा यो लोप हुने स्थितिमा पुगेको छ । शुरुताका यो नाचले विशुद्ध भाषा र लयमा आफ्नो अस्तित्व बचाउँदै ल्याइरहेको थियो । वर्तमान अवस्थामा भन्दा एक पुस्ता अघिसम्म पहिलेकै लय तर भाषामा मिश्रितपना लिएर पनि बाँचिरहेकै थियो । तर हालका पुस्ताहरुमा भने धाननाचले आफ्नो साख र अस्तित्व गुमाइरहेको वा गुम्दै गएको प्रत्यक्षतः देख्न सक्छौं । यसरी लिम्बू संस्कृतिको सर्वोच्च धरोहरका रुपमा रहेको धाननाचको लोपोमुखताको स्थिति आउनमा धेरै कारणहरु लुकेका छन् । धाननाच लिम्बू जातिको आफ्नो निजी संकृति भएपनि यस नाचप्रति लिम्बू जनसमुहको ध्यान नजानु धाननाचको लोपोन्मुखताको प्रमुख कारण नै हो । धाननाच जस्तो सांस्कृतिक महत्वको नाचको महत्व नबुझ्नु पनि एक कारणका रुपमा रहेको छ । लिम्बू समुदायमा चेतनास्तरको न्यूनता पनि एक कारण हो । यस्तै नेपालको सांस्कृतिक विशेषताका रुपमा रहेको खुला संस्कृति पनि धाननाचको लोपोन्मुखताको कारण मान्न सकिन्छ । खुला संस्कृतिका कारण एक जातिको संस्कृतिले अर्को जातिको संस्कृतिलाई अप्रत्यक्षतः संक्रमणमा पारी लोपोन्मुखताको स्थिति सृजना गर्दछ । जसको लिम्बू लोकनाच धाननाच पनि अछूतो परिणाम रहन सकेन । कुनै पनि राष्ट्र भित्रका संस्कृतिहरु लोप हुन र संरक्षण तथा सम्बर्द्धन हुनमा राज्यको जस्तो ठूलो हात अन्य अंग वा निकायको हुन सक्दैन । राज्यको विभेद नीतिका कारण वा भनौं राज्यले कुनै एक जातिको संस्कृतिलाई प्रश्रय दिई अर्को जातिको संस्कृतिलाई बेवास्ता गर्ने नितीका कारण कुनै पनि जातिको सांस्कृतिक सम्पदाहरुले लोपोन्मुखताको बाटो अंगाल्न विवश हुन्छन्

। यहाँ के देखिन्छ भने लिम्बू समुदायको संस्कृतिको अभिन्न अङ्ग धाननाच लोप हुने स्थिति सृजना हुनमा राज्यको विभेदकारी व्यवहार पनि एक प्रमुख कारणको रुपमा उभिएको छ ।

यसरी एकातिर आन्तरिक कारण त अर्कोतिर राज्यका कारण केही बर्षयता धाननाच लोपको संघारमा पुगेको छ ।

### ४.५.४. धाननाच (यालाङ) को शैलीमा भिन्नता :-

धाननाच एक ऐतिहासिक महत्वको नाच पनि हो । र यसले सिङ्गो लिम्बू जातिको इतिहासलाई समेट्न मद्दत पुऱ्याइरहेको छ । धाननाचलाई साधारण रुपबाट अध्ययन गर्दा यो मात्र एउटा धाननाच हो तर यसलाई गहिरो तरिकाले अध्ययन गर्ने हो भने यसको आ-आफ्नै लय र शैलिगत भिन्नताहरु प्रष्ट हुन्छ । वर्तमान अवस्थामा नाचिने धाननाच र विगतको धाननाचको नचाइ र भाषा तथा लयमा अन्तर अवश्य छ । विगतमा धाननाचमा प्रयोग हुने कति भाषा, लय तथा नचाइका शैलीहरु लोप भए होलान् त कति शैलीहरु परिवर्तित भएर आए होलान् । तर अझसम्म यो भन्न र देख्न सकिन्छ की धाननाचका प्रत्येक नाचका प्रकारहरुको लय शैलीमा विभिन्नता छ । नाच्ने प्रक्रियामा पुत्येक नाचको प्रकृतिमा अन्तर छ । जस्तै त्रिकिवा लाङ र केम्बालाङ धाननाचको शैली र लयमा भिन्नता छ । विगतमा जस्तो नियमपूवक नाच वर्तमान अवस्थामा कमजोर भएकै हो । लिम्बूवान क्षेत्रका पनि प्रत्येक ठाउँका नाच र शैलीमा अन्तर छ । जस्तो :- पाँचथर र छथर (धनकुटा) जिल्लाको नाचमा अन्तर छ ।

लिम्बू सांस्कृतिक फाँटमा महत्वपूर्ण स्थान पाउन सफल लिम्बू लोकनाच धाननाच ( यालाङ) को लिम्बू सम्प्रदायमा ठूलो प्रभाव छ । र यो नाच विभिन्न कारणवंश लोपोन्मुखतामा पुगेको पनि छ । यी विभिन्न विषयवस्तुहरु भएपनि यसमा सुधारको पनि त्यत्तिकै खाँचो छ । या भनौं यसको संरक्षणमा पनि त्यत्तिकै ध्यान दिनुपर्ने बेला भएको । धाननाचका विशुद्ध शैली तथा लयहरुको खोजी गरी धाननाच्ने प्रचलनमा व्यापकता ल्याउनुपर्ने आवश्यकता छँदैछ । धाननाचलाई व्यापकता दिनको निम्ति राष्ट्रिय स्तरको सांस्कृतिक फाँटमा समावेश गरिनु पनि उत्तिकै जरुरी छ । विभिन्न पत्रपत्रिका लगायतका संचार माध्यमहरुबाट यो नाचका शैली

प्रकृति तथा महत्वका बारेमा प्रसारण गर्नुपर्ने हुन्छ र सबैभन्दा ठूलो कुरो के भने धाननाचलाई लिम्बू सम्प्रदायका मानिसहरुले बढी भन्दा बढी आत्मियता प्रदान गर्दै संस्थागत रुपमा संरक्षणको पहल पनि गर्नु जरुरी देखिन्छ । र सो भएमा मात्र धाननाचले लोकप्रियताको शिखर चुम्न सक्नेमा द्विविधा रहन्न ।

**४.५.५.धान नाच (यालाङ) को फाइदाः-**

लिम्बू समूदायको एक प्रमुख संस्कृति धाननाच (यालाङ) को महत्व र गहनतालाई अध्ययन गर्दा यसका फाइदाहरुलाई निम्न पंक्तिहरुमा औंल्याउन सकिन्छ ।

क) लिम्बू जातिको आफ्नोपनलाई जोगाइ राख्ने एक प्रमुख साँस्कृतिक स्रोतका रुपमा धाननाच नै आचुक साधान भएको छ ।

ख) धाननाचले ऐतिहासिक महत्वका जनश्रुतीमुलक आख्यानहरुको संरक्षण तथा संवद्धन गरेको छ ।

ग) धाननाचले लिम्बूभाषालाई साहित्यिकता र सांगितिकता प्रदान गर्दै संरक्षण तथा विस्तार गरेको छ ।

घ) लिम्बू जातिको पहिचान, परिचय र अनुसन्धानको पहिलो खुड्किलो धाननाचले नै बनाएको छ ।

ङ) धाननाचले लिम्बू समूदायलाई आफ्नोपनको डोरीमा कसी एकतावद्ध तुल्याउनमा ठूलो सहयोग पुऱ्याएको छ ।

च) विभिन्न उत्सव, मेला, हाटबजार आदिमा धाननाच नाचिने हुँदा यसले सबैमा मनोरञ्कता प्रदान गरेको छ ।

छ) धाननाचले लिम्बू संस्कृतिलाई आफ्नोपनमा कस्दै अन्य जातिका संस्कृतिहरुलाई पनि जोगाउने प्रेरणा प्रदान गरेको छ ।

**४.५.६.धाननाच (यालाङ) को बेफाइदाहरुः-**

धाननाच (यालाङ) को यतिविघ्न व्यापकता र लोकप्रियता हुदाहुँदै पनि र यसका राम्रो पक्षहरु पनि हुदाहुँदै दोष पक्ष पनि नभएको भने होइन । धाननाचले लिम्बू जातिको पहिचान तथा ऐतिहासिक पक्षलाई समेट्दै आए पनि यसले केही अवगुणहरु लुकाएर राखेको छ

भन्नुमा कुनै द्बिविधा नहोला । त्यसकारण  यो नाचका अवगुणहरुलाई समेत औल्याउन न्यायसंगत नै देखिन्छ ।

क) धाननाच नाच्ने निश्चित समयावधि नभएको कारण महत्वपूर्ण समयको दुरुपयोग तथा व्यय हुने देखिन्छ ।

ख) धाननाच नाच्ने निश्चित समयावधि नभएकोले नै सात-दिन सात-रात वा रात-दिन नाचिने भएकोले धाननाचमा सहभागी हुने सदस्यहरुको स्वास्थ्यमा पनि असर पुग्ने देखिन्छ ।

ग) धाननाचले लिम्बू समूदाय बाहेक अन्य समुदायहरुलाई समेट्न नसक्नु पनि यसको एक कमजोर पक्ष मान्न सकिन्छ ।

घ) धाननाच जुनसुकै उमेर समूहहरु बीच (युवती तथा बुढो) पनि नाच्न सकिने हुँदा यसले अनमेल विवाहलाई प्रोत्साहन दिन सक्छ  र युवतीहरु कम उमेरमै विधवा हुन सक्छन् ।

# kf“rf+} kl/R5]b

## ५.१. उपसंहार एवम् निष्कर्षः-

नेपाल चार जात छत्तिस वर्णको  साझा फूलवारी हो । नेपालको प्रमुख विशेषता भनेकै बहुजाति, बहुभाषि, बहुसाँस्कृतिक तथा बहुधार्मिकपन हो । यसकारण नेपालमा विभिन्न जातजातिहरुको बसोबास रहेको र त्यसमा पर्ने एक जातिको रुपमा लिम्बू जाति पनि एक हो । अन्य जातिहरु जस्तै लिम्बू जातिको पनि आफ्नै साँस्कृतिक विशेषताहरुले युक्त विभिन्न संस्कार संस्कृतिहरु छन् । र लिम्बूजातिको आफ्नो अलग्गै भाषा लिपी तथा साँस्कृतिक पहिचान पनि छ । लिम्बू जातिको यहि अलग पहिचानले उनीहरुलाई अन्य जातिहरु भन्दा फरक तुल्याएको छ । विशेषतः सुदुर पूर्वी पहाडी जिल्लाहरुमा बस्ने लिम्बू जातिको केलाङ,

साम्बालाङ्, हाक्पारे जस्तै आफ्नो पहिचानको प्रमुख संस्कृति मध्ये धाननाच (यालाङ) प्रमुख एक संस्कृति हो ।

धाननाचको उत्पत्तिगत इतिहासहरुमा विविधता भएपनि विशेषत यो धानको दाइँ गर्ने क्रमबाट सुरुवात भएकोले यसलाई कोदोनाच, गहुँनाच नभनी धाननाच नै भनिएको पाउँछौं । जुन यर्थाथपरक पनि छ । आज आएर यो नाचले विभिन्न शैली र लयलाई समात्दै लिम्बू समाजको कुना कन्दरामा बाँच्दै लिम्बू संस्कृतिलाई व्यापकता प्रदान गरिरहेको छ । आफ्नो छुट्टै मनोरञ्जनात्म शैलीका कारण जनस्तरमा समेत लोकप्रियताको कवज पहिरिन सफल छ, भने अर्कोतिर अर्कोतिर लोपोन्मुखताको बाटोपनि अंगाल्दै गएको महसुश हुन्छ । यसो हुनुमा धेरै कारणहरु रहेतापनि हजारौं हजार वर्ष पश्चात स्थापित हुने कुनै पनि जातिको संस्कृति लोपहुनु कुनैपनि राष्ट्रको लागि राम्रो संकेत भने अवश्य होइन । कुनै पनि राष्ट्रको पहिचान त्यस राष्ट्रभित्रको जातिगत संस्कृति नै हो । जसले समग्रतामा एकताको भावना प्रस्फुटित गरिरहेको हुँछ । र राष्ट्रको छवि उच्च पार्न पनि अहम् भूमिका खेलिरहेको हुन्छ । त्यस्तै लिम्बू संस्कृतिको नाच धाननाचले पनि राष्ट्रिय स्तरमा केही योगदान दिएको वा दिइरहेको छ । भलै धाननाचका पनि केही अवगुण दोषहरु भने नभएका होइनन् । बहुजाति, बहुसाँस्कृतिक देश नेपाललाई एकतावद्ध रुपमा अगाडी बढाउन पनि यी र यस्ता संस्कृतिहरुको संरक्षण र सम्वद्धन गर्नुपर्ने हुन्छ । यसलाई संरक्षण, संवद्धन तथा विस्तारको निम्ति राज्यबाट नै राष्ट्रिय स्तरको साँस्कृतिक फाँटमा समावेश गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

नेपाल राष्ट्रको साँस्कृतिक फाँटलाई व्यापकता प्रदान गर्ने धाननाच लिम्बू संस्कृति मात्र नभएर अन्य जातिगत संस्कृतिहरुको पनि परिपूरकका रुपमा देखा पर्छ । किनकी नेपालको प्रमुख विशेषता भनेकै बहुजातिय तथा बहुसंस्कृतिपन हो । यसरी नेपालको बहुजातिय, बहुभाषिय तथा बहुसाँस्कृतिक विशेषतायुक्त पहिचानलाई कायम राख्न लिम्बू लोकसाँस्कृतिक नाच धाननाच (यालाङ) र यस्तै अन्य संस्कृतिहरुको संरक्षण र विस्तार गर्नुपर्ने हुन्छ । जसले नेपाल एउटा साँस्कृतिक पर्यटनको प्रमुख गन्तव्य पनि हुन सक्नेमा दुइमत नहोला । देशको पहिचानको प्रमेख संवाहक बनिरहेको यस्ता संस्कृतिहरुको संरक्षण र विकासमा जोड दिएमा विश्वको सामुन्ने नेपाली

संस्कृतिको क्षितिज फराकिलो भएर जाने र वर्तमान स्थितिमा रहेको नेपाली जनताबीचको अन्यौलतालाई पनि एकतामा परिणत गर्न सकिने कुरामा असहमत हुन सकिन्न ।

## ५.२. सम्भाव्य शोध शीर्षकहरु

धाननाचको बारेमा भविष्यमा अरु पनि अध्ययन अनुसन्धानका सम्भावनाहरु रहेका छन् । यस शोधपत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव भएको छैन । यस कारण भविष्यमा धाननाचको बारेमा शोध गर्ने शोधार्थीहरुका निम्ति निम्नानुसारका शीर्षकमा थप शोधकार्य गर्न सकिने सम्भावना देखिन्छ ।

१. इलाम जिल्लामा प्रचलित लोकनाचहरुका बीच धाननाचको तुलनात्मक अध्ययन ।

२. सामाजिक, साँस्कृतिक, धार्मिक तथा प्रणयात्मक अभिव्यक्तिका दृष्टिले धाननाचको अध्ययन ।

३. धाननाचमा प्रयुक्त गेयात्मकताको अध्ययन तथा विश्लेषण ।

# सन्दर्भग्रन्थसूचि

१. कार्की, रनबहादुर, इलामलाई पछाडी फर्केर हेर्दा, इलाम रबिन प्रिन्टिङ प्रेस, प्रकाशन २०४५

२. काँइला, प्राज्ञ वैरागी र पोखेल, डा.माधन, तान्छोपा मासिक, वर्ष १२, अंक ९, २०६४

३. चोवेगू, भीमविक्रम सेन, किराँत सेनेहाङ लिम्बू वंशावली इतिहास, प्रकाशन २०६४

४. चोवेगू, श्री गोसाई श्री उत्तमदास (उदयबहादुर), संक्षिप्त किराँत इतिहास तथा थेगहिम वंशावली, प्रकाशन २०४८

५. चेम्जोङ, इमानसिंह, किराँत इतिहास, प्रकाशन १९८२

६. चेम्जोङ, इमानसिंह, किराँतकालिन विजयपूरको संक्षिप्त इतिहास, प्रकाशन २०३१

७. थलङ, सन्त, किराँत धर्म, किराँत धर्ममा धर्मगुरुको अवतार र वास्तविकताको खोजी, तान्छोपा मासिक, वर्ष १४, अंक १०, २०६६

८. थुलुङ, नारदमुनी, किराँतको नालिबेली, प्रकाशन २०४२

९. प्रपन्नाचार्य, डा. स्वामी, प्राचीन किराँत इतिहास, प्रकाशन २०५१

१०. मेन्याङबो, तुम्याहाङ लक्षमण, लिम्बू मृत संस्कारह, प्रकाशन २०६१

११. यक्खाराई, दुर्गाहाङ, किराँतः हिजो र आज, प्रकाशन २०५५

१२. याक्थुम्बा, मञ्जुल, मौलिक किराँत धर्म-संस्कार, प्रकाशन २०६२

१३. लावती, येहाङ, लिम्बू जातिको संस्कार विधि, तान्छोपा मासिक, वर्ष १२, अंक ९, असोज २०६४

१४. लिङ्देन, कुमार (मिराक), तान्छोपा मासिक, वर्ष १५, अंक ५, २०६७

१५. जिल्ला वस्तुगत विवरण इलाम- २०६३, प्रकाशकः- शाखा तथ्याङ्क कार्यालय, पाँचथर, फिदिम पाँचथर , प्रकाशन २०६३

१६. संकलक- सम्पादक मण्डल, लिम्बू छन्दहरु, प्रकाशन २०५८